# प्रतिनिधिसभा र राष्ट्रिय सभामा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले गर्नुभएका सम्बोधन र सांसदहरूका जिज्ञासाहरूमा दिनुभएको जवाफ

सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा
संघीय संसदको संयुक्त बैठक (२ जेठ २०७७) मा
सम्बोधनका क्रममा प्रस्तुत
नेपाल सरकारको नीति तथा कार्यक्रम सम्बन्धमा

# प्रतिनिधिसभा र राष्ट्रिय सभामा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले गर्नुभएको सम्बोधन र सांसदहरुका जिज्ञासाहरूमा दिनुभएको जवाफ

६ जेठ २०७७



# विषयसूची


१. सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारको नीति तथा कार्यक्रम सम्बन्धमा प्रतिनिधि सभामा गर्नुभएको सम्बोधन (६ जेठ २०७७) ३

सांसदहरूका जिज्ञासाहरूमा दिनुभएको जवाफ ३३

२. सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारको नीति तथा कार्यक्रम सम्बन्धमा राष्ट्रियसभामा गर्नुभएको सम्बोधन (६ जेठ २०७७) ५३

सांसदहरूका जिज्ञासाहरूमा दिनुभएको जवाफ ७१

# १

# सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारको नीति तथा कार्यक्रम सम्बन्धमा प्रतिनिधि सभामा गर्नुभएको सम्बोधन

**६ जेठ २०७७**

**सम्माननीय सभामुख महोदय,**

सम्माननीय राष्ट्रपतिज्यूबाट यस संघीय संसदको संयुक्त बैठकलाई २०७७ साल जेठ २ गते सम्बोधन गरेर सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरिदिनुभएकोमा नेपाल सरकारको तर्फबाट सम्माननीय राष्ट्रपतिज्यूमा हार्दिक धन्यवाद भन्न चाहन्छु।

सम्बोधनमार्फत् आएको सरकारको नीति तथा कार्यक्रममाथि ५ जना माननीयजीहरूले संशोधन राख्नुभएको छ र उहाँहरूलगायत ११२ जना छलफलमा सक्रियता र उत्साहका साथ सहभागी हुनुभएको छ, आ-आफ्ना विचारहरू राख्नुभएको छ र सुझावहरू प्रस्तुत गर्नुभएको छ। यसका निम्ति म सम्पूर्ण माननीयजीहरूमा हार्दिक धन्यवाद भन्न चाहन्छु।

छलफलको क्रममा माननीयजीहरूले उठाउनु भएका प्रश्न, जिज्ञासा अथवा सुझावहरूमा मेरो गम्भीरताका साथ ध्यान गएको छ। ती कुराहरू आगामी दिनमा औचित्य र आवश्यकताका आधारमा के के कुरा सान्दर्भिक हुन सक्छन्, त्यसलाई ध्यानमा राखेर बजेट वा अरु विभिन्न स्थानमा सकारात्मक कुरालाई समावेश गर्ने कुरातर्फ पनि म माननीयजीहरूलाई आश्वस्त पार्न चाहन्छु।



**विश्वमा जब कोभिड-१९ को सुरुवात भयो, यसको सुरुवात हुँदा विश्व त्यससँग सामना गर्न तयार थिएन। हामी मात्र होइन, विश्व नै तयार थिएन। विश्वकै अवस्था त्योसँग लड्न सक्ने खालको थिएन। त्योसँग लड्न सक्ने खालको तयारी विश्वमा नै थिएन।**

**सम्माननीय सभामुख महोदय,**

आज हामी एउटा असहज र असामान्य अवस्थामा छौं। कोभिड-१९ अथवा कोरोना भाइरसको महामारी नेपालमा पनि प्रवेश गरेको छ, नेपालीहरूमा पनि संक्रमण भएको छ। त्यसैकारण नभए पनि अन्य कुराहरूको कम्प्लिकेशन भए पनि नेपालमा २ जनाको निधन भएको छ, म दुःख व्यक्त गर्न चाहन्छु। वास्तवमा नेपालमा कोरोनाको कारणले वा  कोरोना सक्रमित भएको अवस्थामा कसैले पनि ज्यान गुमाउनु नपरोस् भन्ने हाम्रो प्रयास विभिन्न कारणहरूले असफल भएको छ र दुई जनाको निधन भएको छ। यद्यपि कोरोनाभन्दा अरु विरामीको जटिलताले निधन भएको हुनसक्छ। तर विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार जुनसुकै विरामीको निधन भए पनि यदि कोरोना संक्रमित छ भने कोरोनाबाटै निधन भएको मान्नुपर्छ भन्ने कारणले हामीले त्यसैरूपमा लिनुपर्छ। उहाँहरूका शोकसन्तप्त परिवारजनमा म हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु। कोरोनाबाट जो संक्रमित हुनुहुन्छ, अहिलेसम्मको यो संख्या ४ सय ३ हुन सक्ने सम्भावना छ, तर अहिलेसम्म ३७७ जनामा कोरोना संक्रमित भएको निश्चित छ । उहाँहरू सबैको शीघ्र स्वास्थ्य लाभका निम्ति म हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

अरुमा संक्रमण हुन नपाओस्- यसका निम्ति सरकारले उच्च सर्तकता अपनाउने, सकेसम्म बढी परीक्षण गर्ने, बढी भरपर्दो तरिकाले परीक्षण गर्ने

र क्वारेन्टिनको व्यवस्था गर्ने, क्वारेन्टिनलाई अझ प्रभावकारी बनाउने– यी कामहरू हामी गर्दैछौं। र, आइसोलेशनमा राख्नुपर्नेहरूलाई त्यसैगरी व्यवस्थित ढंगले आइसोलेशनमा राख्ने र उपचारको राम्रो प्रबन्ध गर्न सरकारको ध्यान गएको छ। क्वारेन्टिनको साधारण क्षमता ५७,९०४ सिट बराबर अथवा त्यति व्यक्ति राख्न सकिने बनेको छ। तर, सबै ठाउँहरूमा अहिले मानिसहरू नराखिएको हुँदा तिनको पर्याप्त गुणस्तर नभएको देखिन्छ। तीमध्ये ३० हजार सिट अलिक गुणस्तरीय छन्। तिनमा पनि मानिसहरू त्यति ठूलो संख्यामा राखिएका छैनन्। त्यसकारण हामीले क्वारेन्टिनहरूको पनि अलिक अवस्था सुधार गर्नुपर्ने छ र २३ हजारको संख्यामा व्यवस्थित रूपमा राख्न सक्ने अवस्था रहेको छ। अहिलेसम्म ३६ जना संक्रमितहरू निको भएर घर फर्किसकेका छन्।

विश्वमा जब कोभिड–१९ को सुरुवात भयो, सुरुवात हुँदा विश्व त्यससँग सामना गर्न तयार थिएन। हामी मात्र होइन, विश्व नै तयार थिएन। विश्वकै अवस्था त्यससँग लड्न सक्ने खालको थिएन। त्यस्तो अवस्थामा कहाँबाट देखा पर्‍यो भन्ने त विवादकै विषय छ। सामान्यतयाः हामीले वुहानमा फेला पर्‍यो भनेका छौं। ३१ डिसेम्वरमा वुहानमा फेला पर्‍यो। त्यहाँ देखा पर्‍यो र नेपालमा २३ जनवरीमा एकजना विद्यार्थीमा देखा पर्‍यो, जसलाई छिट्टै र सजिलैसँग निको भयो। त्यसपछि अलिक समय कोभिडको विरामी देखा परेनन् र पछि विस्तारै देखा पर्न थाले। अहिलेसम्म पुग्दा ३७७ जनामा देखिएको पुष्टि भएको छ। यो संख्या अझै बढ्न सक्दैन भन्न सकिंदैन। खासगरी यसको स्रोत भनेकै बाहिरबाट आउने व्यक्तिहरू हुन् र अधिकांश बाहिरबाटै आउने व्यक्तिहरूमा देखिएको छ। बाहिरबाट आउनेले नै सार्ने हो। अहिलेसम्म भन्ने हो भने बाहिरबाट आउनेबाट कम्युनिटीमा सरेको बहुतै सानो संख्या, अत्यन्तै अल्पसंख्यामा मात्रै कम्युनिटीमा सरेको देखिन्छ। नत्र भने बाहिरबाटै संक्रमित भएर आउनेको संख्या रहेको छ। अहिले भारतबाट संक्रमित भएर आउनेको संख्या अत्यन्तै ठूलो छ। यस्ता व्यक्तिहरू कोही लुकेर बस्ने, कोही पत्ता लगाउन गाह्रो हुने, कोही खुरुखुरु घर गइदिने, कोही समुदायमा मिसिएर बस्ने जस्ता कारणहरूले यो अवस्था अलिक गम्भीर बन्ने र समुदायमा सर्ने कुराहरू हुन सक्छन्। त्यसप्रति हामीले सजगता अपनाउनु पर्ने छ।



**यससम्बन्धी जानकारहरू, वैज्ञानिकहरू, स्वास्थ्यकर्मीहरू र रिसर्चरहरूले भन्ने गर्छन्- यो छिट्टै समाप्त हुन गाह्रो छ। अहिलेसम्म एउटा मात्र देशले आफूलाई कोरोना मुक्त घोषणा गर्न सकेको छ। हामी पनि कोरोना मुक्त घोषणा गर्ने लक्ष्यका साथ अगाडि बढेका थियौं। तर बाहिरबाट आउने क्रमलाई रोक्न सकिएन।**

हामीकहाँ अहिलेसम्म आइसोलेशनमा राखेर उपचार गर्ने व्यक्तिहरू ३९६ जना रहेका, तीमध्ये ३६ जना निको भएर घर फर्किएका छन्। तर हामीसँग ३,३०७ जनासम्मको आइसोलेशनमा राख्ने क्षमता छ। हालसम्म लगभग आइसोलेशनमा राखिएको संख्याभन्दा अरु ३ हजार संख्या राख्न सकिने अवस्था छ। अहिलेसम्म हामीले १ लाख २ हजार ८३ जनाको परीक्षण गरेका छौं, जसमध्ये ३२ हजारको पीसीआर टेस्ट भएको छ र आरडीटी टेस्ट ६९ हजार ५ सय ६० जनाको गरिएको छ। परीक्षण भएको कूल संख्या १ लाख २ हजार ८३ जना रहेको छ। अहिलेसम्मको संक्रमणको स्थिति ३४ जिल्लामा फैलिएको छ। यसका निम्ति बाहिरबाट आइरहेको चाप, त्यसले पारेको प्रभाव, अझै पनि आउन सक्ने सम्भावना जस्ता कुराहरूलाई ध्यानमा राखेर देशभरी नै वडा वडासम्म क्वारेन्टिन निर्माण गर्ने काम अगाडि बढाइएको छ। अहिलेसम्म हेर्दा वुहानबाट संक्रमित भएर आएको अलिक नरम देखिएको थियो। इटालीबाट आएको पनि नरम देखिएको थियो। दुबईबाट आएको पनि अलिक नरम नै देखिएको थियो। तर, भारतबाट आएको अलिक कडा भाइरस देखिएको छ।

यो कोभिड-१९ विश्वव्यापी समस्या हो। यसले विश्वलाई नै बहुतै आक्रान्त पारेको छ। मैले विहान १० बजेको आँकडा लिँदाखेरि अहिलेसम्म विश्वमा ४८ लाख ९४ हजार २ सय २२ जनामा संक्रमण फैलिइसकेको छ । त्यसमध्ये १९ लाख ८ हजार ६५ जना निको भएर फर्किएका छन् र

अहिलेसम्म जीवन गुमाउनेको संख्या ३ लाख २० हजार १ सय ८१ पुगेको छ। संक्रमितको संख्या अमेरिकामा मात्रै १५ लाख ५० हजार २ सय ९४ जना छ, जसमध्ये ९१ हजार ९ सय ८१ को मृत्यु भइसकेको छ। र, निको भएर फर्किएकाहरू ३ लाख ५६ हजार ३ सय ८३ रहेका छन्। यसरी एउटै देशमा ९१ हजार ९ सय ८१ को संख्यामा निधन हुनु बहुतै दुःखद र भयावह स्थिति हो। रसियामा २ लाख ९० हजार ६ सय ७८ मा फैलिएको छ र २ हजार ७ सय २२ जनाको निधन भएको छ। ७० हजार २ सय ९ जना निको भएर फर्किएका छन्। चीनमा जम्मा ८२ हजार ९ सय ६० जनामा संक्रमित भएको थियो। ४ हजार ६ सय ३४ को निधन भयो र ७८ हजार २ सय ४१ निको भएर फर्किएका थिए। अहिले त्यहाँ उपचार गराइरहेका ९५ जना मात्रै छन्। अरु सबै निको भएर फर्किए। केही केही नयाँ फेला परेका समेत ९५ जना विरामीहरू उपचार गराइराखेका छन्। तीमध्ये १० जनाको अवस्था अलिक गम्भीर छ। अरु ८५ जना सामान्य अवस्थामा छन्।

भारतमा १ लाख १ हजार २ सय ६१ जनामा संक्रमण भइसकेको छ। जसमा ३ हजार १ सय ६४ जनाको निधन भइसकेको छ र ३९ हजार २ सय ३३ जना निको भएर फर्किएका छन्। मैले यहाँ सबै देशको तथ्याङ्क भनेको छैन। मैले केही देशहरूको मात्र तथ्याङ्क भनेको छु। मैले यो तथ्याङ्क किन भनेको भने, यसको अर्थ हो यस भाइरसले विश्वलाई हल्लाएको छ। र, मानव जातिको अस्तित्वमा खतरा पैदा गरेको छ। यससम्बन्धी जानकारहरू, वैज्ञानिकहरू, स्वास्थ्यकर्मीहरू र रिसर्चरहरूले भन्ने गर्छन्- यो छिट्टै समाप्त हुन गाह्रो छ। अहिलेसम्म एउटा मात्र देशले आफूलाई कोरोना मुक्त घोषणा गर्न सकेको छ। हामी पनि कोरोना मुक्त घोषणा गर्ने लक्ष्यका साथ अगाडि बढेका थियौं। तर बाहिरबाट आउने क्रमलाई रोक्न सकिएन। जनताको अलिकति चेतनाको कारणले पनि रोक्न सकिएन। अलिकति जनप्रतिनिधिहरूको दबाबको कारणले पनि रोक्न सकिएन। अलिकति सीमानामा आएर बस्नेहरूको कारणले पनि रोक्न सकिएन। जसले गर्दा हामी भयावह अवस्थातर्फ जानुपर्ने हो कि भन्ने खतरा छँदैछ। तर अहिलेसम्म पनि हाम्रोमा रोक्न नसकिने स्थिति होइन, रोक्न सकिने स्थिति नै हो। हामीले कोबाट सऱ्यो, कहाँबाट सऱ्यो भन्ने कुरा अहिलेसम्म ट्रेसिङ गर्न सकेका छौं। त्यसकारण हामी यसलाई अझै



**हाम्रो सम्पूर्ण प्रयास अहिले यतिबेला कोरोना भाइरस मुक्त देश बनाउनेमा केन्द्रित छ। यतिबेला र यसभन्दा पछि पनि, नीति तथा कार्यक्रममा उल्लेख भएको छ, हाम्रो प्रयास, स्वास्थ्यसम्बन्धी हाम्रो नीतिको केन्द्रबिन्दु स्वस्थ नागरिक र निरोगी नेपाल बनाउनु हाम्रो मूल ध्येय हो।**

पनि नियन्त्रण गर्न सक्दछौं। तर, हामीले यसमा ध्यान दिनु, गम्भीरतापूर्वक ध्यान दिनु र रोक्नु पर्ने यस प्रयासमा सिंगो राष्ट्र एकजुट हुनु आवश्यक छ। हामीले दुनियाँको अवस्था हेर्‍यौं भने, जजसले लकडाउनको परिपालना गरे तिनीहरूले तुरुन्तै रोक्न सके। जसले लकडाउनको अर्थ बुझेनन्, महत्व बुझेनन् अर्थात् त्यसको पालना गरेनन्, ती ठाउँहरूमा बहुतै गम्भीर समस्या पर्दै गयो।

हाम्रोमा पनि सुरुदेखि नै, जब देखा पर्‍यो, त्यसबेला देखि नै चीनबाट विद्यार्थी ल्याउँदा, वुहानमा देखा पर्दा हामीले यहाँ आफ्नो तयारी गर्‍यौं। चीनबाट विद्यार्थी ल्याउँदा पनि हामीले यहाँ राम्रो क्वारेन्टिनको व्यवस्था गर्‍यौं। बस्ने विद्यार्थीहरू, डाक्टरहरू र एयरहोस्टेजहरू सबैले हाम्रो प्रशंसा गरे। क्वारेन्टिनको हामीले महत्व बुझ्यौं र क्वारेन्टिनमा बस्ने र जब नेपालमा प्रवेश गर्‍यो भनेपछि हामीले लकडाउनको बाटो अपनायौं। अलिकति संख्या हुने बित्तिक्कै, दुईचार संख्या हुने बित्तिक्कै, दुईतीन जनामा देखा पर्ने बित्तिक्कै हामीले लकडाउन सुरु गर्‍यौं। त्यसले गर्दा लामो समय फैलिन पाएन। पछि विस्तारै फैलिंदै गयो। नेपाली जनताले यसमा आम रूपमा धैर्यता देखाए। केहीकेहीले यसभित्र पनि राजनीति गर्न खोज्ने, यसभित्रै खेलेर अस्थिरता पैदा गर्न खोज्ने अथवा सरकारको असफलता देखाउन खोज्ने, त्यसमा रुचि राख्ने, कोरोनाको नियन्त्रण भन्दा पनि सरकारको असफलतापट्टि रुचि राख्नेजस्ता क्रियाकलापहरू समेत

गरे। त्यस प्रकारका प्रतिक्रियालाई छोडेर आमजनतालाई भन्ने हो भने हामीले व्यापक समर्थन प्राप्त गर्‍यौं। र, सफलताका साथ अगाडि बढ्यौं। म फेरि पनि भन्न चाहन्छु, हाम्रो नीति तथा कार्यक्रममा कोरोनालाई महत्व दिएका छौं। यसलाई नियन्त्रण गर्ने र निमूर्लन गर्ने, कोरोनामुक्त नेपाल निर्माण गर्ने हाम्रो पहिलो प्राथमिकता निर्धारण भएको छ।

**सभामुख महोदय,**

*(मलाई स्वास्थ्यको कारणले उभिएर बोल्न अलिक गाह्रो भयो। सम्माननीय सभामुख महोदयलाई बीचमा अलिकति इन्टरप्ट गर्नु परेकोमा क्षमाप्रार्थी छु। मेरो अपरेशनको कारणले खुट्टामा समस्या भएकोले उभिन गाह्रो परेको हो।)*

हाम्रो सम्पूर्ण प्रयास अहिले यतिबेला कोरोना भाइरस मुक्त देश बनाउनेमा केन्द्रित छ। यतिबेला र यसभन्दा पछि पनि, नीति तथा कार्यक्रममा उल्लेख भएको छ, हाम्रो प्रयास, स्वास्थ्यसम्बन्धी हाम्रो नीतिको केन्द्रबिन्दु स्वस्थ नागरिक र निरोगी नेपाल बनाउनु हाम्रो मूल ध्येय हो। रोग प्रतिरोधी क्षमताको विकास, निरोगी व्यक्तिहरूको निर्माणमा हाम्रो प्रयाश केन्द्रित रहेको छ। कोरोनाको सम्बन्धमा अहिलेसम्म खास भन्ने हो भने प्रतिरोध र प्रतिरोधात्मक क्षमता नै यसको उपचार हो। यसको अरु औषधि बनेको छैन। भाइरस मर्दैन र मार्न सकिंदैन। तसर्थः भाइरसका विरुद्ध प्रतिरोधी क्षमताको विकास गरेर त्यसलाई प्रवेश नै गर्न नदिने हो। निरोगी मान्छेमा र बलियो प्रतिरोधी क्षमता *(इम्युन सिस्टम)* भएको मान्छेमा प्रवेश गर्न त्यसलाई कठिन हुन्छ। कथंकदाचित प्रवेश गर्‍यो भने पनि त्यो फैलिन कठिन हुन्छ र हटेर जानु पर्ने बाध्यता हुन्छ। त्यसकारण हामीले स्वास्थ्य क्षेत्रमा निरोगी नेपालको अवधारणा अघि सारेका छौं। यसको अर्थ निरोगी नेपाल भनेर त्यसमा मात्रै ध्यान दिने होइन। फेरि उपचारात्मक विधि, परीक्षण, क्वारेन्टिन र आइसोलेशन आदि जति पनि आवश्यक पूर्वाधार तयार गरिराखेका छौं, ती विधिहरू र स्वास्थ्य उपचारका निम्ति आवश्यक स्वास्थ्य सहयोगको क्रमलाई जारी राख्नुपर्दछ। यसको औषधि नभएको हुनाले एक ढंगले यसलाई स्वास्थ्य सहयोग नै भनेमात्र पनि पुग्छ जस्तो



**अहिले अर्थतन्त्रमा यसले पारेको प्रभावका हिसाबले उत्पादनमा ह्रास आएको छ, भन्सार कम उठेको छ, राजश्व कम उठेको छ, *रेमिट्यान्स* छँदैछैन। यसले अर्थतन्त्रमा बहुतै गम्भीर नकारात्मक प्रभाव पारेको छ। यसो भनेर हामी एकदमै निराश र हतोत्साहित भएर केही पनि नगरिकन बस्न सक्दैनौं।**

लाग्छ। हस्पिटलले पनि बाँच्नको लागि प्रतिरोधी क्षमता बृद्धि गर्ने वा स्वस्थ रहनका लागि मद्दत गर्ने, कोरोना फैलिन नपाओस् भन्ने कुरामा ध्यान दिने, अरुमा सर्न नपाओस् भन्ने कुरामा ध्यान दिने र यिनै कुराहरूमा हामीले पनि ध्यान दिएका छौं। यसको नियन्त्रणपछि स्वास्थ्य क्षेत्रमा नेपाल एक तह माथि उठेको हुनेछ।

हामीलाई कोरोनाले बहुतै महंगो, तर मूल्यवान शिक्षा दिएको छ। महंगो त पऱ्यो, अहिलेसम्म यसमा हामीले धेरै खर्च गरेका छौं। फेरि पनि हामीले धेरै खर्च गर्नुपर्ने अवस्था आउँदै छ। यससँगै कैयन् अरु पक्षहरू पनि छन्। सँगसँगै अर्थतन्त्रमा पारेको प्रभाव पनि रहेको छ। माननीयजीहरूले कोरोना छँदैछैन कि जस्तोगरी प्रश्न उठाउनु भएको छ। अर्थतन्त्रका कुराहरू र विकास निर्माणका कुराहरू अथवा पूर्वाधार विकासका कुराहरू अथवा स्वास्थ्य लगायत, शिक्षा वा अरु विविध क्षेत्रका कुराहरू यी सबैमा कोरोना नै छैन जस्तो गरेर अथवा कोरोनामै केन्द्रित हुनुपर्ने, अरु कुरा पनि सरकारले ल्यायो भन्ने ढंगले पनि माननीयजीहरूले कुरा राख्नु भएको छ । म के स्पष्ट पार्न चाहन्छु भने, कोरोना आजको एउटा बहुतै तीतो यथार्थ हो, यसले हामीलाई अत्यन्तै गम्भीर बनाएको छ। यसको सामना त गर्नैछ। म विश्वास व्यक्त गर्न चाहन्छु, मानव जातिले कोरोनालाई पराजित गर्नेछ, हामीले मानव जातिको विजय हासिल गरी कोरोनामुक्त नेपाल र कोरोनामुक्त विश्व निर्माण गर्नेछौं। यद्यपि कोरोनाको प्रवृत्ति र मानवीय

प्रवृत्ति दुईवटैको विश्लेषण गरेर यो निकट भविष्यमै समाप्त भइहाल्ने स्थिति छैन भन्ने वैज्ञानिकहरूको भनाइ छ। कोरोनाको प्रवृत्ति त कोरोनाले बदल्छ कि बदल्दैन ? त्यो उसको कुरा भयो, तर हामी हाम्रा प्रवृत्तिहरू, हाम्रा आनीबानीहरू र हाम्रा तरिकाहरू बदल्न सक्छौं। थुप्रै कुरा हामीले बदलेका पनि छौं। र, अझै पनि हामीले यी कुराहरूलाई बदल्नु पर्छ। हाम्रा आनीबानीहरूलाई, हाम्रो खानपान, खानेपिउने व्यवस्था जस्तो गर्ने गरेका छौं, जसरी गर्ने गरेका छौं, त्यसमा समयानुकूल र आवश्यकताअनुसार वैज्ञानिक ढंगका तरिकाहरू अपनाउने र परिवर्तन ल्याउने कामहरू गर्नु पर्दछ।

अहिले अर्थतन्त्रमा यसले पारेको प्रभावका हिसाबले उत्पादनमा ह्रास आएको छ, भन्सार कम उठेको छ, राजश्व कम उठेको छ, *रेमिट्यान्स* छँदैछैन। यसले अर्थतन्त्रमा बहुतै गम्भीर नकारात्मक प्रभाव पारेको छ। यसो भनेर हामी एकदमै निराश र हतोत्साहित भएर केही पनि नगरिकन बस्न सक्दैनौं। फेरि पनि हामीले जीवन चलाउनु पर्छ। फेरि पनि समाज चल्नु पर्छ। त्यसकारण कोरोनासँग सतर्क हुँदै, कोरोनासँग लड्दै, कोरोनालाई प्रवेश गर्न नदिँदै र कोरोनालाई निको पार्दै हामीले सामाजिक जीवनलाई अघि बढाउनु पर्छ। यो अझ लामो समय चल्छ भने त हामीले झन् गम्भीरताका साथ सोच्नु पर्छ। लामो समय चल्छ भने हामीले लामो समय समाज कसरी सँगसँगै चलाउने, समाजको आर्थिक क्रियाकलाप, बाँच्नका लागि चाहिने आर्थिक क्रियाकलाप कसरी सँगसँगै चलाउने भन्नेतिर ध्यान दिनुपर्छ। त्यस निम्ति हामीले हाम्रो अर्थतन्त्रलाई आत्मनिर्भर अर्थतन्त्रका रूपमा विकास गर्ने कुरामा ध्यान दिनुपर्ने छ। हाम्रो उत्पादनले हामीलाई पुग्ने स्थिति बनोस्। हामीले थाहा पाउनु पर्दछ कि विश्वका दातृ राष्ट्रहरू र संघसंस्थाहरू पनि यही स्थिति रहिरहने हो भने दिइरहन सक्ने अवस्थामा हुँदैनन्। विश्वका १८ वटा देशहरूबाहेक अरु धेरै देशहरूको उत्पादन बृद्धि ऋणात्मक भएको छ। उत्पादन बृद्धि हुने होइन, घटेको छ, ऋणात्मक भएको छ। यस स्थितिले अर्थात् कोरोनाले अर्थतन्त्रमा पार्ने प्रभावले करोडौं मानिसहरू र जनसंख्याको ठूलो हिस्सा अथवा उल्लेख्य प्रतिशत भनौं वेरोजगार *(जबलेस)* हुने स्थिति, रोजगारीबाट बञ्चित हुने स्थिति र आम्दानीबाट बञ्चित हुने स्थिति रहेको छ, यी सबै पक्षहरू गम्भीर



**हामीले हाम्रो कृषि क्षेत्रमा र अरु क्षेत्रमा उत्पादन कसरी बढाउने, उपभोग्य वस्तुहरूको उपलब्धता कसरी बढी गराउने भन्ने तयारी गर्नुछ। कमसेकम हामीलाई बाँच्नका लागि दाल, चामल, तरकारी, नुनजस्ता कुराहरू अनिवार्य चाहिन्छन्।**

छन्। त्यसो भएपछि हामीले हाम्रो कृषि क्षेत्रमा र अरु क्षेत्रमा  उत्पादन कसरी बढाउने, उपभोग्य वस्तुहरूको उपलब्धता कसरी बढी गराउने भन्ने तयारी गर्नुछ। कमसेकम हामीलाई बाँच्नका लागि दाल, चामल, तरकारी, नुनजस्ता कुराहरू अनिवार्य चाहिन्छन्। तिनै न्यूनतम् कुराहरू पनि भोलि कसरी उपलब्ध गराउने भन्ने कुरातर्फ हामी गम्भीर हुनु जरुरी छ। खाद्य पदार्थ जुनसुकै होस्, तर त्यो बाँच्नका लागि खानु पर्ने र त्यसमा कतिपय खानेकुराका कम्पोनेन्टहरू अनिवार्य हुनुपर्ने स्थितिलाई ध्यानमा राखेर नै हामी आफ्ना आर्थिक क्रियाकलापहरू सञ्चालन गर्न ध्यान दिनुपर्छ, जसबाट सामाजिक जीवन चल्न सक्दछ। त्यसैअनुसार नीति तथा कार्यक्रममा अहिले थुप्रै कुराहरू उल्लेख भएका छन्।

कतिपय साथीहरूले प्याकेजका कुरा गर्नुभएको छ। प्याकेज देखाउने कुरा होइन। यो रहरको विषय पनि होइन। प्याकेज, हामी जहाँ छौं, जस्तो अवस्थामा छौं, जता जाँदै छौ, त्यसअन्तर्गत अर्थतन्त्रको सम्बन्धमा, आर्थिक हिसाबले गर्नुपर्ने कामको सन्दर्भमा, त्यस हिसाबले गर्नुपर्ने हाम्रा नीतिहरू र हाम्रा व्यवहारहरू निर्देशित हुनु पर्दछ। त्यसकारण हामी जनतासँग कुनै प्रकारको छलछामको व्यवहार गर्न सक्दैनौं। भन्ने एउटा, देखाउने एउटा र गर्ने अर्को त्यस्तो गर्नु हुँदैन, गर्न सक्दैनौं। हामीले यथार्थ चित्रण जनताका सामु राख्नु पर्दछ। र, प्याकेज प्रस्तुत गर्दा राम्रो हिसाबकिताबका साथ प्याकेज प्रस्तुत गर्नु पर्दछ। जो सस्टेनेबल हुन पनि सकोस्, जो राज्यले

धान्नसक्ने पनि हुन सकोस्, जो स्रोतआधारित हुन सकोस्- ती कामहरू हामीले गर्नुपर्दछ। त्यसकारण हामीले भनेका छौं, जो बेरोजगार भएका छन्, जसको आम्दानी, रोजगारी गुमेका कारणले समस्या भएको छ, त्यस्ता मानिसहरूलाई सम्भव हुन्छ भने सम्भव हुनेसम्म रोजगारीका अवसरहरू उपलब्ध गराउनु पर्छ। रोजगारीका अवसर उपलब्ध गराउने, उसको कामबाट आम्दानी सुनिश्चित गर्ने बाटो सबैभन्दा दीगो बाटो हो। समाज चलाउन, निजको जीवन, निजका परिवार चलाउन र देशको अर्थतन्त्रलाई कमजोर हुन नदिनका निम्ति पनि यो आवश्यक छ। त्यसकारण हामी यस बाटोमा नै जान खोजिराखेका छौं।

गरिबलाई, जसको केही छैन वा सहारा छैन, अथवा कुनै बालकलाई हेरविचार गर्ने कुनै अभिभावक छैन, अथवा शारीरिक रूपले अशक्त अपाङ्ग छ वा सुस्त मनस्थितिमा छ, काम गर्न पनि सक्दैन, त्यस्तो मानिसबाट हामीले श्रमको अपेक्षा गर्न सक्दैनौं। श्रमको अपेक्षा गर्न सक्दैनौं भने उनीहरूको जिम्मा सरकारले बिनाशर्त लिनुपर्ने हुन्छ। यसका निम्ति सरकारले सोचेको छ। म साथीहरूलाई, माननीयजीहरूलाई आग्रह गर्न चाहन्छु, हामीले यी सबै कुराहरूको प्रबन्ध गरिराखेका छौं। र, आगामी दिनमा हामी छिट्टै नै यस्ता प्रबन्धहरूमा अगाडि बढ्ने छौं।

म लोकतन्त्रको सम्बन्धमा अलिकति भन्न चाहन्छु। लोकतन्त्रको सम्बन्धमा चर्चा गर्दा हामीले सात दशकभन्दा लामो समयदेखि संघर्ष गरेर यो लोकतन्त्र ल्यायौं। तमाम उपलब्धिहरूको निष्कर्षका रूपमा हामीले संविधान ल्यायौं। संविधान कार्यान्वयन गर्न निर्वाचन गरायौं। संघीय संरचनाहरू बनायौं, स्थानीय तहहरू बनायौं। संविधानबमोजिम नयाँ कानूनहरूको निर्माण अथवा पुराना कानूनहरूको संशोधन गर्‍यौं। हामीले राजनीतिक संरचना मात्रै बनाएनौं। त्यसका निम्ति भौतिक संरचनाहरू पनि निर्माण गर्‍यौं र संघीयतालाई संस्थागत गर्ने बाटो बनायौं। अहिलेको यो स्थिति ज्यादै कष्टप्रद, लामो र बलिदानीपूर्ण संर्घषको उपज हो। र, यस स्थितिमा देशलाई ल्याई पुर्‍याउन जीवन बलिदान गर्ने सहिदहरूप्रति म श्रद्धासुमन अर्पण गर्न चाहन्छु। घाइतेहरूको उपचारको प्रबन्ध सरकारले मिलाउने छ,



**मान्छेका छोराछोरी सडक बालबालिका भएर, बेवारिसे भएर, अभिभावकबिहीन भएर हिंडेको छ, तर राज्य उसको अभिभावक होइन र केही गर्दैन! त्यस्तो अवस्थामा हामी लोकतन्त्रका कुरा गर्छौं भने त्यो लोकतन्त्र कस्तो हुन्छ ?**

यो कुरा नीति तथा कार्यक्रमले बोलेको छ। यसभन्दा अगाडि पनि मैले समय समयमा यो कुरा बोलेको छु।

म माननीयजीहरूसँग आग्रह गर्न चाहन्छु, जुनसुकै आन्दोलन होस्, ती आन्दोलनहरूमा जो राष्ट्रियताका लागि, लोकतन्त्रका लागि, तानाशाहीको विरुद्ध अथवा जनजीविकाका संघर्षहरूमा, अधिकार प्राप्तिका लडाइँहरूमा घाइते भएकाहरूको उपचार भएको छैन भने, यदि त्यस्ता घाइतेहरू छन्, विरामीहरू छन् र थप उपचार आवश्यक छ भने जिल्ला प्रशासन कार्यालयमार्फत् जानकारी गराउन म सबैमा आग्रह गर्दछु। त्यसरी सम्पर्कमा आएका घाइतेहरूलाई सरकारबाट उपचारको व्यवस्था हुन्छ भन्ने कुरा अवगत गराइदिन पनि म माननीयजीहरूमा आग्रह गर्न चाहन्छु। उहाँहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु। जसले त्याग गर्नुभएको छ, बलिदान गर्नुभएको छ, दुःखकष्ट उठाउनु भएको छ, त्यसका निम्ति म उहाँहरूको कष्टमा वेदना सेयर गर्न चाहन्छु। र, उहाँहरूको सम्बन्धमा केही गर्नु पर्छ भने सरकार तयार रहन्छ भन्ने जानकारी गराउँछु।

**सभामुख महोदय,**

यतिबेला हामी कोरोनाका विरुद्ध लड्दै छौं र कोरोनाका विरुद्ध सबै शक्ति केन्द्रित गरिराखेका छौं। तर यसको अर्थ हामी केही पनि गर्दैनौं भन्ने होइन, हामी अरु पनि काम गर्छौं। हाम्रो सामर्थ्य कोरोनाले गर्दा अलिकति घटेको

छ। उत्पादन घटेको छ। आम्दानी घटेको छ। आवश्यकताहरू बढेका छन्, यो स्वभाविक हो। यस यथार्थमा उभिएर नै हामीले कामहरू अगाडि बढाउने हो। चाहे सामाजिक उत्तरदायित्वका काम होउन् वा विकास निर्माणका काम होउन्। हाम्रो यथार्थ परिस्थितिअनुसार नै हामी यी दुईवटै काम, सामाजिक उत्तरदायित्वका काम र विकास निर्माणका काम गर्नेछौं। कतिपय माननीयजीहरूले अलिकति लोकतन्त्र, लोकतन्त्रको चरित्र के हो भन्न खोजेको पाएँ, त्यस्तो प्रश्न गरेको सुनें। पूर्ण लोकतन्त्र, परिपूर्ण लोकतन्त्र भनेको छ, समाजवादउन्मुख भनेको छ, यो के हो बुझिएन भन्ने खालको पनि कुरा गर्नुभएको छ। यो एकदमै स्पष्ट छ, हामीले चल्ते चलाते लोकतन्त्र भनेका होइनौं। यहाँ हामीले पोलिटिकल फ्रिडम भएपछि पुग्यो अथवा जनताको समग्र जीवनसँग सम्बन्धित नरहेको, स्वतन्त्रताका हकहरूसँग मात्रै सम्बन्धित रहेको त्यस्तो मात्रै लोकतन्त्रको कुरा गरेको होइन। हामीले जनताको जीवनसँग समग्र रूपमा र सम्पूर्ण पक्षहरूमा सम्बन्धित रहेको लोकतन्त्रको कुरा गरेका हौं। हामीले बोल्ने वा सम्पत्ति माथिको अधिकार वा राजनीतिक हक अधिकार, पार्टी खोल्ने अधिकार, चुनाव लड्न पाउने अधिकार, पक्ष प्रतिपक्ष हुन पाउने अधिकार मात्रै खोजेका होइनौं। हामीले पूर्ण प्रेस स्वतन्त्रता, पूर्णमा पनि प्लस पूर्ण प्रेस स्वतन्त्रता भए पुग्छ मात्र भन्न खोजेका होइनौं। जीवनका समग्र पक्षहरूमा सकारात्मक प्रभाव ल्याउने जनताको लोकतन्त्र खोजेका हौं। संभ्रान्त लोकतन्त्र होइन।

मानिसका छोराछोरीहरू सडकमा बेसाहारा भएर जीवन जिउनका लागि कुकुरसँग लडाइँ गरेर फोहोरको डङ्गुरमा खाना खोजेर खानुपर्ने, सडक बालबालिका भएर कुद्नुपर्ने, प्रशस्त वाक्स्वतन्त्रता हुने डेमोक्रेसीको वास्तविक अर्थमा कति महत्व हुन्छ ? मान्छेका छोराछोरी सडक बालबालिका भएर, बेवारिसे भएर, अभिभावकबिहीन भएर हिंडेको छ, तर राज्य उसको अभिभावक होइन र केही गर्दैन! त्यस्तो अवस्थामा हामी लोकतन्त्रका कुरा गर्छौं भने त्यो लोकतन्त्र कस्तो हुन्छ ? बूढाबूढीहरू सडकमा अलपत्र परेका छन्, जीउभरि घाउ भएको छ, अनि घाउ नै घाउ भएर बेसाहारा, बेहाल भई सडकको पेटीमा पसारिएका छन्, झिंगा भन्किएका छन्, कागले आएर ठुंगिराखेको छ। हाम्रा कतिपय अग्रजहरू, हाम्रा ज्येष्ठ नागरिकहरूको



**मानव जीवनका सम्पूर्ण पक्षहरूलाई ध्यान दिने, लोककल्याणकारी राज्यको अवधारणाअनुसार सामाजिक न्याय र समानता सहितको, उपलब्धिहरूमा सबैको हिस्सा र पहुँच भएको त्यस्तो लोकतन्त्रलाई नै परिपूर्ण लोकतन्त्र भनिएको हो।**

अवस्था त्यस्तो थियो! कोही अलिक मानसिक सन्तुलन गुमेपछि अलपत्र परी सडकमा फालिएको छ। त्यस्तो अवस्थामा हामी *डेमोक्रेसी* भनिरहन्छौं! मानव अधिकारको कुरा गरिरहन्छौं! मान्छे बाँच्नका लागि तड्पिएर टोकरी लिएर भिखमंगा भएर सडकमा हिडिराखेको छ। हामी हेरिरहन्छौं र लोकतन्त्रका गफ मात्रै गर्छौं भने त्यस्तो लोकतन्त्र के हुन्छ ? अहिलेको सरकार बनेको दुई वर्षभित्र देशलाई सडक बालबालिकामुक्त गरेको छ। मानव अधिकारको जगदेखि मान्छे हुनुको महत्ताअनुरूप यो काम गरेको छ। सरकारको जिम्मेवारीको जगदेखि हामीले काम थालेका छौं, टुप्पो टुप्पोमा मात्रै होइन। सतही वा देखावटी *(सरफेसियल)* रूपमा मात्रै *डेमोक्रेसी* होइन। त्यसकारण हामीले भनेका हौं, परिपूर्ण *डेमोक्रेसी (कम्प्रिह्यान्सिभ डेमोक्रेसी)*। हामीले सम्पूर्ण क्षेत्र समेटेको *डेमोक्रेसी* अर्थात् पूर्ण लोकतन्त्र भनेका हौं।

मैले भन्ने गरेको छु, जुन लोकतन्त्रले प्रतिव्यक्ति आय *(परक्यापिटा इनकम)* वा कूल गार्हस्थ उत्पादन *(जीडीपी)* नापेर हामी यहाँ पुगेका छौं भन्छ, तर कैयौं बालबालिकाहरू सडकमा कुकुरसँग लडाइँ गरेर खानेकुरा खोजेर बाँच्ने कोसिस गरिराखेका छन् भने त्यस्तो *डेमोक्रेसी*ले जनताको जीवनमा केही दिंदैन। हामी *जीडीपी* र परक्यापिटा इनकमका मात्र कुरा गर्छौं। त्यसकारण हामीले भनेको त्यस्तो चल्ते चलातेको *डेमोक्रेसी* होइन। *डेमोक्रेसी* उहिले अब्राहम लिंकनले भनेका थिए, *अफ द पिपुल, बाइ द पिपुल, फर द*

*पिपुल*। तर यतिका वर्ष बितिसक्दा पनि माग्नेहरू सडकमै हिडिराखेका छन्, समृद्धिको गानबखान भइराखेको हुन्छ। हजार पटक विश्व विनाश गर्न सक्ने हतियार निर्माण भएका हुन्छन्, तर एउटा मानिसको सन्तान माग्ने भएर हिंडिराखेको हुन्छ! सडक बालबालिका *(स्ट्रिट चिल्ड्रेन)* का रूपमा, *स्ट्रिट चाइल्ड्*का रूपमा हिडिराखेको हुन्छ। म ठान्दछु त्यस्तो सरकार हरूले लज्जाबोध गर्नु पर्दछ। त्यसकारण माननीयजीहरूले यो लोकतन्त्रको परिभाषा बुझिएन भन्नुभयो। मानव जीवनका सम्पूर्ण पक्षहरूलाई ध्यान दिने, लोककल्याणकारी राज्यको अवधारणाअनुसार सामाजिक न्याय र समानता सहितको, उपलब्धिहरूमा सबैको हिस्सा र पहुँच भएको त्यस्तो लोकतन्त्रलाई नै परिपूर्ण लोकतन्त्र भनिएको हो।

यसको भौतिक पक्ष मात्रै होइन, यसका अरु पक्षहरू र सामाजिक सुप्रबन्धका पक्षहरू पनि छन्। ती सबै पक्षहरू भएको लोकतन्त्र भनिएको हो। यसैकारण हामीले समृद्ध नेपालको मात्रै परिभाषा दिएनौं। हाम्रो राष्ट्रिय आकांक्षा समृद्ध नेपाल मात्रै होइन, सुखी नेपाली पनि हो।

हजारौं वर्ष अगाडिदेखि हाम्रा पूर्वजहरूले सुखी नेपाल, सुखी संसार, सुखी मानव जातिको कल्पना गरे र सर्वे भवन्तु सुखीनः भने। मान्छेको अन्तिम इच्छा, मान्छेका सम्पूर्ण चेष्टाहरू, प्रयासहरू, गतिविधिहरू, क्रियाकलापहरू यी सबैको निष्कर्ष के हो भने *दे वान्ट ह्याप्पिनेस,* अर्थात् तिनीहरू सुख चाहन्छन्। *ह्याप्पिनेस*का दुईवटा अर्थ हुन्छन्; एउटा सुख र अर्को खुशी। सुख दीर्घकालीन कुरा हो, खुसी अल्पकालीन कुरा हो। हामीले खुशी भनेको होइन, सुखी भनेको हो। *प्रस्परस नेपाल, ह्याप्पी नेपाली*को अर्थ समृद्ध नेपाल, खुशी नेपालीभन्दा सुखी नेपाली भनेको हो। सुख भनेको परमानेन्ट कुरा हो, खुशी भनेको तत्काल खुशी लाग्न सक्छ, तत्काल हट्न पनि सक्छ। मान्छे खुशी हुन सक्छ, नाखुस हुन पनि सक्छ। एकछिनमा खुशी आउन सक्छ, खुशी जान पनि सक्छ। तर, सुख भनेको त्यस्तो कुरा होइन। सुख भनेको समग्र परिवेश हो। हामीले भनेको डेमोक्रेसी सुखसहितको हो। सुखसहितको भनेको लोकतान्त्रिक प्रणाली, लोकतान्त्रिक हकअधिकार र स्वतन्त्रताका हकअधिकारसहितको लोकतन्त्र हो। त्यसैगरी अधिकार र अवसरसम्म हरेक व्यक्तिको पहुँच हुन



**साँचो लोकतन्त्रमा निर्भय जीवन बाँच्न पाउने वा भयरहित जीवन बाँच्न पाउनुपर्दछ। कसैले कतैबाट जीउधन, अधिकार र अवसर खोस्छ, मानसम्मान खोस्छ भन्नेखालको भय र त्रासबाट मुक्त भएको सामाजिक प्रबन्ध हुनुपर्छ।**

सकोस्। हरेक मान्छे अधिकार र अवसरसम्म पुग्न सकोस्। त्यसका निम्ति सैद्धान्तिक रूपमा अवसर उपलब्ध हुने, व्यवहारिक रूपमा अवसरसम्म पुग्न, छुन, र देख्न नपाइने अवस्था हुनुहुँदैन। छुन देख्न मात्र होइन, उपभोग गर्न पाइनेगरी अवसर उपलब्ध हुनुपर्छ। समानता प्राप्त हुनुपर्छ। उपलब्धिहरूमा हिस्सेदारी हुनुपर्छ।

जैविक प्रवृत्तिको पहिलो कुरा हो–बाँच्नु। कुनै जंगली जनावरलाई तपाईंले खानेकुरा दिनुभयो भने, कागलाई खानेकुरा दिनुभयो भने पहिले सुरक्षित छ कि छैन भन्ने विचार गर्छ, अनि मात्रै खान्छ। किनभने सुरक्षित छैन भने भोक लागेको भए पनि उसले खाँदैन, त्यहाँबाट भाग्छ। बाँचियो भने त पछि खाँउला भन्ने हुन्छ। *लाइफ इज फस्ट,* अर्थात् जीवनको सुरक्षा पहिलो कुरा हो। सुरक्षित रहनु पहिलो कुरा हो भन्ने हुन्छ। तसर्थ निर्भयताका साथ जीवनयापन गर्ने र समाजमा बाँच्न पाउने अवस्था हुनुपर्दछ। साँचो लोकतन्त्रमा निर्भय जीवन बाँच्न पाउने वा भयरहित जीवन बाँच्न पाउनुपर्दछ। कसैले कतैबाट जिउधन, अधिकार र अवसर खोस्छ, मानसम्मान खोस्छ भन्नेखालको भय र त्रासबाट मुक्त भएको सामाजिक प्रबन्ध हुनुपर्छ।

मानव सचेत प्राणी हो। त्यसकारण उसले सम्मानित जीवन बाँच्न खोज्छ र सम्मानित जीविन बाँच्न पाउनु पर्छ। यो समग्रतालाई नै समेटेर

समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा भनिएको हो। हामीले खोजेको समाजवादउन्मुख लोकतन्त्र, समाजवादतर्फ उन्मुख भनिएको त्यही हो। यसमा द्विविधा हुनुपर्ने कारण छैन। थियो भने पनि अब द्विविधा नराख्न म माननीयजीहरूमा आग्रह गर्न चाहन्छु। साथीहरूलाई आग्रह गर्न चाहन्छु, यस्तो द्विविधा राखिरहनुपर्ने कुनै आवश्यकता छैन। हामी सामाजिक न्याय, समानतासहितको एउटा सुन्दर, शान्त, समृद्ध र भयरहित वातावरणको, सबैका हकअधिकार, अवसर उपलब्ध भएको त्यस्तो सुन्दर समाजको परिकल्पनातर्फ अगाडि जाँदैछौं। हामी अराजकतापूर्ण राज्य *(एनार्किज्म/स्टेटलेस)* को कुरा गरिराखेका छैनौं। राज्यको महत्व यस पटकको कोरोनाले पनि फेरि एकपटक हामी सबैलाई देखाइदिएको छ। बीचमा एकपटक राज्य एउटा समन्वयकारी निकाय मात्र हो, राज्यको खास भूमिका छैन भन्ने पनि देखिएको थियो। एक समय राज्यलाई कमजोर गर्दै निजी क्षेत्र बढाउँदै लानु पर्छ भन्नेखालको प्रयाश निकै चल्यो। पश्चिमा मुलुकहरूले त्यसलाई *ड्राइभ* गरे। त्यस कुराले फेल खाइसक्यो। अहिले फेरि राज्यको अर्थ र महत्व देखियो। तर त्यो शासक राज्य होइन, सेवक राज्य हुनुपर्दछ। त्यो राज्य एउटा वर्ग विशेषको, बलियाको मात्रै राज्य हुनुहुँदैन, सबैको राज्य हुनुपर्दछ। त्यसैअनुसारको लोकतन्त्रको कुरा गरिएको भन्ने नबुझ्नु पर्ने त्यस्तो जटिलता नीति तथा कार्यक्रममा के छ र ? यदि कसैको सैद्धान्तिक आग्रह फरक छ भने त्यो बेग्लै कुरा भयो। सैद्धान्तिक आग्रहले मान्न नसकिने हो भने त्यो बेग्लै कुरा हो। कोही पछाडि पर्नु हुन्न। पछाडि परेकालाई अगाडि ल्याउनु पर्छ। हाम्रो *फोकस* त्यहाँबाटै सुरु हुन्छ। मैले भनेँ, *परक्यापिटा इनकम*बाट होइन, *ह्याप्पिनेस इन्डेक्स, डेभलपमेन्ट इन्डेक्स* तथा समग्र मानवीय आवश्यकता, आकांक्षाहरूको मूल्य र मानकमा यसलाई हेरिनु पर्छ। आज दुनियाँ त्यस दिशातर्फ विकास र अग्रसर हुँदैछ। सानो देश भए पनि अवधारणगत हिसाबले, वैचारिक हिसाबले र सैद्धान्तिक हिसाबले यी कुराहरूलाई हामीले *लिड* गरिराखेका छौं। यसमा चिन्तित हुनुपर्ने होइन, खुशी हुनुपर्ने अवस्था छ।

नेपालको नयाँ नक्सा प्रकाशित गरेको, लिम्पियाधुरा, लिपुलेक र कालापानीको सम्बन्धमा आवाज उठाएको आदि प्रश्नहरूको प्रसंगमा हो वा अरु कुनै प्रसंगमा हो, तथाकथित राष्ट्रवाद भनेर नामाकरण गरेको,



**मैले पहिलेदेखि नै भन्दै आएको छु, कुनै देशको भूगोल ठूलो वा सानो हुन सक्छ, जनसंख्या ठूलो वा सानो हुन सक्छ, विकासमा अगाडि वा पछाडि हुन सक्छ, तर राष्ट्रियता सानो वा ठूलो हुँदैन। सबै राष्ट्रहरूले बराबरीको हैसियत राख्छन्।**

विशेषण दिइएको पनि मैले सुनें। म साथीहरूलाई आग्रह गर्न चाहन्छु, नेपालजस्तो देश, जो दुईवटा ठूला र बलिया देशहरूको बीचमा छ। यस्तो देशले तथाकथित राष्ट्रवादको बाटो, देखौवा राष्ट्रवादको बाटो अथवा लम्पसारवादको बाटो वा राष्ट्रवाद नहुने बाटो समाउनु हुँदैन। यथार्थमा भन्नुपर्दा राणा शासन समाप्तिको लडाइँ लगत्तैपछिदेखि उत्तरी चेकपोष्टमा लगेर एकापट्टि छिमेकीको सेना अर्कोपट्टि छिमेकीको बोर्डरमा लगेर राख्ने खालको अशोभनीय, मन्त्रिपरिषद्को बैठकमा अर्को देशको राजदूत ल्याएर बैठक गर्ने अशोभनीय प्रवृत्तिहरू पनि प्रकट भए। दक्षिणी छिमेकीका १७ वटा चेकपोष्ट उत्तरतिर राखिए। राष्ट्रियता कमजोर हुने, हाम्रो स्वाभिमान झुक्ने, हामी निहुरिने, हामीले स्वाधीनताको अभ्यास गर्न त के, परिकल्पना गर्न पनि नसकिने त्यस्तो खालको स्थिति अब हुनुहुँदैन। मैले पहिलेदेखि नै भन्दै आएको छु, कुनै देशको भूगोल ठूलो वा सानो हुन सक्छ, जनसंख्या ठूलो वा सानो हुन सक्छ, विकासमा अगाडि वा पछाडि हुन सक्छ, तर राष्ट्रियता सानो वा ठूलो हुँदैन। सबै राष्ट्रहरूले बराबरीको हैसियत राख्छन्। र, सबै राष्ट्रहरूले बराबर स्वाधीनताको प्रयोग गर्न पाउनु पर्छ। आफ्नो स्वाधीनता, आफ्नो निम्ति र आफूसँग सम्बन्धित वा विश्वसँग सम्बन्धित आफ्ना नीतिहरू आफूले तय गर्न, आफूले कार्यान्वयन गर्न र आफूले अगाडि बढाउन पाउनु पर्दछ।

हामीले कहिलेकहिले सुन्ने गर्छौं, सरकार जान जानै लागेको थियो, फलानो देशको राजदूतले भूमिका खेलेर फेरि जोगियो! अहिलेको सन्दर्भमा नेपालको

स्वाभिमानमाथि यस्ता खालका कमजोर, निम्छरा वचन त कुनै पनि देशले वा कसैले नबोलिदिए राम्रो हुन्छ! यो सरकार नेपाली जनताले बनाएको हो, नेपाली जनताबाट निर्वाचित हो। कुनै देशको आशिर्वादबाट बनेको, बन्ने, टिक्ने, अडिने, ढल्ने र ढालिने सरकार हो भन्ने कल्पना कसैले नगरे हुन्छ। यो नेपाली जनताको इच्छाको प्रकटीकरण हो। एउटा सन्दर्भ मैले सम्झाउनु पर्छ कि जस्तो लाग्छ, च्याम्बरलिनलाई हटाएर चर्चिल प्रधानमन्त्री हुनुभन्दा अगाडि, च्याम्बरलिनलाई हटाउने सन्दर्भमा ब्रिटिस पार्लियामेन्टमा '*इनअफ इनअफ*...(अति भयो!) भन्ने नारा लाग्यो। त्यसो भएपछि चेम्बरलिनले छाडिदिनु पर्‍यो। *इनअफ इनअफ* भनेपछि छोड्दिनु पर्छ।' सायद अहिलेको सरकारलाई होला *इनअफ इनअफ* भनिराखिएको छ, छोडिदिनु पर्‍यो भन्ने कतिपय मित्रहरूलाई लागेको छ। एक जना मित्रले भन्नुभएको *इनअफ इनअफ* यस सरकारलाई भन्ने लागेको होला। तर, नेपाली जनताले गत चुनावमा *इनअफ, इनअफ एण्ड मोरदेन इनअफ* भनेर नै यो सरकार बनाइएको हो। कुनै भ्रम नरहोस्, म आग्रह गर्न चाहन्छु, इनअफ नभनिकन यो सरकार बनाएको होइन ? किन यो स्थायी सरकार बनाइयो? जनताले *इनअफ* भयो भनेर नै जनादेशबाट यो सरकार आएको हो। जनादेशलाई सबैले कदर गर्नु पर्छ। इच्छा त अनेक गर्न पाइन्छ, म त्यसमा केही भन्दिनँ। अत्यन्त सम्मानसाथ सम्झाउन मात्रै खोज्छु, जनताले *इनअफ इनअफ* भन्छ कहिलेकहिले। *पार्लियामेन्ट*मा ६-६ महिना, ९-९ महिनाको *इनअफ इनअफ* त हामीले धेरै नै देख्यौं नि! *इनअफ इनअफ* देखेनौँ ? शक्तिका खेलहरू, यता र उता को को कहाँकहाँ कुद्ने दौडादौड आदि देख्यौं। यो सबै *पार्लियामेन्ट*भित्रको *इनअफ इनअफ* हामीले देख्यौं। यस्ता सबै कुरालाई *इनअफ इनअफ* भनेर नेपाली जनताले गत चुनावमा जुन जनादेश दिएको छ, यो सरकार त्यसैको उपज हो। यसमा सन् १९४० तिरको वा अर्को देशको कुरा यता मिलाउनेगरी उदाहरण खोज्नु हुँदैन। एउटै जुत्ता सबैको खुट्टामा मिल्दैन। च्याम्बरलिन र चर्चिलको दृष्टान्त पनि त्यहाँको सन् १९४० को पुरानो कुरा हो। बेलायतको जुत्ता यहाँ ल्याएर नेपालीको खुट्टामा लगाउन खोज्दा मिल्दैन। परिस्थिति धेरै अगाडि बढिसकेको छ, यहाँ मिल्दैन। कहिलेकहिले यस्ता प्रयासहरूको के परिणति हुन्छ ? भुट्टोलाई फासी दिइन्छ, ज्याउल हक जस्ताको हातमा शासन जान्छ। सुकार्नोको हत्या हुन्छ र सुहार्तोजस्ता तानाशाहको उदय हुन्छ। हामीले मार्कोस देखेका



**सरकारको तर्फबाट प्रधानमन्त्रीको हैसियतले म यस गरिमामय सदनलाई अवगत गराउन चाहन्छु, अब लिम्पियाधुरा, लिपुलेक र कालापानीको विषयलाई ओझेलमा पर्न वा सेलाउन दिइनेछैन, यसको निष्कर्ष नै निकालिन्छ। हाम्रो यो भूभाग हामी फिर्ता लिएरै छाड्छौं।**

छौं। हामीले यस्तै अरु तानाशाहहरू पनि देखेका छौं। हामी भन्न चाहन्छौं, नेपालमा कुनै तानाशाहको उदय हुन सक्दैन। कुनै तानाशाह अब फर्किएर आउने कल्पना नगर्दा हुन्छ। कुनै तानाशाह वा नयाँ तानाशाह निस्किन्छु भन्ने कल्पना नगर्दा पनि हुन्छ। अब नेपालमा अधिनायकवादको सम्भावना छैन। र, नेपाल *डेमोक्रेसी*बाट पछि हट्दैन।

सुशासन कायम गर्ने र भ्रष्टाचार नियन्त्रण गर्ने सन्दर्भमा– भ्रष्टाचार नियन्त्रणको कुरा गर्दा मान्छे हाँसे भन्ने कुरा पनि मैले सुनेँ। मान्छे खुशी भएर हाँसे। यसमा कसैले मजाक उडाउने ठाउँ छैन। पहिले छानबिन नै हुँदैनथ्यो, अहिले छानबिन हुन्छ। अहिले विभिन्न केसहरूमा दोषीहरू गिरफ्तार पर्न थालेपछि, तिनीहरू कारबाहीमा पर्न थालेपछि विभिन्न केसहरू देखिए। यो साँचो हो। पुरानापुराना केसहरू पनि हामीले छानबिन गरेका छौं, गरिराखेका छौं, यो साँचो हो। भ्रष्टाचार छानबिन गर्ने, कारबाही गर्ने र नियन्त्रण गर्ने प्रयास तीब्रताका साथ हामीले अगाडि बढाइराखेका छौं। मलाई विचित्र लाग्छ, ३८ क्विन्टल सुनको कारोबार भयो, नेपाललाई बाटो बनाएर तस्करी भयो। छानबिन गर्दा त्यसो भएको पाइयो। त्यो त भइराखेको रहेछ! छानबिन गरेपछि मानिसहरू कारबाहीमा परेका छन्, थुनामा छन्, गिरफ्तार भइराखेका छन्, अदालतले केस हेरिराखेको छ। अनि सुन काण्डको मुद्दा खोइ भनेको सुन्छु। अदालतमा मुद्दा छ। के हो छानबिन भनेको ? छानबिन भएको छ, मान्छे गिरफ्तार भएका छन् र मान्छेहरू

जेलमा छन्। अनि भनेको पाइन्छ, खोई छानबिन भएको ? जनता यति लाटो, यति मूर्ख छन् भन्ने ठान्नुभएको साथीहरूले ? जनता मूर्ख छैनन् । जनताले त कुरा बुझ्छन् नि! छानबिन भएको छ, मान्छेहरू जेलमा छन्। कारबाही भोगिराखेको छ। मुद्दा अदालतमा छ। सुन ओसार्ने गौंडाहरू बन्द गरिएको छ। मझेरीमा गाडिएको सुन उधिनेर निकालिएको छ। ओडारमा र जंगलमा फालेको सुन खोजेर निकालिएको छ। यस्तो कहिले हुन्थ्यो र ? तर अब त्यस्तो हुँदैन। भएको छैन। पहिलेपहिले यसरी छानबिन गरिदैंनथ्यो, सुटुसुटु जान्थ्यो। त्यसकारण देखिंदैनथ्यो। अहिले गिरफ्तार गरिएको छ र देखिन्छ। म माननीयजीहरूलाई आग्रह गर्न चाहन्छु, भ्रष्टाचार नियन्त्रण र निर्मूलन गर्नु एकदम सजिलो विषय होइन। यो समाजमा व्याप्त दूराचारले अलिक जरा गाड्न खोजेको विषयलाई नियन्त्रण गर्ने प्रयास प्रभावकारी ढंगले अगाडि बढाइएको छ, बढाइने छ र यसलाई नियन्त्रण गरिनेछ। आलोचनाको लागि आलोचना त गर्न सकिन्छ, तर जनताले हेरिराखेका छन्। जनता हाँसेका छन् भन्ने कुरा होइन, जनता यस्ता कुराबाट खुशी भएका छन्, किनभने यस्ता केसहरूको छानबिन भइरहेको छ।

हामीले नेपालको नयाँ नक्सा मन्त्रिपरिषद्बाट हिजो प्रकाशित गर्ने निर्णय गरेका छौं। लिम्पियाधुरा, लिपुलेक र कालापानीसहित नै हाम्रो भूभाग हो। २०१८ सालसम्म त्यहाँ जनगणना गर्ने, तिरो उठाउने काम भइराखेको थियो। त्यसपछि तिरो उठाउने कामको लागि जान नदिने र रोक्ने खालका कामहरू भए। खासगरी सन् १९६२ मा कालापानीमा भारतीय सेना बसेपछि त्यसभन्दा पश्चिमको भूभागतर्फ जान हामी *ब्लक* भयौं। हामीलाई *ब्लक* गरियो। त्यसबेलाका शासकहरूले त्यस कुरालाई चुपचाप सहेपछि त्यो विषय ताजा विषयका रूपमा नभएर ओझेलमा पर्दै गयो। वर्तमान सरकारको तर्फबाट प्रधानमन्त्रीको हैसियतले म यस गरिमामय सदनलाई अवगत गराउन चाहन्छु, अब लिम्पियाधुरा, लिपुलेक र कालापानीको विषयलाई ओझेलमा पर्न वा सेलाउन दिइनेछैन, यसको निष्कर्ष नै निकालिन्छ। हाम्रो यो भूभाग हामी फिर्ता लिएरै छाड्छौं। फिर्ता लिने अठोटका साथ नै हामीले नक्सा सार्वजनिक गरेका हौं। भारतले आफ्नो जमीन भनेर नक्सा निकाल्यो। त्यो विवादास्पद भूमि होइन, हाम्रो भूमि हो। भारतले बेकारको *अकुपाई* गरेर विवादास्पद बनाएको हो। यसमा हामीले कोही



**हामी जलस्रोतको धनी देश, हामी विद्युत बेस्सरी उत्पादन गर्देछौं र त्यसरी उत्पादन गरेको बिजुली अन्य ठाउँमा बेच्न *ट्रान्समिसन लाइन* चाहिन्छ । यो *ट्रान्समिसन लाइन* बनाउने भन्ने कुरा हो र *ट्रान्समिसन लाइन* अनिवार्य ढंगले बनाइन्छ। ... यो जस्केलाबाट होइन, मूल बाटोबाट नै सम्बोधन गरी बनाइन्छ।**

रिसाउँछ कि भन्ने ठान्नु हुँदैन। अर्घेल्याइँ गरेको भए पो रिसाउँछ कि भन्ने ठान्नु पर्थ्यो। हामीले अर्घेल्याइँ गरेका छैनौं। यस विषयलाई सेलाउन पनि दिइँदैन। कूटनीतिक वार्ताको माध्यमबाट हाम्रो जमीन फिर्ता लिन ठोस पहल गरिनेछ र त्यो भूभाग फिर्ता ल्याइनेछ। यही अठोटका साथ हामी अग्रसर छौं। जसरी हामीले नीति तथा कार्यक्रममा प्रस्तुत गरेका थियौं, सम्माननीय राष्ट्रपतिज्यूको सम्बोधनमा यसबारेमा स्पष्ट आएको छ, लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र हाम्रो हो र त्यो फिर्ता लिन अथवा त्यसलाई प्राप्त गर्न हामीले ठोस रूपमा कूटनीतिक प्रयास गर्नेछौ र फिर्ता लिनेछौं। तदनुसार त्यो भूभाग समेत सामेल गरेर हामी नेपालको नयाँ नक्सा तयार गर्नेछौं भनेर नीति तथा कार्यक्रममा आएको थियो। यो  कुनै चलाखीको हिसाबले, तथाकथित राष्ट्रवाद देखाउनको लागि गरिएको होइन। त्यसो भन्नु पनि ठीकठीकै हो, तथाकथित राष्ट्रवाद बोल्ने अभ्यासको प्रचलन देख्दै आएको र भोग्दै आएको परिस्थितिमा त्यसको आंकलन गर्नु त्यति अस्वाभाविक होइन होला। तर, अहिलेको सरकारको तर्फबाट म भन्न चाहन्छु, यो कुनै तमासा गरिएको होइन। यो देखौवा काम गरिएको पनि होइन। यो यथार्थमा भूमि फिर्ता लिनका निम्ति गरिएको हो। यो हाम्रो भूभाग हो र हामी फिर्ता लिन्छौं। हिजो नक्सा पारित भएको छ, आज भोलिसम्ममा प्रकाशित होला। यसबाट सिंगै राष्ट्र खुशी हुनेछ भन्ने म विश्वास गर्दछु।

यस सदनमा संविधानको अनुसूची ३, जहाँ हाम्रो प्रतीक चिह्न छ, त्यो संशोधन गर्न यहाँ संविधान संशोधनको एउटा बुँदा प्रस्तुत गरिनेछ। संशोधन गर्न अरु पनि विषयहरू हुन सक्छन्। अरु विषयहरूको सम्बन्धमा हामी फेरि छलफल गर्न र संविधान संशोधनको कुरा गर्न सक्छौं। तर सबै विषयभन्दा महत्वको, तात्कालिक महत्वको, हाम्रो सीमासँग सम्बन्धित, हाम्रो नक्सासँग सम्बन्धित र हाम्रो भूमि फिर्तासँग सम्बन्धित यो विषय तत्कालका लागि अत्यन्त जरुरी विषय हो। त्यसकारण संविधान संशोधनको यो प्रस्ताव यस गरिमामय सदनमा आउनेछ। र, मैले विश्वास लिएको छु, त्यो पारित हुन्छ। त्यसो भइसकेपछि हाम्रो आफ्नो तर्फको तयारी द्विविधारहित ढंगले पूरा हुन्छ। यो 'क्लियर कट' बाटो हो भनेर द्विविधारहित ढंगले हामी अगाडि जाने काम पूरा हुन्छ। म ठान्दछु, संविधानको अनुसूची ३ मा नेपालको नक्सासमेत जहाँ अंकित छ, त्यो संसदले पारित गरेका दिन देशमा राष्ट्रियताको पक्षमा दीपावली हुनेछ। मैले यो विश्वास लिएको छु।

एउटा प्रश्न केही साथीहरूले उठाउनु भएको छ, नीति तथा कार्यक्रमको २११ नं बुँदामा लप्सेफेदी-रातमाटे-हेटौंडा र लप्सेफेदी-रातमाटे-दमौली-बुटवल जोड्ने ४ सय केभी क्षमताको *ट्रान्समिशन लाइन*को उल्लेख छ। त्यसमा कतिले भन्नुभएको छ, टिप्पणी गर्नुभएको छ, आशंका व्यक्त गर्नुभएको छ– यो पछाडिको ढोकाबाट *एमसीसी* ल्याउन खोजियो। जस्केलाबाट *एमसीसी* छिराउन खोजियो। म स्पष्ट पार्न चाहन्छु, हाम्रा प्राविधिकहरूले, हाम्रा इन्जिनियरहरूले, हाम्रा विद्युत्‌विज्ञहरूको अध्ययनमा लप्सेफेदी, रातमाटे, हेटौंडा र लप्सेफेदी, रातमाटे, दमौली र बुटवलको *ट्रान्समिसन लाइन* आवश्यक छ। नत्रभने हामीले विद्युत उत्पादन गर्ने, तर विद्युत लिएर जाने, त्यसलाई *ट्रान्सफर* गर्ने माध्यम भएन भने उत्पादन गरेको बिजुली के गर्ने ? त्यसरी त बिजुली उत्पादन नै गर्न सकिंदैन, मेशिन त्यत्तिकै थान्को लगाएर राख्नुपर्ने हुन्छ। हामी जलस्रोतको धनी देश, हामी विद्युत् बेस्सरी उत्पादन गर्दैछौं र त्यसरी उत्पादन गरेको बिजुली अन्य ठाउँमा बेच्न *ट्रान्समिसन लाइन* चाहिन्छ। यो *ट्रान्समिसन लाइन* बनाउने भन्ने कुरा हो र *ट्रान्समिसन लाइन* अनिवार्य ढंगले बनाइन्छ। यो पछाडिको ढोकाबाट होइन, अगाडिको ढोकाबाट, जस्केलाबाट होइन, मूल बाटोबाट नै सम्बोधन गरी बनाइन्छ। *एमसीसी*ले बनाउँछ *एमसीसी*ले, त्यसले नबनाए अरुले



***एमसीसी*** **पास भए पनि नभए पनि लप्सेफेदी–रातमाटे–हेटौंडा, लप्सेफेदी–रातमाटे–दमौली–बुटवल जोड्ने यो** ***ट्रान्समिसन लाइन*** **नेपाल सरकारले भोलिका लागि आज पेट काटेर भए पनि, पटुका बाँधेर भए पनि बनाउँछ। कुरा यो हो।**

बनाउने काम हुन्छ। कसैले नबनाए हामीले बनाउँछौं। तर यो बन्छ बन्छ, बनाइन्छ,बनाइन्छ। नत्रभने त हामी जलस्रोतको दोस्रो धनी देश भन्ने, तर विद्युत उत्पादन नै नगरी बस्नु पर्ने हुन्छ। अहिले हामी यति धेरै *हाइड्रोपावर प्रोजेक्ट*हरू संचालन गरिराखेका छौं, ती अब निकट भविष्यमा नै पूरा हुँदैछन्। यो *ट्रान्समिसन लाइन* बनाउन कमसेकम ४ वा ५ वर्ष लाग्छ। उत्पादन गरेको विद्युत बोक्ने माध्यम हामीसँग छैन। कतिवटा हाइड्रोपावर कम्पनीहरू उत्पादन सुरु गर्न वा *कन्स्ट्रक्सन* सुरु गर्न भोलि *ट्रान्समिसन लाइन*को अभावका कारणले  संभव हुन नसक्ने देखेर काम रोकेर बसेका छन्। लगानी गरेर, उत्पादन गरेर कहाँ लाने ? विद्युत डोकामा बोकेर लाने कुरा भएन, ट्रकमा बोकेर लाने कुरा भएन। त्यसका लागि *ट्रान्समिसन लाइन* अनिवार्य छ।

पहिलो कुरा हामी *ट्रान्समिसन लाइन* बनाउँछौं।

दोस्रो कुरा, *एमसीसी* भनेको मेरो विचारमा यस गरिमामय सदनले छलफल गरेर आफैंले निष्कर्ष निकाल्नु पर्ने विषयका रूपमा रहेको छ। अघिल्लो सरकारले वार्ता गऱ्यो, छलफल गऱ्यो र *एमसीसी*सम्बन्धी सम्झौता गऱ्यो। अघिल्लो सरकारले संसदबाट अनुमोदन गर्नुपर्ने भन्ने समेत सम्झौता गरेको हुनाले अविच्छिन्न उत्तराधिकारको हिसाबले यस सरकारले यो प्रक्रिया अघि बढाएको हो। यो सरकार आएपछि यसले

सभामुख महोदयको टेबलमा गरिमामय संसदको अनुमोदनका लागि प्रस्ताव प्रस्तुत गऱ्यो। यो *एमसीसी* अहिलेको सरकारले सम्झौता गरेको होइन। अघिल्लो संयुक्त सरकारले सम्झौता गरेको हो। सरकार भनेको अविच्छिन्न उत्तराधिकारवाला हुन्छ। अघिल्लो सरकारले गरेको काम मैले गरेको होइन भनेर अलपत्र छाड्न मिल्दैन। त्यस सम्झौताको परिपालना गरिएन भने विश्वसनीयता, कूटनीतिक विश्वसनीयता, राज्यहरूको बीचमा गरिएका सम्झौताको विश्वसनीयता, नीतिहरू र निर्णयहरूको स्थिरताको, अनि स्थायित्वको विश्वसनीयतामाथि गम्भीर रूपमा प्रश्न उठ्छ। त्यसपछि त्यो सरकारसँग, त्यस्तो सरकारसँग, त्यो देशको सरकारसँग कुनै देशले सम्झौता कसरी गर्ने ? अहिलेको सरकारसँग गऱ्यो, भोलिको सरकारले यो मान्दिनँ भन्छ भने कसरी गर्ने ? त्यसकारण सम्झौता गर्ने बेलामा नै हरेक देशका हरेक सरकार राष्ट्रिय हितको पक्षमा अत्यन्तै होसियार हुनुपर्छ, सावधान हुनुपर्छ। नत्र त्यसले अप्ठ्यारो पार्न सक्छ। दलहरू बीचको छलफलका, माननीयजीहरूको बीचमा छलफलका सोंचका भिन्नताहरू हुन सक्छन्। त्यतिबेला सम्झौता हुनु अगाडि नै ती प्रकट हुनुपर्दथ्यो। भएन भने अहिले पनि छलफल गर्न सकिन्छ, त्यो आफ्नो ठाउँमा छ। त्यसरी छलफल गर्न सकिन्छ, अनि *एमसीसी* पास गर्ने भए पास गर्ने, पास नगर्ने भए नगर्ने भनेर यस गरिमामय सदनले निर्णय गर्न सक्छ। यहाँ सभामुखको टेबुलमा प्रस्ताव आइसकेको छ, संसदले निणर्य गर्न सक्छ। त्योभन्दा अगाडि दलहरूको बीचमा केही गर्नुछ, दलहरूको बीचमा छलफल गर्नुछ वा अरु कुनै कुरा छन्, त्यस सम्झौताका कुराहरूमा अरु केही गर्नु छ भने ती दलहरूको बीचमा कुरा भए। त्यो संसदको विषय भएन। दलहरूले गर्नुपऱ्यो, दलहरूले टुंग्याउनु पऱ्यो। आपसमा कुराहरू के हुन्? तिनमा छलफल गरेर टुंग्याउनु पऱ्यो। यदि दलहरूले पास नगर्ने निष्कर्ष निकाल्छन् भने त्यसैअनुसार संसदीय दलमार्फत ह्विप जारी गर्नुपऱ्यो। त्यो आफ्नो ठाउँमा छ, तर संसदको सम्पत्तिको रूपमा *एमसीसी* यहाँ आइसकेको छ। संसदले निर्णय गर्न पाउनु पर्छ। यहाँनेर *एमसीसी* कहाँ लेखेको छ र ? *एमसीसी* पास गर्ने नगर्ने यस गरिमामय सदनको काम हो। तर *एमसीसी* पास भए पनि नभए पनि लप्सेफेदी–रातमाटे–हेटौंडा, लप्सेफेदी–रातमाटे–दमौली–बुटवल जोड्ने यो *ट्रान्समिसन लाइन* नेपाल सरकारले भोलिका लागि आज पेट काटेर भए पनि, पटुका बाँधेर भए



**हामी आशावादी हुनुपर्छ, हामीले गर्न सक्छौं भन्ने आत्मविश्वास हुनुपर्छ। हामीले गर्न सक्छौं, हाम्रै समयमा गर्न सक्छौं। केही वर्ष भित्रको कुरा हो, कोरोना छोटो समयमा नियन्त्रण गर्छौं र त्यसपछि हामीले विकास निर्माणका कामलाई अगाडि बढाउँछौं।**

पनि बनाउँछ। कुरा यो हो। *ट्रान्समिसन लाइन* नबनाइकन हामीले कसरी अन्तर्राष्ट्रिय क्षेत्रमा विद्युत व्यापार गर्ने ? हामीले बंगलादेशसँग व्यापार गर्ने भनेका छौं, विद्युत व्यापारको बजार खोजेका छौं। अनि के गर्छौं हामी ? विद्युत कसरी लिएर जान्छौं हामी ? ट्रकमा त जाँदैन बिजुली! रेलबाट र पानीजहाजबाट पनि जाँदैन, *ट्रान्समिसन लाइन* नै चाहिन्छ। त्यसकारण हामी *ट्रान्समिसन लाइन* बनाउँछौं भनेर भनिएको हो।

एउटा प्रश्न यो नीति तथा कार्यक्रमले पहिलेका कामहरूको बखान गरेको, आफ्नो प्रशंसा गरेको भन्ने छ। आत्मभर्त्सना गर्नुपर्ने खालको काम त यो सरकारले के गरेको छ र ? अनि आत्मभर्त्सना गर्नुपर्ने ? राष्ट्रियताको सवालमा, लोकतन्त्रको सवालमा, विकास निर्माणको सवालमा, अर्थतन्त्रको सवालमा अथवा *ट्रान्जिसनल फेज*लाई अगाडि बढाउने सवालमा अथवा उत्पादन बृद्धिका सवालमा, शान्ति सुव्यवस्थाको सवालमा वा कुनै पनि सवालमा अहिलेको सरकारले आत्मभर्त्सना गर्नुपर्ने यो गल्ती गरेको छ भन्ने खालको त्यस्तो कुनै काम गरेको छैन। सोचेर, विचार गरेर र आजको समयअनुसार देशलाई कसरी अगाडि बढाउने भनेर काम गर्ने, काम गरिसकेपछि ज्याऽऽऽ भन्न नपरोस्, यस्तो गल्ती भएछ भन्न नपरोस् भनेर सरकार सचेत छ। हामीले सकेसम्म काममा तीब्रता दिन खोजेका छौं। काममा तीब्रता ल्याउन खोजेका छौं। अहिले कोरोना भाइरसले गर्दा

अलिकति व्यवधान भयो। तर यस व्यवधानलाई हामीले पार गर्नै छ, पार गरिने छ र देशलाई फेरि अगाडि बढाइने छ।

मानव जाति अनेक अप्ठ्यारो समय पार गरेर आएको छ। अनेक कालखण्डहरू पार गरेर यहाँसम्म आयो। मानव जातिका कतिपय सेक्सनहरू लोप भएर गए। कतिपय सेक्सनहरू आफ्नो अस्तित्व जोगाएर अगाडि बढे। आजको विज्ञान प्रविधिको युगमा कोरोनाले मानव जातिलाई समाप्त पार्न सक्दैन। कोरोनालाई मानव जातिले समाप्त पार्नेछ। त्यसमाथि विजय हासिल गर्नेछ। हामी अगाडि बढ्ने छौं र त्यसअनुसारकै अलिकति कुराहरू यस नीति तथा कार्यक्रममा आएका छन्।

यो सरकार स्थायी सरकार हो। यस सरकारले ५-५ वर्षका, १०-१० वर्षका भिजन ल्याएर, योजना ल्याएर जस्तोकि धौवादी फलाम कारखाना छ, त्यसलाई सम्पन्न गर्ने अठोट लिएको छ। त्यस्ता काम किन गर्ने ? त्यो त अर्कोअर्को सरकारका पालामा त्यसबाट प्राप्त हुने लाभ हो। त्यसबाट आर्जन हुने धन त अर्को सरकारका समयमा हुने हो, अहिले किन गर्ने ? दश वर्ष लाग्ने विद्युत आयोजना अहिले किन सुरु गर्ने ? त्यसमा त दश वर्ष पछिको सरकारले जस पाउँछ। यस प्रकारको बुद्धिवाला अहिलेको सरकार होइन। यो सरकार विक्रम सम्वत् २१०० मा यस देशलाई यहाँ पुऱ्याइने छ, पछि आउनेले पनि त्यो बाटो हिडुन्, त्यो बाटो छोपुन्। त्यस हिसाबले, त्यो लक्ष्य, त्यो गन्तव्य निर्धारण गरेर नै हिंडुन् भनेर यो सरकारले त्यस्ता कुराहरूमा जोड दिएको छ। विचारहरू पनि दिएको छ। कोरोना नै छैनजस्तो, केही नै भएको छैनजस्तो, लामोलामो समयको कुरा गरेको छ, पछिका कुरा गरेको छ भन्ने ढंगले आलोचना गर्न खोजिएको छ। अनि के महाप्रलयको कल्पना गर्ने ? अब मानव जाति रहँदैन, अब किन केही गर्नु पऱ्यो ? बाटो किन बनाउनु पऱ्यो ? अरु किन गर्नु पऱ्यो भन्ने हो र ? हामी आशावादी हुनुपर्छ, हामीले गर्न सक्छौं भन्ने आत्मविश्वास हुनुपर्छ। हामीले गर्न सक्छौं, हाम्रै समयमा गर्न सक्छौं। केही वर्ष भित्रको कुरा हो, कोरोना छोटो समयमा नियन्त्रण गर्छौं र त्यसपछि हामीले विकास निर्माणका कामलाई अगाडि बढाउँछौं। नेपाल एउटा विकसित राष्ट्र हुनेछ। सुख सहितको एउटा समृद्ध राष्ट्र हुनेछ। सामाजिक न्याय र समानता



**पहिले मैले तुइन बिस्थापनको कुरा गरेँ, म सरकारबाट हटेपछि तुइन बिस्थापन जस्ताको तस्तै भयो। फेरि आएर यो २ वर्षमा तुइन बिस्थापनको कामलाई सम्पन्न गरिएको छ।**

सहितको समृद्ध राष्ट्र हुनेछ। हामीले भन्न खोजेको यो हो। हामीले चौतर्फी विकास गर्नेछौं। मनोबल भनेको कस्तो हुन्छ ? १२ औं सागमा ३ वटा स्वर्ण पदक आएका थिए। भूइँचालोले थिलथिलो भएको, कुनै पूर्वाधार भएको अवस्थामा यो सरकार आएपछि पूर्वाधार विकास गरेर ५१ वटा स्वर्ण पदक आए! अघिल्लोमा ३ वटा स्वर्ण पदक, अर्को पाइला चाल्दा ५१ वटा स्वर्ण पदक, कस्तो हुन्छ मनोबल! कस्तो हुन्छ उत्साह ? हो, हामीले भनेको यही उच्च आत्मविश्वास, यही मनोबल हो। यसै हिसाबले दुई वर्षमा हामीले कति काम गर्‍यौं ? कति बाटो बनायौं ? कति पुल बनायौं ? कति झोलुंगे पुल बनायौ ? कति विद्युत उत्पादन गर्‍यौं ? प्रतिव्यक्ति विद्युतको खपत कति बढायौं ? मैले भनिरहनु पर्लाजस्तो लाग्दैन। ३ हजार ६ सय किलोमिटर पक्की बाटो दुई वर्षमा तयार भयो। एक लेनको होइन, दुई लेनको, चार लेन, छ लेनका बाटाहरू गरेर ३ हजार ६ सय प्लस किलोमिटर बाटो २ वर्षमा बन्यो। यसै रफ्तारले विकासको बाटो अगाडि बढ्थ्यो भने के हुन्थ्यो होला! अब योभन्दा तीब्र गतिले अगाडि बढ्नेछ। ३ सय २५ वटा पक्की सडक पुलहरू यस बीचमा बनेका छन्। पहिले मैले तुइन बिस्थापनको कुरा गरेँ, म सरकारबाट हटेपछि तुइन बिस्थापन जस्ताको तस्तै भयो। फेरि आएर यो २ वर्षमा तुइन बिस्थापनको कामलाई सम्पन्न गरिएको छ।

एउटा युगको अन्त्य, अर्थात् तुइन युगको अन्त्य गरिएको छ। मेरो आग्रह छ, कामको प्रतिस्पर्धा गरौं, काममा प्रतिस्पर्धा गरौं। यो सरकारलाई *अनपपुलर*

बनाउने, अलोकप्रिय बनाउने, यसका कामहरूलाई ओझेलमा पार्ने, काम केही पनि भएन भनेर रट लगाउने, असन्तुष्टि मात्रै पोखेर हिंड्ने, जनतामा भ्रम फैलाउने, यस प्रयासबाट कसैले सफलता प्राप्त गर्छु भन्छ भने त्यो ठीक तरिका होइन। त्यसको आँपको रुखमा फलेन, जति लटरम्म फले पनि, त्यसको आँपको रुखमा फलेन, त्यसको त बोट खाली नै छ, सिखिक्क पऱ्यो, मर्न लाग्यो रुख आदि जे भने पनि तपाईंले आफैंले आँप लगाएर बढी फलाउनु भयो भने बल्ल मान्छेले पत्याउँछन्। होइन भने आँप फलेन भनेर क्रिटिसाइज गरेको भरमा आँप पनि अलिकति चुच्चोचुच्चो बांगोबांगो परेको छ, गतिलो छैन भनेर आलोचना गरेका भरमा जनताले पत्याउँछ र ? त्यस्तो अफवाह फैलाउने र जनताको ध्यान आफूतिर आकर्षित हुन्छ भन्ने भ्रम हामी कसैले पनि नपालौं भन्ने मेरो आग्रह छ। हामीले काममा स्वस्थ प्रतिस्पर्धा गरौं। राजनीतिमा त्यस्तो प्रतिस्पर्धा मनासिब नै हुन्छ।

अब मैले योभन्दा धेरै केही भनिरहनु पर्ला जस्तो लाग्दैन। अल्प अवधिको नभएर यो सरकार हाललाई ५ वर्षका लागि हो। पछिको कुरा भनेर अहिलेदेखि मान्छे झस्काउने, चस्काउने काम किन गर्ने ? त्यसो नगरौं। अहिलेका लागि यो सरकार ५ वर्षका लागि नै हो। ५ वर्ष अगाडिदेखि पछाडिसम्मका योजना हामीले सुरुमा के भनेका थियौं ? सुरुमा के भन्यौं, अहिलेसम्म कति गऱ्यौं ? पहिलो वर्ष कति गऱ्यौं ? दोस्रो वर्ष कति गऱ्यौं ? यस वर्ष के गर्ने सोचेका थियौं, कोरोनाले अलिकति *डिस्टर्ब* गऱ्यो। यसले हामीलाई मात्रै होइन, विश्वलाई नै तहसनहस बनाइराखेको छ। त्यसकारण यसमा सरकारको कमी भयो भन्ने ठान्न हो भने दुनियाँको मानचित्र हेर्दा, दुनियाँसँग तुलना *(कम्पेयर)* गर्दा अहिलेसम्म हामी भाइरसको फैलावट नियन्त्रण गर्न सफल भएका छौं। यद्यपि कोरोनाले छोएकोसम्म हुनाले कोरोनाबाट मृत्यु भएको भन्ने परेको छ। तर त्यो विश्व स्वास्थ्य संगठनको परिभाषाअनुसार हो। म भन्न चाहन्छु, वास्तवमा अवस्था त्यस्तो होइन। नेपालले बेटर पर्फमेन्स गरेको छ। कोरोना नियन्त्रणको सम्बन्धमा हाम्रो जस्तो भूगोल छ, जस्तो खुला सीमाना छ, जसरी मान्छे लुकिछिपी आउनसक्ने अवस्था छ, कुनै रेस्ट्रिक्सिनको अवस्था छैन, यो फैलिसकेपछि हामी सचेत भएर के गर्ने ? फैलिनुभन्दा अगाडि नै सचेत हुनुपर्ने बाधयता रहेको छ।



**म त विश्वास गर्छु, नेपाल विश्वास गर्छ, हामी सबै सत्यमेव जयतेमा विश्वास गर्छौं। हामी हाम्रो भूमि फिर्ता गर्न सक्छौं। किनभने, सत्यमे व जयतेमा हामी विश्वास गर्छौं।**

अब एउटा कुरा म भन्न चाहन्छु। हामीले यो नक्सा नयाँ छापेका छौं अथवा संविधानमा जुन परिवर्तन गर्दैछौं, त्यस कुराले पाठ्यपुस्तक लगायत थुप्रै कुराहरूमा परिवर्तन ल्याउने छ। त्यसले हाम्रा लोगोहरूमा, अरु थुप्रै कुराहरूमा थुप्रै अभ्यासहरूमा परिवर्तन ल्याउँछ। यो एउटा ऐतिहासिक काम हो। यसले नेपालको मानचित्रमा अहिले एकखालको परिवर्तन ल्याएको छ। यसलाई ठोस कूटनीतिक पहलद्वारा निष्कर्षमा पुऱ्याइने छ। यो एकदम सजिलो हुने छैन, जे लक्षण हामीले देखेका छौं, जस्ता मान्छेहरूले टिप्पणी गर्दैछन्, त्यसबाट हामीले जटिलता स्पष्ट देखेका छौं। तर, भारतको एउटा प्रतीक चिह्न जो छ, त्यो भारत भनेर चिनिने अशोकले स्थापना गरेको चिह्न चारमुखे सिंह रहेको छ। चारतिर फर्किएको सिंह भारतको प्रतीक चिह्न छ। त्यसको मुनि सत्यमेव जयते लेखिएको छ। सत्यमेव जयते भारतको चिन्ह मुनि छ, विश्वासचाहिं म गर्छु। म सोध्नेवाला छु भारतलाई, सत्यमेव जयते कि सिंहमेव जयते ? सिंहमेव जयते कि सत्यमेव जयते ? दुईवटै छ माथितिर सिंह छ, तलतिर सत्यमेव जयते छ। म त विश्वास गर्छु, नेपाल विश्वास गर्छ, हामी सबै सत्यमेव जयतेमा विश्वास गर्छौं। हामी हाम्रो भूमि फिर्ता गर्न सक्छौं। किनभने, सत्यमेव जयतेमा हामी विश्वास गर्छौं।

अरु तपसिलका कुराहरू म पछि भन्नेछु।

# सांसदहरूका जिज्ञासाहरूमा दिनुभएको जवाफ

**सम्माननीय सभामुख महोदय,**

मैले विषयगत रूपमा माननीयजीहरूले उठाउनु भएका महत्वपूर्ण विषयहरूलाई समूहगत गरेर स्पष्ट पार्ने कोसिस गर्छु।

अहिले कसले के बोल्यो वा कसले के लेख्यो भन्ने जस्ता विषयमा फेरि पनि मैले मेरो जानकारीमा छैन भन्नुपर्ने हुन्छ। एउटा कुरा म स्पष्ट गर्न चाहन्छु त्यो के भने, नेपालको नयाँ नक्सा पारित गरिसकेपछि पनि यसअघि कसैको दबाबमा प्रकाशित नगरेको हो कि भनेर प्रश्न उठ्दाचाहिँ मलाई अचम्म लाग्यो। नेपालको वर्तमान सरकार सार्वभौम सिद्धान्तमा विश्वास गर्दछ, व्यवहारमा विश्वास गर्दछ र स्वाधीनता र स्वाभिमानलाई आफ्नो प्राणभन्दा प्यारो ठान्दछ। देशभन्दा ठूलो, देशको स्वाभिमानभन्दा ठूलो, मातृभूमिभन्दा ठूलो, मातृभूमिको हितभन्दा ठूलो अरु केही हुँदैन र त्यसका निम्ति समर्पित हुनुभन्दा ठूलो गौरवको विषय अर्को केही पनि हुँदैन। चाहे विदेशीले अरुको उक्साहटमा लागेको भनुन्। त्यसरी अरुले खटाएर नेपालले बोल्यो भन्नेजस्ता कुरा नेपाल राष्ट्रलाई होच्याउने र अपमान गर्ने कुरा हो। नेपाल राष्ट्र गुलामीलाई कहिल्यै स्वीकार नगरेको, स्वाभिमानका निम्ति बलिदान गरेको र दासता अस्वीकार गरेको स्वाभिमानी राष्ट्र हो। यो कसैको उक्साहटमा, बहकाउमा चल्दैन, सबैले बुझ्नेगरी म यो भन्न चाहन्छु। अहिलेको सरकारले नेपाल राष्ट्रको स्वाभिमानको प्रतिनिनिधत्व गर्छ। कहिलेकहिले सरकारमा आम राष्ट्रको हित र आम राष्ट्रको भावना



**म एउटा दावा गर्न चाहन्छु, यस सरकारले संसदको प्रतिनिधित्व र संसदको भावनाको प्रतिनिधित्व गर्छ। संसदले कसैको दबाबमा काम गर्न चाहन्छ र ? झुक्न चाहन्छ र ? अवश्य चाहँदैन। यो नेपालका सार्वभौम जनताको प्रतिनिधित्वको सर्वोच्च थलो हो।**

प्रतिबिम्बित नभइराखेको हुनसक्छ। तर अहिलेको सरकारको सन्दर्भमा यसले राष्ट्रिय हितको प्रतिनिधित्व गर्छ, राष्ट्रिय स्वाभिमानको प्रतिनिधित्व गर्छ र राष्ट्रिय भावनाको प्रतिनिधित्व गर्छ। यसर्थः कसैको दबाबमा गरेको भन्ने प्रश्न अहिलेको सन्दर्भमा यो प्रश्न कसरी सोध्नु भयो ? माननीयजीले कसरी सोध्न सक्नुभयो? मलाई अचम्म लाग्छ। हिजो बेलुका नयाँ नक्सा जारी गर्ने निर्णय भएको छ। पहिले नै त्यो नक्सा अन्तिम रूपमा जारी नभइकन छाप्ने र वितरण गर्ने कुरा हुँदैनथ्यो। बेलुका नक्सा पारित भएको छ। अहिले बिहानसम्ममा वितरण नभइसक्दा कसैको दबाबमा हो कि भनेर प्रश्न गरिहाल्ने खालको त अलिक भएन कि ? म एउटा दावा गर्न चाहन्छु, यस सरकारले संसदको प्रतिनिधित्व र संसदको भावनाको प्रतिनिधित्व गर्छ। संसदले कसैको दबाबमा काम गर्न चाहन्छ र ? झुक्न चाहन्छ र ? अवश्य चाहँदैन। यो नेपालका सार्वभौम जनताको प्रतिनिधित्वको सर्वोच्च थलो हो। र, यस संसदबाट छानिएको, सार्वभौम जनताको प्रतिनिधित्वको सर्वोच्च थलोबाट निर्वाचित र अत्यधिक ठूलो विश्वासबाट निर्वाचित यस सरकारले यस गरिमामय संसदको साँचो प्रतिनिधित्व गर्दछ। त्यसकारण यो सरकारले कसैको दबाबमा कुनै कदम चाल्ने, नचाल्ने अथवा कुनै काम गर्ने वा नगर्ने गर्दैन भन्ने कुरा म माननीयजीहरूमा निवेदन गर्न चाहन्छु।

सांसदहरूको भूमिका अवश्य नै संयोजनकारी हुन्छ, चेतना अभिबृद्धि गर्ने भूमिका हुन्छ। जनताले आफ्ना प्रतिनिधिमार्फत यो कोरोनाबाट जोगिने,

उम्किने बाटो के हो ? त्यसको पनि जानकारी लिन चाहन्छन्। सँगसँगै यस सम्बन्धमा नेतृत्व पनि गरेको हेर्न चाहन्छन्। त्यसकारण अनुगमनकारी भूमिका, स्थानीय जनप्रतिनिधि जो फिल्डमा खटेका छन् अथवा प्रशासन, प्रहरी अथवा स्वास्थ्यकर्मी, चिकित्सकलगायत आम जनताले हरेक माननीय सांसदबाट प्रभावकारी र सकारात्मक भूमिकाको अपेक्षा गरेका हुन्छन्। यो कुरा स्पष्ट छ भन्ने मलाई लाग्छ। म सबै माननीयजीहरूलाई भन्न चाहन्छु, यो सबै कामको नेतृत्व सरकारले गर्ने हो। यसको म्यानेजमेन्ट, यसको तयारी र यसको अगुवाई सरकारले गर्ने हो। सरकारले गरिरहेका यी प्रयासहरूमा माननीयजीहरूको जुन सहयोग प्राप्त भएको छ,  त्यसका निम्ति म हार्दिक धन्यवाद भन्न चाहन्छु।

जतिबेला कोरोना सुरु भयो, धेरै समय भएको छैन, पाँच छ महिनाको कुरा मात्र हो। यी पाँच छ महिनाभित्र बिल्कुल तयारी नभएको अवस्थामा वा नसोचेको अवस्थामा अकल्पनीय ढंगले र अप्रत्याशित उपस्थिति यस कोरोनाले जनायो र एकैचोटी आक्रमण सुरु गरेर तीव्र बनायो। यस आक्रमणलाई पराजित गर्न हामीले यो महामारी सुरु भएपछि, यसको संक्रमण देखापरेपछि मात्रै तयारी गर्नु पऱ्यो। हाम्रो तयारी पर्याप्त छ भन्ने होइन। हामी बिल्कुल पर्याप्त तयारीका साथ, तयारी हालतमा थियौं, तयारी रूपमा हामीले यसको सामना गऱ्यौं भन्ने अवस्था पनि होइन। हामी तयारी अवस्थामा त थिएनौं। हामीले कल्पना पनि गरेका थिएनौं कि कोरोना भाइरस आउँछ र विश्व अर्थतन्त्रलाई ध्वस्त बनाउँछ! विश्व मानव जातिलाई अस्तित्वको नै चुनौति खडा गर्नेगरी कोरोनाले एउटा भयावह स्थितिको सिर्जना गर्छ र यसले आर्थिक अवस्था, सामाजिक अवस्था, दैनिकी लगायत मानसिक अवस्थामा समेत मानिसलाई प्रभावित गर्न सक्छ र ज्यानै तलमाथि हुने स्थिति सिर्जना हुन्छ। यति छोटो अवधिमा लगभग तीन लाख मानिसको ज्यान जाने स्थिति भएर विश्वलाई नै संकटपूर्ण अवस्थामा पुऱ्याउँछ भन्ने कल्पना गरिएको थिएन। तयारी पनि गरिएको थिएन।

कारोनाको पहिलो टेस्ट हामीले हंङ्कङ पठाएर गरेका थियौं, माननीयजीहरूलाई त्यो सम्झना होला नै। पहिलो टेस्ट हङकङ पठाएर




गरेपछि नै हामीले यहाँ परीक्षणको तयारी सुरु गर्‍यौं। केही दिनभित्रै हवाइ उडान बन्द छ र उत्पादन ठप्प छ। दुनियाँमा स्वास्थ्यसम्बन्धी उपकरणको उत्पादक र निर्यातकर्ता, मुख्य उत्पादक र मुख्य निर्यातकर्ता चीन रहेको सबैमा अवगत नै छ। कोरोना चीनबाटै सुरु भएर चीनमै फैलिई महामारीको रूप लिएपछि चीनमै पनि सारा उत्पादन बन्द भयो। केही समय त्यो उत्पादन चीनमा बन्द भएपछि स्वभाविक रूपमा त्यसको वितरणमा पनि समस्या भयो। यो भयावह स्थितिको परिकल्पना नगरेको स्थिति आइलाग्यो। त्यसले गर्दा चीनमा पनि पहिले जस्तो पर्याप्त उत्पादन त थिएन। यो जब देखा पर्‍यो, त्यसपछि मात्रै सुरु भयो। अरु देशहरूले पनि त्यति नै किट्स्, त्यति नै भेन्टिलेटर र अरु प्रकारका सामग्रीको तयारी गरेका थिएनन्। त्यत्तिकै मात्रामा आइसोलेसन, क्वारेन्टिनआदि विश्वमा कहीँ पनि तयारी गरिएको थिएन। हामी पनि त्यस्तै अवस्थामा थियौं। यो अनौठो कुरा भएन। त्यसपछि मात्रै हामीले तयारी तीव्र ढंगले सुरु गर्‍यौं।

एउटा तथ्य मैले स्पष्ट पार्नु पर्दछ, कतिपय संचार माध्यमहरूमा कताकता ओम्नी नामको कुनै कम्पनी वा संस्था आदिको पनि कुरा लिएर यतिसम्म भन्न पनि अप्ठ्यारो नमान्ने, यतिसम्म पनि भनिने अवस्था मैले देखेँ कि त्यो बालुवाटारसँग सम्बन्धित छ! ओम्नी भनेको मैले सुनेको पनि थिइनँ। कसको के हो ? थाहा पनि थिएन। व्यापार विजनेस मेरो विषय होइन, मेरो विषय त राजनीति हो। व्यापार विजनेस आदिमा म रुचि पनि राख्दिनँ, त्यसमा डिल पनि गर्दिनँ र मेरो सरोकार त्यसमा हुँदैन र छैन। अर्को कुरा

अहिले विशेष अवस्थामा मन्त्रालय, सम्बन्धित विभागको महानिर्देशकले खरीद प्रक्रिया छोटो माध्यमबाट अगाडि बढाउन सक्छ। र, उसले आफूभन्दा एक तह माथिको अधिकारीलाई त्यसको बारेमा जानकारी गराउँछ। अहिलेको कानूनी व्यवस्था यो हो। त्यसकारण  स्वास्थ्य सेवा विभागको महानिर्देशकले आफूले गर्ने काम हो यो। कुन प्रक्रिया कसरी अवलम्बन गरियो ? त्यस सम्बन्धमा म स्पष्ट गर्न चाहन्छु, । यदि कसैले कुनै एक रुपियाँ पनि तलमाथि गरेको छ भने, एक रुपियाँ पनि भ्रष्टाचार गरेको छ भने, अनियमितता गरेको छ भने त्यस सम्बन्धमा छानबिन हुन्छ र कारबाही हुन्छ। कोही पनि कारबाहीबाट उम्किन सक्दैन। तर, हरेक कुरामा भ्रष्टाचार मात्र देख्नु र अप्रमाणित ढंगले, जो मन परेको छैन, जोसँग रिस उठेको छ, त्यसैसँग लगेर जोडिदिनु, यो स्वस्थ तरिका होइन। यो भ्रष्टाचारविरोधी भावना र अभियान पनि हुन सक्दैन। भ्रष्टाचारविरोधी हाम्रो अभियान भनेको दोषीलाई दोषी करार गर्ने, निर्दोषलाई निर्दोष करार गर्ने हो। हरेकलाई भ्रष्टाचारी मात्र देख्ने, हरेकलाई भ्रष्टाचारी मात्रै भन्ने निराधार, त्यस प्रकारका कुराहरू मात्रै गर्ने, त्यसको कुनै जवाफदेही लिनु नपर्ने ? त्यस प्रकारको स्थिति भनेको भ्रष्टाचार विरुद्धको स्वस्थ स्थिति र अभियान होइन। कसैले पनि भ्रष्टाचार गर्छ भने हामी छाड्दैनौं। त्यो छानबिनको विषय हो। एउटा डाइरेक्टर जनरलले गर्ने काम त प्रधानमन्त्रीले हेर्दैन। सचिवलाई उसले रिपोर्टिङ गर्ने हो। यो सामान्य अवस्थाको प्रक्रुमेन्ट वा खरीद होइन। विशेष अवस्थाको खरीद प्रक्रिया हो। पीपीइ नपाएर अथवा स्वाब टेस्ट गर्ने पीसीइ नपाएर हामीलाई समस्या भइरहेको बेला सकेसम्म छिटो ल्याउनु पर्ने अवस्था थियो। एउटा देशले मूल्य तिरिसकेको स्थितिमा पनि त्योभन्दा बढी मूल्य तिरेर म उठाएर लान्छु भनेर अर्कोले लाने खालको हाहाकारको स्थिति थियो। त्यो त हामीले विश्व बजारमा नै देख्यौं। एउटाले मूल्य तिरेको छ, तर अर्कोले बढी मूल्य तिर्छु, म लान्छु भनेर बढी मूल्य तिरेर लगिसक्छ। एउटा देश हुँदै अर्को देशमा जाने उपकरणहरू हामीलाई नै चाहिन्छ, हाम्रो देशबाट अन्यत्र लैजान अहिले बन्द गरिएको छ भन्ने आदेश जारी गरेर त्यहीँ बलजफ्ती राख्ने कुरा पनि भयो। स्वास्थ्यसम्बन्धी जटिल समस्या, यति गम्भीर समस्या र यसले पैदा गरेको स्थिति भनेको कानूनको त्यति धेरै वास्ता नगर्ने अवस्था हो। यस्तो अवस्थामा पनि हामीले छिटो माध्यमबाट कसरी ल्याउन सकिन्छ? त्यो उपाय त गर्नुपर्दथ्यो र त्यस



**मुख्य कुरा छिटो माध्यमबाट, छोटो माध्यमबाट र उपयुक्त मूल्यमा सकेसम्म छिटो गुणस्तरीय समान प्राप्त गर्ने हाम्रो उद्देश्य हो। त्यस उद्देश्यमा हामी दृढ छौं। त्यसै उद्दे श्यअनुसार हामीले काम गरिरहेका छौं। त्यसै उद्देश्यअनुसार हामी अगाडि बढ्छौं।**

खालको कानूनी व्यवस्थाअनुसार एउटा मन्त्रालयको विभागीय प्रमुखले गर्ने हो, डीजीले निर्णय गर्ने हो। त्यसैअनुसार डिजीले गरेको हो। पछि भनेजति सामान भनेको समयमा आएन भन्ने आधारमा उनै डिजीले संझौता रद्द गरेको पनि देखियो। त्यससम्बन्धमा  छानबिन हुन्छ, छानबिन भएर दोषी पाइयो भने कारबाही हुन्छ। त्यसमा यति पीपीइ पाएको छैन, किट्स, इन्सट्रुमेन्ट यति पाएको छैन, सबैले बाँडेर खाए, यसले, उसले, त्यसले बाँडेर खाए भन्ने जुन एउटा अफवाह चलाउन खोजियो, त्यो विचित्र लाग्दो स्थिति हो। एउटा एउटा कम्पनीको पक्ष लिने, एउटा एउटा कम्पनी बोकेर हिंड्ने र त्यो कम्पनीले पाउनु पर्दथ्यो भन्ने र त्यसले पाएन भनेर उपद्रो मच्चाउने खालका त्यस्ता प्रवृत्तिहरूको शिकार हामी हुनुहुँदैन। कहाँकहाँ सञ्चार माध्यममा आयो ! त्यो के प्रवृत्ति हो भन्ने कुरा म बुझ्दिनँ। मलाई त्यस्तो प्रवृत्तिसँग कुनै लिनुदिनु पनि छैन। मुख्य कुरा छिटो माध्यमबाट, छोटो माध्यमबाट र उपयुक्त मूल्यमा सकेसम्म छिटो गुणस्तरीय समान प्राप्त गर्ने हाम्रो उद्देश्य हो। त्यस उद्देश्यमा हामी दृढ छौं। त्यसै उद्देश्यअनुसार हामीले काम गरिरहेका छौं। त्यसै उद्देश्यअनुसार हामी अगाडि बढ्छौं। सकेसम्म छिटो, सकेसम्म सस्तो र गुणस्तरीय सामान हामीलाई चाहिएको हो। किनभने हामी स्वास्थ्य संकटका कारण सिर्जित राष्ट्रिय संकटको स्थितिमा छौं। विश्व पनि संकटकै स्थितिमा छ। हामी राष्ट्रिय संकटको अवस्थामा छौं। त्यस्तो अवस्थामा हामीले त्यही संभव र छिटो विधि अपनाउनु

पर्छ। यदि त्यस विधिमा कहीँकतै त्रुटि छन् भने त्यसलाई सच्याउनु पर्छ, बदमासी छ भने कानूनबमोजिम कारबाही पनि हुन्छ नै।

हामी विभिन्न ढंगले तयारी गरिराखेका छौं। हामीसँग क्वारेन्टिनको संख्या ५७ हजार हाराहारी रहेको छ। विश्व स्वास्थ्य संगठनले भनेको गुणस्तरअनुसार नै ती पर्याप्त छन् भन्ने होइन। हाम्रो संख्या जसरी बढ्दै छ, भन्न जस्तो सजिलो छैन। हामी गुणस्तरीय पनि तयार गर्दैछौं, गुणस्तर निर्माण गर्दैछौं। हामी परीक्षणका उपकरण किट्स, पीपीइ पनि ल्याउँदैछौं, पुऱ्याउँदै पनि छौं। उपलब्ध हुन सहज थिएन । हामीले विभिन्न देशका नेताहरूका आह्वान र अभिव्यक्तिहरू सुनेका छौं– हामीसँग सामग्रीको अभाव छ। हामीसँग पहिले उत्पादन नै हुँदैन्थ्यो। अहिले हामी यति उत्पादन गर्न थालेका छौं, हामी पूरा गर्न थालेका छौं र हामी गुणस्तर कायम गर्ने प्रयास गरिराखेका छौं भन्ने गरेको पनि सुनिन्छ। हामीले पनि त्यहीँ गुणस्तर कायम गर्ने प्रयास गरिराखेका छौं। तर त्यो प्रयास सबै ठाउँमा भइसक्यो भन्ने छैन। किनभने, हामीसँग धेरै चिजका सीमा *(लिमिटेसन)* छन्। म माननीयजीहरूलाई अवगत गराउन चाहन्छु, डब्लुएचओले तोकेको मापदण्ड अनुसारका गुणस्तरीय क्वारेन्टिन, परीक्षण र सबै चिजमा हामी कोशिस अवश्य गर्छौं। तर हामी हाम्रो देशको स्थितिअनुसार काम गरिराखेका छौं।

अर्को विभिन्न संवैधानिक आयोगहरू गठन भएका छैनन् भन्ने कुरा उठेको छ। मैले एउटा नयाँ कुरा पनि आज सुनेँ। पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाजीले आयोगहरू गठन गर्नुभएको थियो भन्ने पनि सुनें। म प्रधानमन्त्री भएर आउँदा त आयोगहरू गठन भएका थिएनन्। कतिबेला आयोगहरू गठन भएका थिए ? त्यो मेरो जानकारीमा रहेन। म आउँदा संविधानअनुसार गठन भएका आयोग त थिएनन्। मैले गठन गर्ने प्रयास गरेको हुँ। विभिन्न कारणले त्यसमा विलम्ब भएको छ। त्यो विलम्ब किन भयो भनेर म कसैतर्फ इंगित गर्न चाहन्नँ। विलम्ब भएको छ, विलम्ब नहुनु पर्दथ्यो। अब छिट्टै गठन गरिनेछ। छिट्टै गर्नका लागि अस्ति अध्यादेश पनि जारी गरिएको थियो, माननीयजीहरू, नेताजीहरू र अरु धेरै साथीभाइहरूको सुझावअनुरूप यो संसदबाटै गरौंला, यसलाई अध्यादेशबाट किन ल्याइयो भनी आशंका पैदा भयो भन्ने खालका कुराहरू आएको हुनाले जनभावनाको कदर गर्दै



**अहिले यो सरकार बनेको २ वर्षको अवधि हेर्ने हो भने विदेश जानु पर्ने स्थितिमा न्यूनता आएको छ। विदेश जाने क्रममा पनि न्यूनता आएको छ। देशमा स्वरोजगारका अवसरहरू सिर्जना गर्ने वा रोजगारीका अवसर सिर्जना गर्ने र विदेश जानबाट युवाहरूलाई देशभित्रै काम गर्नेतर्फ आकर्षित गर्ने प्रयासहरू अगाडि बढेका छन्।**

मैले फिर्ता लिएँ। उचित अनुचितको त्यो कुरा बेग्लै हो। उचित थियो कि अनुचित थियो ? त्यसको बेग्लै मूल्याङ्कन गरौंला, तर जनभावनाको कदर गर्दै त्यसलाई फिर्ता लिने काम भएको छ र मौजूदा कानूनअनुसार नै हामी सम्झदारीका साथ दलित, महिला लगायतका आयोगहरू गठन गर्ने र त्यस सम्बन्धमा हाम्रो संविधानबमोजिम संवैधानिक हिसाबले र हाम्रा कानूनले, कानूनी हिसाबले भेदभावलाई, छुवाछुतलाई दण्डनीय मानेका क्षेत्रहरूमा हामीले दण्डका प्रावधान र अभ्यास पनि थालिसकेका छौं। अब नेपाल छुवाछुतयुक्त हुन सक्दैन, छुवाछुतमुक्त छ। नेपालमा छुवाछुतजस्ता कुराहरूलाई दण्डनीय बनाइएको छु। म साथीहरूलाई आग्रह गर्न चाहन्छु, सरकारले त्यसअनुसार नै आवश्यक पहल गर्नेछ।

विदेशमा भएका नेपालीहरू किन नल्याएको भन्ने कुरा पनि यहाँ उठाइएको छ। हाम्रो देश एउटा श्रम शक्ति निर्यात गर्ने अवस्थामा रहेको छ। हामीले धेरै देशहरूसँग श्रम सम्झौता गरेका छौं। कहीँ श्रम सम्झौता नभएका देशमा पनि श्रमिकहरू र युवाहरू गएका छन्। के के कारणले जानु पऱ्यो, किन किन जानु पऱ्यो त्यो बेग्लै कुरा हो। अहिले यो सरकार बनेको २ वर्षको अवधि हेर्ने हो भने विदेश जानु पर्ने स्थितिमा न्यूनता आएको छ। विदेश जाने क्रममा पनि न्यूनता आएको छ। देशमा स्वरोजगारका अवसरहरू सिर्जना गर्ने वा रोजगारीका अवसर सिर्जना गर्ने र विदेश जानबाट युवाहरूलाई देशभित्रै काम गर्नेतर्फ आकर्षित गर्ने प्रयासहरू

अगाडि बढेका छन्। फेरि पनि ४५/५० लाख युवाहरू विदेशमा छन् भन्ने कुरा छ। चार महिना अगाडि कोरोना नबढ्दासम्म, तीन महिना जति अगाडि पनि हामीले यस्तो लकडाउन गर्नु परेको थिएन, यस्ता अरु कुराहरू गर्नुपरेको थिएन। कोरोना नफैलिँदासम्म, रोजगारी नखोसिंदासम्म अथवा कोरोना फैलिएर भयावह स्थिति सिर्जना नहुँदासम्म, उद्योग धन्दाहरू वा आफ्ना कामका क्षेत्रहरू बन्द नहुँदासम्म यस्तो स्थिति आउँछ भन्ने थिएन। हामी यसै कल्पना गर्न सक्छौं यदि ४०/४५ लाख युवाहरूलाई हामीले ल्याउने हो भने हाम्रा सबै जहाज प्रयोग गर्दा ४५ लाख युवाहरूलाई देशभित्र ल्याउन कति समय लाग्छ ? मैले अहिले मौखिक हिसाब गर्न गणितमा अलिक कमजोर छु। ४५ लाख युवाहरूलाई देशभित्र ल्याउन हामीसँग कतिवटा जहाज छन् ? २/४ वटा होलान्। ती जहाज लगातार हामीले उडायौं भने कति समय लाग्छ ? कति महिना लाग्छ ? यो यस्तो सहज विषय होइन। अमेरिकाले डेढसय नागरिक नेपालबाट विमान चार्टर्ड गरेर फिर्ता लगेजस्तो यो अवश्य होइन। अष्ट्रेलियाले अढाइसय मान्छे फिर्ता लग्यो भनेजस्तो पनि यो होइन। कतारका केही मान्छे यहाँ थिए, तिनीहरूलाई जहाज चार्टर्ड गरेर फिर्ता लानुजस्तो पनि होइन। कतारले फिर्ता लगेको भए १ सय जना लगेको होला। तर हाम्रो त कतारमा मात्रै पौने चारलाख जति युवाहरू छन्। त्यसकारण कतारले डेढ सय, एकसय मान्छे लानु र हामीले पौने चारलाख मान्छे फिर्ता ल्याउनु एउटै कुरा होइन। कतारबाट मात्रै पौने चार लाख मान्छे फिर्ता ल्याउने हो भने ती पौने चार लाखलाई हामीले क्वारेन्टिनमा राख्नुपर्छ। भन्न सजिलो छ, गर्न यो निकै गाह्रो छ। सरकारले कुन जनशक्तिले व्यवस्था गर्छ ? के ले गर्छ ? जनशक्ति नै बाहिर छ, अनि के ले गर्छ ? त्यसकारण हामीले ल्याउन नदिने, देश फर्किन नदिने भनेको होइन। ल्याउने तयारी हुँदैछ। तर कति ल्याउन सकिन्छ, कति ल्याउनु पर्छ, कति ल्याउनैपर्ने स्थितिमा छन्? त्यसको हिसाबकिताब हुँदैछ। म यस गरिमामय सदनलाई जानकारी गराउन चाहन्छु, मैले कतारका प्रधानमन्त्रीसँग कुरा गरेको छु, युएईका उपराष्ट्रपतिसँग कुरा गरेको छु, जो अहिले राष्ट्रपतिज्यूको स्वास्थ्यको कारणले डिफ्याक्टो रुलरका रूपमा हुनुहुन्छ। कुवेत, ओमन, बहराइन र साइप्रसमा कुरा गरेको छु। इजरायलका राष्ट्रपतिसँग पनि कुरा गरेको छु। र, हाम्रा नागरिक तपाईंहरूको देशको आर्थिक उन्नति र विकास निर्माण



**नक्सा प्रकाशनजस्तै जमिन फिर्ता लिन सजिलो भएको भए त हिजै बेलुका फिर्ता आइसक्थ्यो। अवश्य छैन, नक्सा बनाउनजस्तो सजिलो छैन। तर नक्साले हाम्रो एउटा दृढतालाई प्रतिबिम्बित गर्छ। हामी जमिन फिर्ता लिनेवाला छौं। फिर्ता लिएरै छोड्नेवाला छौं। किनभने यो हाम्रो भूभाग हो**

आदिको लागि आउनु  भएको हो, अप्ठ्यारो पर्ने बित्तिक्कै तपाईंहरूले तुरुन्त पठाउने खालको काम गर्नु हुँदैन भनेको छु। कुवेतमा गैरकानूनी ढंगले बसिराखेका ३५ सय जति नेपाली छन्। त्यो कुराकानी पछि उहाँहरूले दण्ड नगर्ने, रजिष्टर गर्न दिने, *इलिगललाई लिगल स्टाटस*तिर आउन दिने, कमसेकम दण्डनीय नबनाउने र कोरोनाको स्थिति सकिएपछि कुटनीतिक तबरबाट उनीहरू त्यहीँ काम गर्न चाहन्छन् वा फर्किन चाहन्छन् भन्ने एकीन गर्ने समझदारी भएको छ। साउदी अरेबियासँग हाम्रा परराष्ट्र मन्त्रीजीले कुरा गर्नुहुँदा हामी तपाईंहरूका नागरिकहरूलाई आफ्नै नागरिकसरह खानेबस्ने प्रबन्ध गर्नेछौं भन्ने कुरा भएको छ। बिरामी हुँदा उपचार गर्ने प्रबन्ध गर्नेछौं भन्नुभएको छ। तपाईंहरूले चिन्ता गर्नुपर्दैन, चिन्ता लिनुपर्दैन भन्ने कुरामा उहाँले आश्वस्त पार्नुभएको छ। त्यहाँका राष्ट्रपति, उपराष्ट्रपति र प्रधामन्त्रीले भनेको कुरा यतिकै भनिएको त होइन। हामी त्यहाँको एम्बेसीसँग सम्पर्कमा छौं, कतिबेला कति मान्छे उद्धार गर्नुपर्छ  त्यहाँबाट, कति मान्छे ल्याउनु पर्छ, कसरी ल्याउने भन्ने तयारीमा छौं। सेन्टिमेन्टमा मान्छे ल्याउने, ह्वारह्वार्ती मान्छे ल्याएर क्वारेन्टाइनमा पनि राख्न नसक्ने, केही पनि गर्न नसकेर कोरोना मात्र फैलाउने अनि देश नै सर्वनाश बनाउने, त्यसप्रकारको भद्रगोल सिर्जना गर्ने मनस्थितिमा हामी छैनौं। हाम्रो भनाइ हो, देशभित्र भएका नागरिकहरूको पनि सुरक्षा हुनुपर्‍यो, बाहिर हुनेको पनि समस्या समाधान हुनु पर्‍यो। आउन चाहने वास्तविक समस्या भएकाहरूको लागि पनि सम्बोधन गर्नुपर्‍यो। त्यसकारण सरकार जेन्यून समस्याहरूमा

परेका र विदेशमा रहेका नागरिकको समस्या सम्बोधन गर्नेदेखि लिएर देशभित्र रहेका नागरिकहरूको जीवन रक्षा र सुरक्षाको यथोचित प्रबन्ध गरेर यी दुईवटै कुरालाई संयोजित ढंगले संबोधन गर्ने कुरामा स्पष्ट छ, दृढ छ र क्रियाशील छ। म माननीयजीहरूले उठाउनु भएका प्रश्नहरूमार्फत सम्मानित सदनसमक्ष जानकारी गराउन चाहन्छु।

एकजना माननीयजीले एउटा प्रश्न नक्सा बनाउनजस्तो जमिन फिर्ता लिन सजिलो छैन भनेर उठाउनु भएको छ। नक्सा प्रकाशनजस्तै जमिन फिर्ता लिन सजिलो भएको भए त हिजै बेलुका फिर्ता आइसक्थ्यो। अवश्य छैन, नक्सा बनाउनजस्तो सजिलो छैन। तर नक्साले हाम्रो एउटा दृढतालाई प्रतिबिम्बित गर्छ। हामी जमिन फिर्ता लिनेवाला छौं। फिर्ता लिएरै छोड्नेवाला छौं। किनभने यो हाम्रो भूभाग हो। सजिलो छ भनेको होइन। हामीलाई भारतको भूगोल, भारतको जनसंख्या, भारतको अवस्था र हाम्रो अवस्थाको भिन्नता थाहा छ। तर यी भिन्नताहरू न्याय निरूपणमा प्रतिबिम्वित हुनुहुँदैन। सत्य स्थापनामा प्रतिबिम्वित हुनुहुँदैन। सत्य सत्य हो। आकार, प्रकार, हैसियत हेरेर न्याय निरूपण र सत्य स्थापना हुँदैन र सत्य स्वीकार गर्न पनि सकिंदैन। अलिकति कठीन काम होला, तर कठीन काम भए पनि हामी गर्छौं। हामी यस मामिलामा दृढ छौं भन्ने कुरा फेरि म स्पष्ट पार्न चाहन्छु।

भारत वार्तामा बस्छ कि बस्दैन भनेर माननीयजीहरूले सोध्नुभयो। अलिकति विलम्ब भएको छ, तर वार्तामा नबस्ने भन्ने कुरा हुन्छ भन्ने मलाई लाग्दैन, वार्ता हुन्छ। हामी तथ्य प्रमाणहरू वार्ताको टेबुलमा प्रस्तुत गर्छौं। हामी कुनै उत्तेजनामा छैनौं, आवेशमा छैनौं, गम्भीर छौं। हामी त्यस गम्भीरताका साथ, तथ्य प्रमाणको आधारमा अत्यन्त मैत्रीभावका साथ कुरा गर्छौं। नेपाल र भारत दुईवटा छिमेकी मित्रराष्ट्र हुन्। यो मित्रतामा ऐतिहासिकता छ। यो मित्रता अनेक हिसाबले साँस्कृतिक, आर्थिक र सामाजिक अनेक पक्षहरूबाट पनि परस्परमा बाँधिएको छ। यस्तो मित्रतामा कुनै पनि कुराले दरार पैदा गर्न दिनुहुँदैन। यस्तो मित्रतालाई पारस्परिक सम्मान, समानता र न्यायको आधारमा एकअर्काको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई स्वीकारेर, त्यसलाई व्यवहारमा अवलम्बन गरेर नै हामीले



**असुरक्षित स्थितिबाट सुरक्षित स्थितिमा पुऱ्याउने र कोरोना भगाउने कुरा सबैभन्दा पहिलो कुरा हो। बाँकी कुराहरूमा हामी सिंगै अर्थतन्त्र उठाउँछौं, देशको विकास गर्छौं, यो यत्तिकै भनिराखिएको छैन, योजनाबद्ध ढंगले भनिरहेका छौं।**

सुदृढ गर्नुपर्दछ। यसको अर्थ हामी भारतसँग कुनै तनाव चाहिरहेका छौं र ? हुँदै होइन। हामी भारतसँग तनाव होइन, तनावरहित, सुमधुर र समस्यारहित मित्रता चाहन्छौं। भारतको वर्तमान सरकारले नै यो समस्या खडा गऱ्यो भन्ने होइन। अहिले आएर बाटो उद्घाटन गऱ्यो होला, बाटो अलिकति खन्यो होला अथवा नक्सा छाप्यो होला! तर, हाम्रो भूभाग भारततिर परेको वा भारतले कब्जा गरेको अहिलेको सरकार हुँदा होइन, पहिलेका सरकारहरू हुँदा हो। हाम्रो तर्फबाट छोडिएको वा नजरअन्दाज भएको पनि अहिलेको सरकारको समयमा होइन, त्यो पनि इतिहासको भूल हो, त्रुटि हो र गल्ती हो। दुईवटै सरकारले इतिहासका ती गल्तीहरू र त्रुटिहरूलाई सच्याउनु पर्दछ। अब ती गल्ती कायम रहन दिनु हुँदैन। ती गल्ती सच्याएर मित्रतालाई सुदृढ गर्नु पर्दछ। मित्रतालाई उचाइमा लैजानु पर्दछ। आआफ्नो भूमि आआफूले चर्चिने, आआफ्नो नक्सा यथोचित ढंगले बनाउने गर्नुपर्दछ। हामीले उहिले त वर्तमान भूभागका लागि लडाइँ नै गरेको हो। सुगौली सन्धिमा लडाइँका क्रममा लडाइँ लड्न हाम्रो सामर्थ्यले अलिकति गाह्रो भएर हामीले कतिपय भूभाग गुमाएर सम्झौता गरी अहिलेको भूभागमा हामी सीमित भएका हौं। त्यतिबेला, लडाइँको बेला गरिएको सम्झौता आज लडाइँ नभएका बेला, सुमधुर मैत्री सम्बन्ध कायम भएका बेला, यस्तो बेलामा लडाइँको बेला स्वीकार गरिएको सीमाना शान्तिपूर्ण मित्रताका बेला थिचोमिचो गरिनु र अतिक्रमण गरिनु कदापि बाञ्छनीय हुन सक्दैन। कदापि ग्रहणीय हुन सक्दैन। त्यो

स्वीकार्य हुन सक्दैन। त्यसकारण हामी भारतसँगको मित्रतालाई सुदृढ बनाउनको लागि पारस्परिक मित्रतालाई अझ उचाइमा लैजानको लागि २१ औं शताब्दी सुहाउँदो, सार्वभौम समानता, पारस्परिक न्याय र सम्मान र लाभका आधारमा नै हामी यसलाई विकसित गरेर जान चाहन्छौं। अहिलेको सीमा विवाद अब टुङ्ग्याइहालौं, वार्ताद्वारा यसलाई टुङ्ग्याऔं। तथ्यका आधारमा टुङ्ग्याऔं भनेको दुश्मनी होइन, वैरभाव होइन। मित्रभाव हो। हामी भारतसँग पूर्ण मित्रभावका साथ यो प्रस्ताव गरिराखेका छौं, कृपया हाम्रो भूमि फिर्ता गर्नुहोस्। अनि, वास्तविक मित्रता र मनदेखिको मित्रता सुदृढ गरौं। अहिले मित्रताभन्दा पनि कस्तो हुन्छ भने हाम्रो जमिन खोसेको छ, थिचेको छ, मिचेको छ, त्यस्तो पर्ने खालको भावका साथ होइन, एकदम दिल खोलेर मित्रता गर्नसक्ने स्थिति निर्माण गरिहालौं भन्ने हाम्रो प्रस्ताव हो। त्यसकारण यसमा धेरै सजिलो छैन, तर यो असजिलो विषय पनि होइन। सत्यमेव जयते हामीले भन्ने त्यही हो!

मैले भन्ने गरेको छु, आर्थिक उन्नति गर्न सकिन्छ। हामी प्रविधिको विकास पनि गर्न सक्छौं। आर्थिक उन्नति पनि गर्न सक्छौं। तर, मानवीय क्षति, मान्छेको गएको ज्यान फिर्ता ल्याउन सक्दैनौं। अहिले घाटा भयो भने हामी फेरि पूर्ति गर्न सक्छौं। तर मानवीय क्षतिले जेजे लिएर जान्छ, त्यो कुरा परिपूर्ण हुँदैन। त्यसकारण हाम्रो पहिलो प्रयाश ह्यूमन सेन्ट्रिक, अर्थात् मानवकेन्द्रित नै हुनुपर्छ। हाम्रा प्रयासहरू पहिले मान्छे बचाउनबाट सुरु हुन्छन्, मान्छे बचाउनबाट अगाडि बढ्छन् र मानवीय सुरक्षा गर्न कोभिड–१९ बाट अर्थतन्त्रमा पार्ने प्रभावभन्दा जनताको जीवनमा पार्ने प्रभाव, जनताको ज्यानमा पार्ने प्रभाव पहिलो कुरा हो। पहिले हामी ज्यान जोगाउनेतर्फ लाग्छौं। यसको अर्थ अरु चिज गर्दैनौं भन्ने होइन। तर हाम्रो प्रमुख ध्यानचाहिँ मान्छेको ज्यान जोगाउने कुरामा नै केन्द्रित हुन्छ। त्यसपछि अरु क्षेत्रमा ध्यान दिनुपर्दछ। निजी क्षेत्रले पनि पहिले ज्यान जोगाउनु पर्छ। किनभने, यसले धनी गरिब त चिन्दैन। ठूलो पद र ओहोदा पनि चिन्दैन। धनीगरिब नचिन्ने, पदओहोदा पनि नचिन्ने र केही नचिन्ने भएको हुनाले ठूलो ओहोदाधारी होस् वा सम्पत्तिधारी होउन् वा उद्योगधारी होउन् वा जेसुकैधारी होउन्, जे भए पनि पहिले ज्यान जोगाउनु पर्दछ। निजी क्षेत्रका व्यक्तिको पनि ज्यान जोगाउने नै पहिलो कुरा हो। कोही सुरक्षित



**हामी वडावडासम्म डब्लुएचओले भनेका मापदण्ड अनुसारका क्वारेन्टिन बनाउँछौं। ठ्याक्कै मापदण्ड पुग्छ कि पुग्दैन भन्छन् नि यूरोपियन स्ट्याण्डर भनेजस्तै, त्यो पुग्छ कि पुग्दैन भन्ने कुराको हकमा कतिपय ठाउँमा हाम्रा क्वारेन्टिनहरू, हाम्रा गाउँहरू, शहरमाजस्तो कतिपय कुरा लागू हुँदैन होला।**

छैन। असुरक्षित स्थितिबाट सुरक्षित स्थितिमा पुऱ्याउने र कोरोना भगाउने सबैभन्दा पहिलो कुरा हो। बाँकी कुराहरूमा हामी सिंगै अर्थतन्त्र उठाउँछौं, देशको विकास गर्छौं, यो यत्तिकै भनिराखिएको छैन, योजनाबद्ध ढंगले भनिराखेका छौं। र, काम पनि भइरहेको छ।

परीक्षण किट्समा पनि भ्रष्टाचारको आशंकाको कुरा आयो। आशंका मात्रै गर्दा त केही उपाय हुँदैन। तर मैले अघि नै भनें, यस्तो स्थितिमा, कोरोनाको महामारी चलेको बेला, देश नै आतंकित भएको बेला, जनताको ज्यान गम्भीर ढंगले खतरामा पर्दै गएको बेला कसैले यसमा पनि भ्रष्टाचार गर्छ भने त्यस्तो जोकाहीलाई कानूनबमोजिम हदैसम्मको सजाय दिइनेछ। कोही उम्किन पाउने छैन। तर यतिबेला पहिले संक्रमितको जाँचतिर लाग्ने कि भ्रष्टाचारको छानबिनतिर लाग्ने ? हामी जाँचतिर पहिले लाग्ने र सँगसँगै भ्रष्टाचार छ कि भनेर सजग पनि हुने हो। भ्रष्टाचार रहेछ भने त त्यो हामी भोलि पनि हेर्न सक्छौं, छानबिन भोलि पनि गर्न सक्छौं। अहिलेचाहिँ हामीले मुख्य रूपमा जाँचमा नै ध्यान दिनुपर्छ।

एकजना माननीयले डेमोक्रेसी इज डेमोक्रेसी यसको डिफिनेसन चाहिंदैन भन्नुभयो। डेमोक्रेसी थुप्रै प्रकारका छन्। देशदेशका डेमोक्रेसी छन्। आआफ्नो डिफिनेसनका डेमोक्रेसी छन्। त्यसकारण *डेमोक्रेसी सुड बी डिफाइन्ड, डेमोक्रेसी सुड बी डिफाइन्ड इन इट्स हाइएस्ट*

*वेय*। यसलाई डिफाइन्ड नै गर्न सकिंदैन, गर्नै हुँदैन भन्ने होइन। मानव जातिले प्राप्त गरेका, सबैभन्दा पछिल्ला प्रयोगबाट प्राप्त गरेका सफलता र असफलताका अनुभवहरूबाट डेमोक्रेसी डिफाइन्ड हुन्छ। डेमोक्रेसीको डिफिनेसनमा पहिलो कुरा *डेमोक्रेसी सुड बी पिपुलस् डेमोक्रेसी* हो। यस कुराले साथीहरूलाई अलिकति झस्को पर्ला। आइडोलोजिकल झस्को पर्ला। मसँग झस्को पऱ्यो भने अब्राहम लिंकनलाई सोध्नुहोस्, अब्राहम लिंकनको किताब पढ्नुहोस, झस्को हराउँछ। किनभने डेमोक्रेसी उनले डिफाइन्ड गरेका छन् - *फर द पिपुल, अफ द पिपुल, बाइ द पिपुल*। त्यसकारण मैलेभन्दा झस्को पर्छ भने अब्राहम लिंकनलाई सोध्दा, अब्राहम लिंकनको किताब पढ्दा त्यो झस्को हराउँछ भनेको हुँ।

भारतलाई सोधिएजस्तै डिप्लोमेटिक नोट अथवा चीनसँग सोधिएको छ? वार्ता भएको छ कि छैन भनेर सोध्नु भएको छ। हाम्रो सरकारी प्रतिनिधिले चीन सरकारका अधिकारीसँग कुरा गर्नुभएको छ। चीन सरकारका अधिकारीले यस सम्बन्धमा लिम्पियाधुराको सडकसम्बन्धी चीन-भारत सम्झौता परम्परागत हिसाबले एउटा तीर्थ यात्राको सन्दर्भमा र परम्परागत ट्रेड रुटको सम्बन्धमा मात्र कुरा गरिएको हो, त्यसले सीमासम्बन्धी प्रश्नमा वा अन्य प्रश्नमा कुनै असर गर्दैन। र, त्यस कुरामा भारतले नेपालसँग पनि कुरा गर्छ र यो सीमासँग सम्बन्धित छैन भन्ने कुरा चीनले हामीलाई स्पष्ट पारेको छ। चीनले हामीलाई बताएअनुसार यो कुरा भारतलाई पनि जानकारी गराइएको छ।

मैले अघि नै भनेँ, हामी सबैतिर बराबरीको सम्बन्ध राख्छौं, कुनै देशप्रति आग्रह, पूर्वाग्रह राखेर होइन। हाम्रो देशप्रतिको समवेदनशीलता, हाम्रो भूमिप्रतिको संवेदनशीलतालाई हेरेर हामीले दुबैतिर पत्राचार गरेका छौं, कुरा गरेका छौं। आवश्यक सबैतिर कुरा भएको छ।

कोरोनाको उपचार सम्बन्धमा, उपचारको तयारीको सम्बन्धमा मैले पहिले बोल्दा पनि भनेँ। हामी वडावडासम्म डब्लुएचओले भनेका मापदण्ड अनुसारका क्वारेन्टिन बनाउँछौं। ठ्याक्कै मापदण्ड पुग्छ कि पुग्दैन भन्छन् नि यूरोपियन स्ट्याण्डर भनेजस्तै, त्यो पुग्छ कि पुग्दैन भन्ने कुराको हकमा



**यतिबेला हामी अरु कुरातिर अल्मलिनुभन्दा कोरोना भाइसका विरुद्ध केन्द्रित भएर लाग्नु परेको छ। अर्कोतिर सिंगै देश एकजुट भएर हाम्रो भूभाग फिर्ता ल्याउने ठोस काममा हामीले पाइला अगाडि बढाइसकेका छौं। अब यस पाइलालाई नरोकिकन टुंगोमा पुऱ्याउनु छ। तर यस्तो अवस्थामा हाम्रो सिंगै देश एकजुट हुनु आवश्यक छ।**

कतिपय ठाउँमा हाम्रा क्वारेन्टिनहरू, हाम्रा गाउँहरू, शहरमा जस्तो कतिपय कुरा लागू हुँदैन होला। घरमा बसेको हुन्छ, खेतबारीमा काम गरिराखेको हुन्छ। टाढा घर हुन्छ, त्यहाँ मेन्टेन गर्ने भनेको कसैसँग पनि सम्पर्क भएको छैन भने सोसल डिस्ट्यान्सको पनि खासै अर्थ हुँदैन। त्यसकारण हाम्रा गाउँगाउँको स्थिति, पहाडी जिल्लाको स्थिति अलिकति फरक पनि हुनसक्छ। तर मुख्य कुरा कोभिड-१९ को संक्रमण हुनबाट बचाउने कुराको प्रत्याभूति हो। त्यस प्रत्याभूतिलाई ध्यानमा राखेर हामीले काम गर्नुपर्छ।

सुन काण्डको मुद्दा किन सार्वजनिक भएन भन्नुभयो केही माननीयजीले। सार्वजनिक हुने भनेको के हो भन्ने नै मैले बुझिनँ। अदालतमा मुद्दा चलेको छ, मान्छे झ्यालखानामा छ। ओसारपसार हुने गरेको रहेछ, त्यो ओसार पसारका दुलागौँडा सबै टालिए। सुन ओसारपसार हुन छाड्यो। जो बाहिर लगिएको थियो, त्यो कहाँ लग्यो भन्ने जान्न त अरु देशमा गएर खोज्ने कुरा भएन। त्यो पहिल्यै गइसकेको कुरा हो। अहिले जान पाएको छैन, जान पाउँदैन। पहिले ओसारपसार गर्नेलाई कारवाही गरिएको छ।

एउटा संस्मरण, संसद्मा एकजना पाको विद्धान मित्रको प्रश्नमाथि छ। उहाँले अलिकति बुज्रुक तरिकाले प्रश्न गर्नुभएको छ। नेबिल च्याम्बरलिनलाई अरुले *इनअफ इनअफ* भनेको होइन, आफ्नै पार्टीकाले *इनअफ इनअफ* भनेका थिए भन्नुभयो। कहिलेकहिले त्यस्तो *इनअफ इनअफ* भनेको

हामीले देखेका छौं, त्यसअनुसारको एक्सन, व्यवहार गरेको पनि देखेका छौं। कृष्णप्रसाद भट्टराईजीलाई अगाडि सारेर चुनाव लडियो, उहाँलाई प्रधानमन्त्री बनाउँछु भनियो, तर छ महिना पनि टिक्न दिइएन *इनअफ इनअफ* भनियो। त्यसभन्दा पछि चर्चिल कोही पनि आएन। यस्ता धेरै अनुभव देखेर आउनु भएका साथीले एकाध असन्तुष्टिका आवाज यताउता सुनेर आफ्नै पार्टीभित्र इंगित गर्नुभएकोमा धन्यवाद छ। तर खुशीको कुरा त्यस्तो केही पनि छैन। सजग गराउनु भएकोमा धन्यवाद छ। पुराना अनुभवबाट हामीले शिक्षा लिने हो, सिक्ने हो।

संविधान संशोधन प्रस्ताव कहिले आउँछ भन्ने पनि प्रश्न गर्नुभएको छ। संविधान संशोधनसम्बन्धी प्रस्ताव छिट्टै संसदमा प्रस्तुत हुन्छ। मैले भनेँ, अरु थुप्रै विषय पनि होलान्। संविधान असंशोधनीय विषय होइन भनेर उहिलेदेखि नै मैले भनिरहेको छु। संविधान असंशोधनीय दस्तावेज होइन, आवश्यकताअनुसार संशोधन हुन्छ, औचित्यका आधारमा नै संशोधन हुन्छ। तर यतिबेला हामीलाई यो नक्सासँग सम्बन्धित विषय अनुसुची ३ मा रहेको हाम्रो निशान छाप अनुसूची ३ मा भएको हुनाले र हामीले लगाउने लोगोमा त्यो सबै अनुसूचीबाट आउने भएको हुनाले त्यसलाई संशोधन गर्नु र नेपालको नक्सालाई संविधानले सबै कुरालाई चिन्ने, तर नक्सालाई नचिन्ने भन्ने कुरा हुँदैन। नक्सालाई पनि संविधानले वास्तविक अर्थमा चिन्नु पर्दछ। संविधान संशोधन त्यसै बुँदामा आउँछ। हामी सर्वसम्मतिले त्यसलाई पारित गर्नेछौं। मोटामोटी समूहगत रूपमा मैले माननीयजीहरूका प्रश्नको सम्बन्धमा जवाफ प्रस्तुत गरेँ भन्ने मैले ठानेको छु। म प्रश्नका लागि माननीयजीहरूलाई फेरि पनि हार्दिक धन्यवाद भन्न चाहन्छु। सबैलाई यो नीति तथा कार्यक्रमलाई एकदम फराकिलो नजरले हेर्न आग्रह गर्छु। हामी कोरोना भाइरसको हिसाबले एउटा अप्ठ्यारो स्थितिमा छौं। कोरोना भाइरसभन्दा पछि पनि हामी राजनीतिक हिसाबले वादविवाद गर्न सकौंला। सैद्धान्तिक बहस गर्न सकौला, छलफल गर्न सकौंला र विभिन्न विषयमा विचार विमर्श गर्न सकौंला। कोरोना भाइरसपछि हामी धेरै कुरा गर्न सक्छौं। यतिबेला हामी अरु कुरातिर अल्मलिनुभन्दा कोरोना भाइसका विरुद्ध केन्द्रित भएर लाग्नु परेको छ। अर्कोतिर सिंगै देश एकजुट भएर हाम्रो भूभाग फिर्ता ल्याउने ठोस काममा हामीले पाइला अगाडि बढाइसकेका छौं। अब



**यस नीति तथा कार्यक्रमले कोरोनासँग लडाइँ लड्ने, देशको हितको निम्ति काम गर्ने, देशको भूभाग फिर्ता गर्ने लगायतका धेरै महत्वपूर्ण कुराहरू र सँगसँगै सामाजिक जीवनका सबै पक्षहरूलाई सावधानीका साथ सन्तुलित ढंगले अगाडि बढाउने कुरा पनि अघि सारेको छ।**

यस पाइलालाई नरोकिकन टुंगोमा पुऱ्याउनु छ। तर यस्तो अवस्थामा हाम्रो सिंगै देश एकजुट हुनु आवश्यक छ।

यतिबेला म सबै पार्टीका, सबै माननीयजीहरूमा हार्दिक आग्रह गर्न चाहन्छु कि यस नीति तथा कार्यक्रमलाई सर्वसम्मतिले सबैले पारित गरौं। सबैले यसको पक्षमा मतदान गरौं, मेरो हार्दिक आग्रह छ। म किन पनि यो आग्रह गर्छु भने यसमा कहिलेकहिले कसरी गर्ने भन्ने पनि प्रश्न उठ्ला। पहिलो वर्षको नीति कार्यक्रममा प्रमुख प्रतिपक्षी दलसमेत कसैले पनि हुन्न भनेनन् र सर्वसम्मतिले पारित भएको थियो। नेपाली काँग्रेसको प्रतिपक्षीय भूमिका वा प्रमुख प्रतिपक्षको भूमिका त्यसले न्यून गरेको थिएन अथवा त्यसबाट प्रमुख प्रतिपक्षको भूमिका वा प्रतिपक्षको भूमिका कमजोर भएको पनि थिएन। नीति तथा कार्यक्रम समयानुकूल ढंगले आएको छ। यस नीति तथा कार्यक्रमले कोरोनासँग लडाइँ लड्ने, देशको हितको निम्ति काम गर्ने, देशको भूभाग फिर्ता गर्ने लगायतका धेरै महत्वपूर्ण कुराहरू र सँगसँगै सामाजिक जीवनका सबै पक्षहरूलाई सावधानीसाथ सन्तुलित ढंगले अगाडि बढाउने कुरा पनि अघि सारेको छ।

मेरो आग्रह छ, कुनै कुरा छन् भने सरकार सुन्न, विचार गर्न, माननीयजीहरूका कुरा कान खोलेर, मन खोलेर र दिल खोलेर सुन्न तयार छ। तसर्थः म सबै माननीयजीहरूमा आग्रह गर्न चाहन्छु, यस प्रस्तावलाई समर्थन गर्नको

लागि मेरो विनम्र अनुरोध छ। समर्थन गर्नुहुनेछ भन्ने मैले आशा मात्र होइन, विश्वाससमेत लिएको छु।

हामीसँग अभ्यास पनि छ, पहिलो संसदमा हामीले नीति तथा कार्यक्रम सर्वसम्मतिले नै पास गरेका थियौं। त्यसले हाम्रो बीचमा एउटा बेग्लै एकताको भावना जगाएको थियो। त्यसले नोक्सान गरेको थिएन। म यो आग्रहका साथ आफ्नो भनाइ टुंग्याउँछु। समय दिनुभएकोमा सभामुख महोदयलाई हार्दिक धन्यवाद भन्न चाहन्छु। सबै माननीयजीहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु, छलफलका लागि, जिज्ञासाका साथै मतदानका लागि पनि सबैमा आग्रह गर्न चाहन्छु। अघि एकजना माननीयजीले विपक्षमा मतदान दिन्छु भन्नुभए तापनि अब पक्षमा मत दिन्छु भन्ने विचार मनमनै गरे हुन्छ, केही फरक पर्दैन।

सबैलाई धेरैधेरै धन्यवाद।

# २

## सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारको नीति तथा कार्यक्रम सम्बन्धमा राष्ट्रियसभामा गर्नुभएको सम्बोधन

**६ जेठ २०७७**

**सम्माननीय अध्यक्षज्यू,**

सम्माननीय राष्ट्रपतिज्यूबाट आर्थिक वर्ष २०७७/०७८ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रम संघीय संसदको संयुक्त बैठकलाई सम्बोधन गर्दै प्रस्तुत गर्नुभएको थियो।

सबैभन्दा पहिले त म सम्माननीय राष्ट्रपतिज्यूलाई सम्बोधनका लागि नेपाल सरकारका तर्फबाट हार्दिक धन्यवाद भन्न चाहन्छु।

माननीयजीहरूले बहुतै उत्साह र रुचिका साथ यस सदनमा पनि व्यापक छलफल गर्नु भएको छ, जिज्ञासाहरू राख्नु भएको छ, प्रश्नहरू उठाउनु भएको छ। र, महत्वपूर्ण सुझावहरू प्रस्तुत गर्नुभएको छ। यसका लागि म माननीयजीहरूलाई धन्यवाद भन्न चाहन्छु। यहाँहरूद्वारा छलफलका क्रममा उठाइएका प्रश्नहरू र जिज्ञासाहरूमा मेरो ध्यान गएको छ। आगामी दिनमा बजेटको प्रस्तुति होस् वा अन्य ठाउँमा यथोचित ढंगले माननीयजीहरूका सुझावहरू र भावनाहरू समेटिने छन्। म विश्वास दिलाउन चाहन्छु।

मैले यसअघि प्रतिनिधि सभामा अलिक विस्तारमा माननीयजीहरूले उठाएका प्रश्नहरूको जवाफ दिएको छु। कतिपय अस्पष्टताहरूलाई स्पष्ट



**देशको भूभाग गुमेको छ भनेर गुमेकोमा चित्त दुखाउँदै, मन कुडाउँदै बस्ने समय यो होइन। अब यसको छिनोफानो हुनुपर्छ र यस देशको भूभाग हामीले फिर्ता लिनुपर्छ। एउटा टुंगोमा हामी पुग्नुपर्छ।**

पार्ने कोशिस गरेको छु। प्रायः विषयहरू उस्तैउस्तै उठेका छन्। त्यहाँ उठेका र यस सदनमा उठेका प्रश्नहरू उस्तैउस्तै छन्। त्यसकारण त्यहाँ राखिसकेका विषयहरू माननीयजीहरूले सुनीपनि सक्नु भएको छ।

यहाँ म दुई चारवटा कुराहरू मात्र भन्न चाहन्छुः

पहिलो त यस अवसरमा म जुन लामो संघर्ष, बलिदानीपूर्ण संघर्ष र लडाईं हामीले लड्यौं र यहाँसम्म आइपुगेका छौं। संविधानसभाले जनताका प्रतिनिधिहरूमार्फत् बनाएको संविधान, जसमा हाम्रा सफलताहरू समेटिएका छन्, उपलब्धिहरू समेटिएका छन् र त्यस संविधानअन्तर्गत भएका निर्वाचन र त्यसभन्दा पछि संविधानले गरेको व्यवस्थाका संरचनागत कुराहरू समेटिएका छन्। र, आज देशले स्थिर सरकार, भिजनरी सरकार र सक्रियतापूर्वक निर्दिष्ट गन्तव्यतर्फ उन्मुख भएर काम गर्ने सरकार पाएको छ।

हामीलाई यहाँसम्म ल्याई पुऱ्याउन योगदान गर्ने र जीवन आहूति दिने सम्पूर्ण सहिदहरूप्रति श्रद्धासुमन अर्पण गर्दछु। त्यसपछि हामीलाई यहाँसम्म ल्याई पुऱ्याउन बाटो देखाउने अग्रजहरूप्रति अत्यन्त आदरभाव र सम्मान व्यक्त गर्न चाहन्छु। ती विगतका आन्दोलनमा घाइते हुनेहरू अझै पनि घाइते अवस्थामा रहेका र अपाङ्गताको जिन्दगी झेलिरहेका छन्, त्यस्ता

घाइते साथीहरू, दिदीबहिनी, दाजुभाइहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

मैले अघि प्रतिनिधिसभामा पनि भनेँ, माननीयजीहरूको सम्पर्कमा त्यस्तो उपचार गर्नुपर्ने विभिन्न आन्दोलनमा घाइते भएका, गोली वा छर्रा शरीरमा रहेका र उपचार गर्नुपर्ने त्यस्ता व्यक्तिहरू भए जिल्ला प्रशासनको सम्पर्कमा ल्याइदिने काम गर्नुहोस्। घाइतेहरूको उपचारको प्रबन्ध सरकारले गर्छ भनेर मैले अगाडिदेखि भनिरहेको छु। त्यसमा मद्दत पुऱ्याउन पनि म आग्रह गर्न चाहन्छु।

यतिबेला हामी एउटा जटिल र गम्भीर अवस्थामा छौं। हाम्रो देशले एउटा समग्र र व्यापक संक्रमण चाहेको छ। हाम्रो राष्ट्रियताको सवालमा, हाम्रो छिमेक सम्बन्धको सवालमा, हाम्रो लोकतन्त्रको सवालमा, हाम्रो सामाजिक जनजीवन एवं सामाजिक संस्कृतिको सवालमा, हाम्रो अर्थतन्त्रको सवालमा अथवा विविध विषयहरूमा देशले एउटा व्यापक संक्रमण खोजेको छ। त्यो संक्रमण कसरी खोजेको छ भने, हामीले हाम्रो सीमानाको टुंगो पनि यतिबेला लगाउनु परेको छ। देशको भूभाग गुमेको छ भनेर गुमेको भन्दै, चित्त दुखाउँदै र मन कुडाउँदै बस्ने समय यो होइन। अब यसको छिनोफानो हुनुपर्छ र यस देशको भूभाग हामीले फिर्ता लिनुपर्छ। एउटा टुंगोमा हामी पुग्नुपर्छ।

हाम्रो संस्कार, सँस्कृति कस्तो ! एक ढंगले साँस्कृतिक अधोपतन भएको छ, साँस्कृतिक हिसाबले भन्ने हो भने बोल्ने कस्तो ? के बोल्ने भन्ने कुरा पनि छैन। तपाईंले सामाजिक सञ्जालमा हेर्नुभयो भने, हेर्न नसक्ने खालका कुराहरू, सुन्न नसक्ने खालका कुराहरू, पढ्न नसक्ने खालका कुराहरू, सँगै बसेर साथीसँग, परिवारसँग र कसैसँग पनि पढ्न नसकिने कुराहरू त्यस्ता मनपरि कुराहरू लेखिएको हुन्छ। अश्लिल कुराहरू लेखेको हुन्छ अथवा हाम्रो संस्कार कस्तो भएर जान थाल्यो भने मुख छाडेन भने धितै नमर्ने ! अति असभ्य ढंगले बोलेपछि बल्ल अलिकति धित मरेजस्तो हुने ? यो खालको साँस्कृतिक अधोपतन भइरहेको छ। हाम्रो संस्कार, हाम्रो सँस्कृति कस्तो थियो ? हामी शास्त्रहरूमा हेर्न सक्छौं, हाम्रा शास्त्रहरूमा



**अर्थतन्त्रका सिद्धान्तहरू, अर्थतन्त्रसम्बन्धी कुराहरू, समाज सञ्चालनसम्बन्धी कुराहरू, राज्य संचालनसम्बन्धी कुराहरू, सरकार संचालनसम्बन्धी कुराहरू यिनमा पनि हामी एकदमै ट्रान्जिसनल फेजमा छौं। हामीले नयाँ अवधारणाहरू अगाडि सार्न जरुरी छ।**

देव सभाहरूमा चित्रण गरिएका हुन्छन्। देव सभाहरूमा बोल्दा कसरी बोल्छन्? सम्बोधन गर्नुपर्‍यो भने 'हे ब्रह्माजी तपाईं चतुर्मूखी हुनुहुन्छ', 'तपाईंका आठवटा आँखा छन्।' 'चारतिरै देख्नु भएको छ।' सबै कुरा सुन्नुभएको छ, 'चारवटै मुखले चारवटा कुरा एकैचोटी भन्न सक्नु हुन्छ।' 'यस्तो महान हुनुहुन्छ।' हुन त चार मुख भएको कस्तो होला?, हेरिसक्नु होला र! तर पनि यसरी प्रशंसा गरेको सुनिन्छ। मेरो विचारमा त चारतिर फर्किएका टाउका, चारतिर फर्किएका मुख भएपछि त हेरिसक्नु पक्कै नहोला। त्यही पनि प्रशंसा गरेर त्यस्तो भन्ने चलन छ। तपाईं यति महान हुनुहुन्छ, यस्तो हुनुहुन्छ। यस्ता ब्रह्माजीलाई म प्रणाम गर्दछु, सम्बोधन गर्दछु भन्छन्। त्यसपछि उनको प्रशंसा गर्दै हे विष्णु! तपाईंलाई म सम्बोधन गर्न चाहन्छु, हे महादेव जटाधारी! त्यहाँ त थुप्रै कुराहरू होलान् नि! तर पनि प्रशंसा गरिएको छ। हे विश्वधर, सर्पधारी महादेव! यस्ता महान् तपाईं हुनुहुन्छ भनेर सम्बोधन गर्ने। हे देवोगण! यसरी संबोधन गर्न सुरु गरेको पाइन्छ।

हाम्रोमा तर्क बहस गर्नुपर्‍यो भने, मान्छेहरू तिमीबाट (औला उठाउँदै) पहिले जंगिएर सुरु गर्छन्। यो साँस्कृतिक अधोपतनको कुरा भयो। हामीले हाम्रो साँस्कृतिक पुनरुत्थान गर्न जरुरी छ। हाम्रा सबै कुरा डेमोक्रेसीअनुरूप रिसेफिङ गर्न जरुरी छ। अर्थतन्त्रलाई रिसेफिङ गर्न जरुरी छ। हाम्रा गन्तव्यहरू, हाम्रा बाटाहरू र हाम्रा तरिकाहरू तिनलाई आजको समयअनुसार

रिसेपिङ गर्न जरुरी छ। सत्ताको भूमिका के हो ?, प्रतिपक्षको भूमिका के हो ? यसलाई पनि रिसेपिङ गर्न जरुरी छ। पुराना मान्यता, पुराना चलन, पुराना कुरा उही पुरानो चारसय वर्ष अगाडि, तीनसय वर्ष अगाडि, पाँचसय वर्ष अगाडिका कुरा हामी हेर्छौं। उद्दरण गर्नु पर्‍यो भने साइन्स एण्ड टेक्नोलोजीको लेटेस्ट आर्टिफिसियल इन्टिलिजेन्सको जमानामा हामी तीनसय वर्ष अगाडिको पुस्तकको कोट निकाल्छौं। सन्दर्भसामग्रीले काम त गर्छ, तर तीनसय वर्ष अगाडिको कोटले शास्त्रहरूको अध्ययनको दुरूपयोग गर्छ। त्यो शास्त्रलाई हामी सन्दर्भसामग्रीका रूपमा होइन, मार्गदर्शनका रूपमा लिन्छौं, जो तीनसय वर्ष पुरानो छ। आजको आइटीको जमानाको होइन, उहिलेको जमानाको मार्गदर्शन हो।

एक पटक यस्तै प्रशिक्षण कार्यक्रम चलेको थियो। मैले भनेको थिएँ, उहिले एकजना विद्वानले सर्वसाधरण सबैलाई काम लाग्छ भनेर खोलो तर्दा जुत्ता फुकालेर, कपडा माथि सारेर तर्नु पर्छ भनेका रहेछन्। उनी तरेको ठाउँमा खोलो सानो रहेछ, खोल्सी। त्यसकारण जुत्ता फुकालेछन् र घुँडाभन्दा माथि सुरुवाल तानेर तरेछन्। उनले त्यो अनुभव लेखेर छोडिदिए। त्यो त राम्रो कुरा थियो, एकदम उपयोगी शास्त्र हो र ज्ञान भएको शास्त्र हो। अनुभव भएको शास्त्र हो, राम्रो शास्त्र हो, खोलो तर्दा जुत्ता खोल्नुपर्दछ। नत्र जुत्ता भिज्छ, सुरुवाल भिज्छ अनि बर्बाद हुन्छ। त्यसो हुन नदिनका लागि उनले त्यो लेखे। अलिक पछाडि त्यहाँ पुल बन्यो। अब शास्त्र पढेको एउटा विद्वान गएर शास्त्र सम्झिए, अनि खोलो तर्दा जुत्ता फुकाल्नु पर्छ भन्ने पनि सम्झिए। पुल बनेपछि पनि उनले जुत्ता फुकाले र पारी गएर लगाए। सुरुवाल माथि सारे। जबकि त्यसो त गर्नै पर्ने थिएन। त्यहाँ गाडी चल्यो। गाडी चलेपछि फेरि गाडीबाट हेर्दै उनले यसो हेरे, खोलो आएपछि हतारहतार जुत्ता फुकाले। त्यस खालको विद्वताको के काम हुन्छ ? हामीले शास्त्रलाई सन्दर्भअनुसार बुझ्न जरुरी छ। हाम्रो पार्लियामेन्ट्री प्राक्टिसमा पनि दुनियाँका थोत्रा प्राक्टिस छन्, थोत्रा प्राक्टिस सिकेर हुँदैन। अर्थतन्त्रका सिद्धान्तहरू, अर्थतन्त्रसम्बन्धी कुराहरू, समाज सञ्चालनसम्बन्धी कुराहरू, राज्य संचालनसम्बन्धी कुराहरू, सरकार संचालनसम्बन्धी कुराहरू यिनमा पनि हामी एकदमै ट्रान्जिसनल फेजमा छौं। हामीले नयाँ अवधारणाहरू अगाडि सार्न जरुरी छ।



**सरकारको नीति तथा कार्यक्रम वा त्यसको प्रस्तुति वा त्यससम्बन्धी बहसलाई पनि हामीले यस सन्दर्भमा हाम्रो रेनासा, पुनर्जागरण, पुनःउत्थान र हाम्रो सामाजिक पुनःउत्थानका रूपमा बुझ्नु पर्छ।**

हाम्रा पूर्वजहरूले हिजो जुन कुरा ल्याए, पूर्वजहरूले ल्याएका ती कुराहरू कति महत्वपूर्ण थिए ? आज हामीले सही कुराहरूलाई जोगाएका पनि छौं। राम्रा कुराहरूलाई पुनःउत्थान पनि गर्नुपर्छ। युरोपले पुनर्जागरण (रेनासा) भन्यो। पुनःउत्थान भन्यो। पुनर्जागरण भन्यो। तर, उनीहरू भर्खरै विकास हुँदैथिए। उनीहरूले पुनर्जागरण, पुनःउत्थान भन्न त्यति उपयुक्त थिएन। हाम्रोमा वास्तवमा पुनःउत्थान, पुनर्जागरण वा रेनासा भन्नु एकदमै जरुरी छ, किनभने हाम्रा पुर्खाहरू उहिले विकासका क्रममा धेरै अगाडि गएका थिए। बीचमा औपनिवेशिक युगले धेरै पछाडि धकेलिदियो। त्यसकारण हामी कहाँ पुनःउत्थान जरुरी छ, पुनर्जागरण आवश्यक छ। हामीकहाँ रेनासा आवश्यक छ।

सरकारको नीति तथा कार्यक्रम वा त्यसको प्रस्तुति वा त्यससम्बन्धी बहसलाई पनि हामीले यस सन्दर्भमा हाम्रो रेनासा, पुनर्जागरण, पुनःउत्थान र हाम्रो सामाजिक पुनःउत्थानका रूपमा बुझ्नु पर्छ।

मैले अघि भनेँ, छिमेक सम्बन्ध कसरी व्यवस्थित गर्ने ? छिमेक सम्बन्ध दबेर, हाम्रो सार्वभौमसत्ता हामीले अभ्यास गर्न नसकेर, हामीले हाम्रो स्वाधीनताको *एसर्टिभ* ढंगले प्रयोग गर्न नसकेर, हामी आफै हीनग्रन्थीबाट वा कसैले अलिकति धम्क्यायो भने लच्किएर, लस्किएर वा दबेर गर्ने कि कसरी गर्ने ? हाम्रो भूभाग मिचिएको छ भने हामीले के गर्ने ? यी सबै

कुरा हामीले नयाँ ढंगले व्यवस्थित गर्नु परेको छ। त्यसकारण सरकारले लिम्पियाधुरा, लिपुलेक र कालापानी समेतको भूभाग हाम्रो हो भन्यो। त्यसलाई फिर्ता ल्याउँछौं भन्यो। त्यस अनुसारको नक्सा हामी छाप्छौं भन्यो। नक्सा हिजोको क्याबिनेटले पारित पनि गरिसकेको छ। छापिंदै छ, भोलि पर्सीसम्ममा माननीयजीहरूले प्राप्त पनि गरिसक्नुहुन्छ।

हामीले संविधान संशोधन गरेर अनुसूची ३ को निशान छाप परिवर्तन गर्ने प्रक्रिया अघि बढाउने भनिसकेका छौं। त्यस सम्बन्धमा अनुसूची ३ मा व्यवस्था भएको हुनाले संविधान संशोधन गरेर अनुसूची ३ लाई संशोधन गरी संविधानले देशको कुनै पनि कुरा नचिन्ने हुनुहुँदैन भनेर देशको नक्सालाई पनि आधुनिक बनाएर अहिलेको नक्सा चिन्नुपर्छ भन्यौं। त्यसकारण अनुसूची ३ हामी संशोधन गर्छौं। त्यो छिट्टै नै माननीयजीहरूसमक्ष यस सदनमा आइहाल्छ। यी कुराहरूलाई हामी अगाडि लैजान्छौं।

यतिबेला हामीलाई एउटा ठूलो चुनौति छ। हाम्रा जुन प्रयासहरू थिए, हामी विकासको काममा जुन रफ्तारमा अगाडि बढ्दै थियौं र संविधान जारी भएपछि यताका दिनहरूमा हामीले जुन एउटा बाटो लिन खोजेका हौं। यद्यपि संविधान जारी भएपछि जुन सरकार बनेको थियो, त्यसले एकपल्ट नाकाबन्दी लगायतका कुरासँग सामना गरेर अगाडि बढ्नुपरेको थियो। त्यसलाई त्यसैगरी अगाडि जान दिइएन र त्यसलाई ढाल्ने काम भयो। जुन उचित कुरा थिएन। जे होस् सरकार ढल्यो। त्यसले देशलाई गम्भीर घाटा के पऱ्यो भने, जे काम त्यसले अगाडि बढाएको थियो, त्यो फेरि लगभग डेढ वर्ष स्थगित भयो। चुनावपछि यो सरकार बनेपछि ती कुराहरूलाई फेरि हामीले अगाडि बढाएका छौं। अब देश नयाँ ढंगले अगाडि बढेको छ। देशले स्थिर सरकार पाएको छ। यो पक्ष, त्यो पक्ष मात्र भन्ने कुरा होइन। स्थिर सरकार सबै पक्षका निम्ति खुशीको कुरा हो। स्थिरता, स्थायित्व, नीतिको स्थायित्व, कार्यक्रमहरूको स्थायित्व यो सबैका निम्ति खुशीको कुरा हो। प्रतिस्पर्धा आफ्नो ठाउँमा होला, त्यसलाई स्वस्थ प्रतिस्पर्धाको रूपमा परिणत गर्ने पनि हामीसँग चुनौति छ। त्यसलाई पनि हामीले एउटा संक्रमणकालीन ढंगले नै व्यवस्थित गर्दै लैजानु पर्नेछ। तर, हामीसँग अब स्थायित्व र स्थिरताको यो मौका आएको छ। अब यसै ढंगले जानु पर्दछ



**ती व्यवस्थाहरूको कार्यान्वयन गर्दा सर्वोत्तम अनुभवहरू, विभिन्न प्रयोगका सर्वोत्तम अनुभवहरूलाई हामीले लिनुपर्छ। नकारात्मक कुराहरू लिनुपर्ने आवशयकता छैन। ती प्रजातन्त्रका नामका होउन्, समाजवादका नामका होउन्, अरु नामका होउन्, जेसुकै नामका नराम्रा कुराहरू लिनुपर्ने जरुरी छैन। राम्रा पक्षहरू हामीले लिने हो।**

र यो अगाडि जान्छ नै। नीति तथा कार्यक्रम हामीले यसैअनुसार ल्याउन चाहेका हौं। दुई वर्षसम्म जे काम हामीले गऱ्यौं साथीहरूलाई थाहा छ। मैले अघि प्रतिनिधि सभामा पनि भनें।

हामीले लोकतन्त्रलाई नयाँ ढंगले परिभाषित गरेका छौं : उचाइको लोकतन्त्र, फराकिलो लोकतन्त्र, व्यापक लोकतन्त्र र संक्षिप्तमा भन्ने हो भने हामीले जनताको लोकतन्त्र भन्छौं। पिपुल्स डेमोक्रेसी र जनताको जनवाद एउटै कुरा हो। यो कस्तो हुन्छ, विथ डिफिनेशन? यसको गन्तव्य कता हो? समाजवाद उन्मुख। हो, त्यसैअनुसार हामीले नीति तथा कार्यक्रम ल्याएका छौं। सामाजिक न्याय र समानताको प्रबन्धसहितको लोकतन्त्र। राजनीतिक स्वतन्त्रताका हकहरू मात्रै होइन, सम्पूर्ण हकहरू, जनताको सम्पूर्ण जीवन, जीवनका आवश्यक तत्वहरू, समाजका आवश्यक तत्वहरू, अर्थतन्त्र, समाजतन्त्र, संस्कृति, पूर्वाधार विकास र अरु सबै पक्षहरूसँगै मानव जीवनलाई खुशी बनाउनको लागि चाहिने प्यारामिटरर्सहरू, त्यसका मापदण्ड, त्यसका आवश्यकताका कुराहरू समेतलाई हामीले लोकतन्त्रमा परिभाषित गरेका छौं- नयाँ ढंगले, उचाइका साथ र फराकिलो ढंगले। मानव जातिले विभिन्न प्रकारका व्यवस्थाहरूको स्थापना, कार्यान्वयन र प्रयोग विभिन्न ढंगले गर्दै आएको छ। ती व्यवस्थाहरूको कार्यान्वयन गर्दा सर्वोत्तम अनुभवहरू, विभिन्न प्रयोगका सर्वोत्तम अनुभवहरूलाई हामीले लिनुपर्छ। नकारात्मक कुराहरू लिनुपर्ने आवशयकता छैन। ती प्रजातन्त्रका

नामका होउन्, समाजवादका नामका होउन्, अरु नामका होउन्, जेसुकै नामका नराम्रा कुराहरू लिनुपर्ने जरुरी छैन। राम्रा पक्षहरू हामीले लिने हो। लोककल्याणकारी राज्य, जनताको राज्य, सबै जनताको लागि र कोही पछि नपरोस् भन्ने भावनाका साथ तलैदेखि समाजलाई जुरुक्कै उठाउने खालका सबै अनुभवहरू हामीले लिन सक्छौं। आजको सभ्य समाजमा जहाँ खान पाइनँ, लाउन पाइनँ भन्ने खालका अशोभनीय कुराहरू हुन नसकून्। कोही असहाय भयो, कसैको रेखदेख गर्ने मान्छे भएन, कोही अनाथ भयो, बाबुआमा नहुने बित्तिक्कै मानव समाजमा एउटा बालबालिका सडक बालबालिकामा परिणत हुनुपर्ने? मानव समाज यति निर्दयी हुन सक्छ? मेरो छोराछोरी होइन, त्यसकारण कुकुरसँग खानेकुरा खोसाखोस गरेर सडकमा उसले फोहोर फ्याकेको ठाउँमा खानका लागि, बाँच्नका लागि लडाइ गर्न परोस्? मेरो छोराछोरी होइन भनेर त्यसो भन्ने सम्मको निर्मम हुन सक्ने मानव समाज? घरमा प्रशस्त अन्न थुपारेर राख्ने, तर बच्चा भोकै त्यहाँ तड्पिराखेको छ! देशलाई योगदान गरेर बुढो भएको एउटा ज्येष्ठ नागरिक, जीवनको आखिरी समयमा पुगेको एउटा ज्येष्ठ नागरिक ऊ बेसहारा भएर आज सडकमा फालिनु परेको छ, लड्नु परेको छ। त्यस्तै समाज बनाउने हो हामीले आजको जमानामा? त्यसकारण हाम्रो प्रयास त्यतातिर केन्द्रित भयो। वितेका दुई वर्षमा बालबालिका सडकमा छैनन्। दुईवर्ष अगाडि तपाईंहरूले देख्नु हुन्थ्यो होला, सडक बालबालिका फोहोरको डंगुरमा कोही प्लास्टिक तान्दैछन्, कोही के गर्दैछन्?, कोही कुकुरसँग सुतेको छ, कोही के गरेको छ?, कोही माग्दै हिंडेको छ, कोही के गर्दैछ? यस्ता अनेक दृष्टान्त देख्नु भएको थियो। यी दुई वर्षमा सडक बालबालिका छैनन्। सडकमा भिखमंगा छैनन्। विदेशी भिखमंगाहरू पनि बाहिर गए र सडक मानव पनि छैनन्। हामीले देशलाई आगामी वर्ष साक्षर घोषणा गर्दैछौं। सबै बालबालिका विद्यालय पुऱ्याउँदै छौं। कसैले विद्यालय बीचमै छाड्न नपरोस्। त्यो परिस्थिति हेरेर उनीहरूलाई विद्यालयमा टिकाउने प्रबन्ध गर्दैछौ। दक्षिण एसियामा सबैभन्दा पहिलो देशका रूपमा हामीले देशलाई खुला दिसामुक्त घोषणा गऱ्यौं, अर्थात् नेपाल - जसले आफूलाई खुला दिसामुक्त पहिलो देश घोषणा गऱ्यो। यहाँदेखि देशलाई हामीले सभ्यताको एउटा माथिल्लो सिँढीमा उठाएका छौं।



**अहिले देश तुइनमुक्त भएको छ। तुइनहरूलाई झोलुंगे पुलले बिस्थापन गरिएको छ। एउटा नयाँ युग, अर्थात् तुइनमुक्त युगमा देशलाई तुइन युगबाट माथि लगिएको छ। एउटा असभ्यताको युग खेतका छेउमा, बारीका छेउमा, काँडाका छेउमा, यसो ढुंगामा छेलिएर, नछेलिएर जसरी चल्ने खालको थियो, त्यसबाट हामीले देशलाई मुक्त गरेका छौं।**

मैले पहिलो पटक प्रधानमन्त्री भएको दिन दुई वर्षभित्र देशलाई तुइनमुक्त गराउँछु भनेको थिएँ। तुइन युग समाप्त पार्छु भनेको थिएँ। तुइन युगको अन्त्य हुन्छ भनेको थिएँ। तर, म छिट्टै हटेँ, अनि त्यो त्यत्तिकै भयो। अहिले प्रधानमन्त्री भएपछि त्यस कार्यक्रमलाई फेरि अगाडि बढायौं। र, अहिले देश तुइनमुक्त भएको छ। तुइनहरूलाई झोलुंगे पुलले बिस्थापन गरिएको छ। एउटा नयाँ युग, अर्थात् तुइनमुक्त युगमा देशलाई तुइन युगबाट माथि लगिएको छ।

एउटा असभ्यताको युग खेतका छेउमा, बारीका छेउमा, काँडाका छेउमा, यसो ढुंगामा छेलिएर, नछेलिएर जसरी चल्ने खालको थियो, त्यसबाट हामीले देशलाई मुक्त गरेका छौं। देशलाई सभ्यताको सिँढीमा, विकासको सिँढीमा माथि उठाएका छौं। तर यस्तो संख्या धेरै लाख, कति लाख त नहोला, संख्या अलिक सानै होला, तैपनि लाखको हाराहारी संख्यामा भन्दा त्यो माथि नै हुन्छ। त्यो मानव सडकबाट आवासमा पुगेको छ। भोकोबाट गासमा पुगेको छ। यो विकासको हाम्रो एउटा मोडल हो। कोही पछाडि नपरोस्। पछाडि परेकोलाई ध्यान दिने र अगाडि बढाउने सँगसँगै हामीले देशको विकास यसरी पनि गरेका छौं।

यो लोकतन्त्र जहाँ मान्छेले अधिकार प्राप्त गरोस्, अधिकार र अवसरसम्म पुगोस्, जहाँ उपलब्धिहरूका समान हिस्सेदारीहरू उसले पाओस्, सामाजिक न्याय र समानता होस्, निर्भय जीवन बाँच्न पाओस्, सुरक्षित

जीवन बाँच्न पाओस् र सम्मानित जीवन बाँच्न पाओस्। यसरी खुशीको स्तर माथि उठोस्। खुशी हुने स्तरको जीवन प्राप्त गर्न सकोस्। यस तरिकाका साथ हामीले लैजाँदै थियौं। सामाजिक प्रबन्धहरूलगायत सबै पक्षमा हामी विकासका पक्षमा, सामाजिक रूपमा उत्थान गर्ने प्रश्नमा अथवा लोककल्याणकारी राज्यका अवधारणाहरू, सोसल सेक्युरिटीको व्यवस्था, रोजगारलाई र श्रमलाई सम्मान गर्ने कुरादेखि लिएर जीवन बीमाका कुरा, हरेकका बैंक खाताका कुरा यस्ता अनेक पक्षहरूमा अघि बढाउँदै थियौं। ज्येष्ठ नागरिकहरूलाई कमसेकम १ लाखसम्मको निःशुल्क जीवन बीमाजस्ता कार्यक्रमहरू हामीले लागू गर्दै लग्यौं। बैंकले खाता आफैं खोलिदिने अभियान शुरु गर्‍यौं। त्यो स्तरमा हामीले कामलाई अगाडि लग्यौं। यस्ता थुप्रै पक्ष छन्, जहाँ हामी अगाडि बढ्दै थियौं। यसै बीचमा हाम्रो अगाडि कोरोना आइपुग्यो। यो चारपाँच महिनाअघि डिसेम्वर ३१ मा देखा परेको आज मे १९ भयो। अझै पाँच महिना पूरा भएको छैन। यस बीचमा दुनियाँमा लाखौं मान्छे मरिसके। ४८ लाख ९४ हजार २ सय २२ जनामा संक्रमण भएको छ। ३ लाख २० हजार १ सय ८१ को निधन भइसकेको छ। यो अझै पाँच महिना पुगेकै छैन। पाँच महिना पुग्न १२ दिन अगावै यसले आफ्नो विनाश लीला यस्तो देखाइसकेको छ। यसले आक्रमण गरेपछि बाँचेर फर्किएका अहिलेसम्म १९ लाख ८ हजार ६५ जना रहेका छन्। जसमध्ये ३६ जना त बाँचेर फर्किएका नेपालीहरू नै छन्। यसले ठूलाठूला देशहरूमा ध्वंस मच्चाएको छ। यतिबेला मैले पढ्दासम्म अमेरिकामा १५ लाख ५० हजारमा सरेको छ, ९१ हजार ९ सय ८१ जना मरिसके र ३ लाख ५६ हजार ३ सय ८३ जना निको भएका छन्। यस्तैगरी थुप्रै देशहरूमा स्थिति गंभीर बनेको छ। राम्रो नतिजा सुरु भए पनि चीनमा अहिलेसम्म ८२ हजार ९ सय ६० जना संक्रमित भएकामध्ये ७८ हजार २ सय ४१ जना निको भइसकेका छन् र सुरुमै उनीहरूकोमा ४ हजार ६ सय ३४ जनाको मृत्यु भयो। सुरुमा बढी भयो र विस्तारै कम हुँदै गएको छ। अहिले ९५ जना बिरामी छँदैछन् चीनमा, जो निको हुँदैछन्। १० जनाको मात्र गम्भीर अवस्थामा हो, अरु ८५ जना निको हुँदैछन्। अरु ठाउँमा संक्रमणको क्रम बढ्दो छ। भारतमा पनि १ लाख १ हजार २ सय ६१ जनामा संक्रमण भएको छ। ३ हजार १ सय ६४ जना मरिसकेका छन्। ३९ हजार २ सय ३३ जना निको भएका छन्। अनि हाम्रो सीमानामा रोक्दारोक्दै



**हाम्रो परम्परा हामीले नै कायम राख्नुपर्छ। पिज्जाभन्दा ढिंडो खानु ठीक छ। योचाहिँ एकदमै प्रमाणिक वैज्ञानिक चिज हो। हामी जो गिने यो प्रमुख उपाय हो।**

पनि, जो खुलाजस्तो छ, जसबाट हामी आक्रान्त छौं। हामीकहाँ तीब्रताका साथ फैलिएको खुला सीमानाका कारण र भारतबाट आउनेहरूबाट नै बढी छ। यसको उपाय भनेको एकबाट अर्कोमा सर्न नदिनु र विरामी नपर्नु मात्रै हो। त्यसकारण मास्क लगाउने कुरामा लापरबाही नगर्नुहोला। सामाजिक दूरी मेन्टेन गर्ने कुरामा साथीहरूले लापरबाही नगर्नुहोला, साबुनपानीले हात धुने कुरामा लापरबाही नगर्नुहोला, हात धोइराख्नु पर्छ। तातोपानीको वाफ लिनाले बहुत फाइदा गर्छ। मैले प्रायः भन्ने गरेको छु, बाहिर बोसीय तत्वमा त्यसको चिल्लो तत्व, तैलीय तत्व बाहिरी सतहमा हुन्छ, जो खतरनाक हुन्छ। त्यसकारण साबुनपानीले हात धुने, तातोपानी खाने, तातो पानीको वाफ लिने गर्नाले त्यसलाई कन्ट्रोल गर्छ। हाम्रो भान्सा अत्यन्तै वैज्ञानिक छ। वैज्ञानिक भएको हुनाले प्रतिरोधी क्षमतायुक्त छ। हाम्रो देशमा जतिसुकै लागे पनि, अहिले २ जना व्यक्ति मरे पनि, कोरोनाले छोएपछि मरेकोलाई कोरोनाले नै मरेको मान्नुपर्छ भन्ने विश्व स्वास्थ्य संगठनको मापदण्ड भएको कारणले मात्रै कोरोनाले मृत्यु भएको भनिएको हो। वास्तवमा कोरोनाले मात्रै निधन भएको होइन, अरु कारणले हो, अरु कम्पिलकेसनले हो। कोरोनाले मात्र त्यस्तो भएको होइन। तर, कोरोना लागिसकेको छ भने कोरोना नै भन्नुपर्छ भन्ने मापदण्ड हुनाले कोरोनाले वितेको भनेर दुई जनाको यो संख्या आएको हो। तर नेपालीहरूमा असाधारण प्रतिरोधी क्षमता छ। त्यसो भनेर लापरवाही गर्नु हुँदैन। प्रतिरोधी क्षमता अझ बढाउनु पर्छ र अरु नियमहरूको पालना गरेर सर्न दिनु हुँदैन। अहिले नीति तथा

कार्यक्रमले स्वास्थ्यसम्बन्धी मूल नारा लिएको छ – निरोगी नेपाल। निरोगी हुन हाम्रो भान्सा, जहाँ बेसार हुन्छ, हामी बेसार खान्छौं, त्यो एन्टीवायोटिक हो। त्यसले प्रतिरोधी क्षमता बढाउँछ। हाम्रोमा लसुन हुन्छ, हाम्रोमा प्याज हुन्छ, जिरा हुन्छ, टिमुर हुन्छ, अदुवा हुन्छ, अमला हुन्छ, कागती हुन्छ। यी सबैमा औषधीय गुण हुन्छ। हामी खुर्सानी किटिक्क टोक्छौं। तरकारीमा खुर्सानी हाल्छौं। यो सबै प्रतिरोधी क्षमता बढाउनका लागि हाम्रा पूर्वजहरूले हजारौ वर्षको अनुभवबाट हाम्रो खानेकुरामा यी कुराहरू मिसाइएको हो। खानेकुरामा अनिवार्य रूपमा यी तत्वहरू समावेश गरेको स्वास्थ्यका लागि हो। त्यसकारण हाम्रो परम्परा हामीले नै कायम नै राख्नुपर्छ। पिज्जाभन्दा ढिंडो खानु ठीक छ। योचाहिँ एकदमै प्रमाणिक वैज्ञानिक चिज हो। हामी जोगिने यो प्रमुख उपाय हो।

वास्तवमा कोरोनाको औषधि छैन। साह्रै सिकिस्त भयो भने भेन्टिलेटरमा राखेर स्वासप्रस्वास गराउने हो। स्वास फेर्न नसक्दा त्यसो गर्नेबाहेक अरु त पर्खिने र प्रतिरोधी क्षमताले पराजित गर्ने हो। तातोपानी प्रशस्त खाने र पखाल्ने हो। त्यही हो, अरु उपाय छैन। त्यसको तैलीय तत्वलाई कमजोर पार्दिने र त्यसलाई निस्क्रिय र निस्प्रभावित गर्ने नै हो। सबैभन्दा राम्रो सर्न नदिने नै हो, सऱ्यो भने पनि हाम्रो प्रतिरोधी क्षमता राम्रो छ, त्यसमा ध्यान दिनुपर्छ। म साथीहरूलाई आग्रह गर्न चाहन्छु यो कोरोनाले हामीलाई धेरै बर्बाद गरेको छ, दबाब दिएको छ। अझै दबाब सिर्जना गर्ने सम्भावना छ। बाहिरबाट मान्छेहरू आउने त आइराखेका छन्। अझै ल्याउनु पर्छ भन्ने माग छ। ल्याउनु पर्छ भन्ने, पपुलर हुनका लागि ल्याउनु पर्छ भन्ने पनि गरेको पाइन्छ। जस्तो कतारमा रहेका नेपालीहरूको हामी कुरा गरिराखेका छौं। त्यहाँ हाम्रो दूतावास छ। मैले त्यहाँका प्रधानमन्त्रीसँग कुरा गरेँ, त्यहाँ रहेका नेपालीहरूलाई हामी खानबस्न दिन्छौं, जागिर गयो भने आधा तनखा दिन्छौं, जति पाएको थियो, त्यसको आधा तनखा दिएर र खान बस्न दिएर राख्छौं भनिएको अवस्था छ। यहाँका मान्छेहरू कतारबाट किन नल्याइएको, उनीहरू आउन चाहेका छन् भन्छन्। भन्न सजिलो छ। कतारले आफ्ना मान्छे लग्यो भनेर भनिन्छ, तर कति मान्छे लग्यो ? एकसय जना लग्यो। कतारका कति मान्छे यहाँ छन् ? कतारले एकसय मान्छे लैजानु र हामीले पौने चारलाख मान्छे ल्याउनु भनेको सजिलो छ



**सुशासन र भ्रष्टाचार नियन्त्रण आदिको कुरामा यो सरकार भ्रष्टाचार बिल्कूल सहँदैन। हामीले पुराना पनि, नयाँ पनि भ्रष्टाचारसम्बन्धी खोजीनीति गरेका छौं, छानबिन गरेका छौं र कारबाही गरेका छौं। विभिन्न काण्डहरू भनेर अहिले हल्ला चलेको छ।**

र ? हाम्रा दुईवटा जहाजले पौने चारलाख मान्छे ल्याउन कति सजिलो छ ? ६ महिना वा वर्ष दिन समय लाग्नसक्छ। फेरि ती एकै दिन गएका मान्छे होइनन्। दुईचार दिन एक महिनामा गएका मान्छे पनि होइनन्। वर्षौं लगाएर गएका मान्छे हुन्। हामीले देखेका छौं, प्लेनमा कतारलगायत खाडीका मुलुकमा जानेको भिँड हुन्छ। एकदमै खाँदाखाँद हुन्छ। टिकट पाइनसक्नु हुन्छ। अब त्यसरी वर्षौं लगाएर गएका मान्छेलाई किन नल्याएको भनेर मात्रै हुँदैन। त्यहाँ खानेबस्ने प्रबन्ध भइराखेको छ भने, त्यहाँ उपचारको प्रबन्ध भइराखेको छ भने ल्याउन हतार गर्नुपर्ने त्यस्तो खास कारण हुँदैन। सरकारले अवश्य आफ्ना नागरिक हेर्छ, हेर्नुपर्छ र परेका बेला हेर्ने प्रबन्ध हामीले गरिराखेका छौं। तर सोखका लागि वा पपुलिष्ट हुनका लागि खोइ विदेशबाट मान्छे ल्याएको भन्ने गर्नु आवश्यक छैन। विदेशबाट मान्छे ल्याउने भन्ने कुरा ख्यालठट्टा हो ? हाम्रा ४५/५० लाख मान्छे कामदारका रूपमा बाहिर छन्। अब ४५/५० लाख मान्छे ल्याउन पर्‍यो भने अरु काम नगरेर हाम्रा प्लेनहरूले उनीहरूलाई ओसार्ने मात्र हो भने पनि कति वर्ष लाग्छ ? यत्तिकै सजिलो त छैन। तिनीहरूलाई ल्याएर क्वारेन्टिनमा कहाँ राख्नुहुन्छ ? ४५/५० लाख मान्छेलाई कहाँ राख्नुहुन्छ ? त्यसकारण खोइ ल्याएको, नेपाली नेपाल आउन नपाउने भनेर लोकप्रिय हुन खोज्नु ठीक छैन। अहिले नेपाल आउन पाउनु पर्‍यो भनेर सबैले भनेकै छैनन्। यहाँ कराउनेहरूले चाहिँ सरकारलाई असफल देखाउनका लागि त्यस्तो कुरा भनिराखेका छन्।

सुशासन र भ्रष्टाचार नियन्त्रण आदिको कुरामा यो सरकार भ्रष्टाचार विल्कूल सहंदैन। हामीले पुराना पनि, नयाँ पनि भ्रष्टाचारसम्बन्धी केसहरूको खोजीनीति गरेका छौं, छानबिन गरेका छौं र कारबाही गरेका छौं। विभिन्न काण्डहरू भनेर अहिले जुन हल्ला चलेको छ, माननीयजीहरूलाई स्पष्ट रहन आग्रह गर्न चाहन्छुः सुन तस्करी यो सरकार आएपछि भएको होइन। पहिले भएको सुन तस्करी काण्डको छानबिन यो सरकार आएपछि भएको हो र मान्छेहरूलाई मुद्दा चलाइएको छ। जेलमा राखिएको छ, छानबिन गरिएको छ। अनि खोइ सुन भनेको छ! अघिल्लै सरकारका पालामा कहाँ कुन देश पुऱ्याए त, अहिलेको सरकारले खोइ सुनभन्दा कहाँबाट देखाउने त सुन ? सुन पहिले नै तस्करी भएको हो। पहिले तस्करी भएको सुनको पछि यहाँ मान्छे मारिएपछि त्यो मान्छे कसरी मारियो भन्ने कुराको खोजीनिती गरेर हामीले कारबाही सुरु गरेका हौं। त्यसो गरेपछि हामीले विभिन्न गौंडाहरू थाहा पाउन थाल्यौं। अनि, कोही मझेरीमा गाडेको, कोही ओडारमा फ्याँकेको सुन पनि निकाल्न थालियो। त्यसरी पछि निकालिएको सुन राष्ट्र बैंकमा छ। पहिलेको कहाँकहाँ विदेश पुऱ्याए ? सीमा कटेपछि पछिपछि कुँदेर खोज्न जाने कुरा भएन। ती मान्छेहरूलाई कारबाही भएको छ। जब कारबाही सुरु भयो, त्यसपछि साना माछा, ठूला माछा, भुरा माछाआदि अनेक भन्नेहरू निस्किए। कारबाही भएपछि न त्यो देखिंदो रहेछ ! वाइडबडी, न्यारोवडी आदि यो सरकारको समयमा गरिएका कुराहरू होइनन्। अब त्यसमा छानबिन हुँदैछ। त्यो अख्तियारले छानबिन गर्ने हो। त्यसकारण भ्रष्टाचारको सम्बन्धमा कारबाही भइराखेको छ। अहिलेको सरकारले यति धेरै जनामाथि मुद्दा चलाएको छ, यति धेरैलाई गिरफ्तार गरेको छ कि त्यसपछि व्यापक देखिएको छ। कारबाही गर्न थालेपछि जानकारी भएको छ। यदि केही नगर्ने हो भने देखिंदैन। चुपचाप भ्रष्टाचार नभएकोजस्तो सुनसान नै पो हुन्छ ! भ्रष्टाचार भएकोलाई समात्यो, कारबाही चलायो, मुद्दा चलायो भने उल्टै ए भ्रष्टाचार भइराखेको छ भन्ने गरेको पाइन्छ! समाजमा भ्रष्टाचार छ, त्यसलाई निर्मूल गर्नुपर्छ, नियन्त्रण गर्नुपर्छ र त्यसमा संलग्नहरूलाई कारबाही गर्नुपर्छ। अहिले कहीँकतै कसैले भ्रष्टाचार गरेको पाइन्छ भने कारबाही हुन्छ। तसर्थः यो सरकारले अघिल्ला दुई वर्षहरूमा गरेका कामको समीक्षा गरेको छ। ती कामहरूको संक्षिप्तमा चर्चा गरेको छ। हामीले के गर्छौं भनेका थियौं र के गर्दै आयौं ? त्यो पनि



**म साथीहरूलाई आग्रह गर्छु, कुनै *कन्फ्युजन*मा नपर्नुहोस्। यो स्थायित्वको दायित्व लिएको सर कारले स्थायित्वका लागि काम  गर्छ। आगामी तीन वर्षका योजनाहरूका साथ, त्यसभन्दा पछिका योजनाका साथ यसले काम गरिरहे को छ।**

देखाएका छौं। कति आर्थिक बृद्धि हासिल गर्‍यौं ? त्यो स्पष्ट देखाइएको छ। कति सामाजिक न्याय र समानताको पक्षमा काम गर्‍यौं ? त्यो उल्लेख गरेका छौं। अब के गर्छौं भन्ने उल्लेख गरिएको छ। पुग्छौं कहाँ भन्ने विभिन्न गन्तव्यहरू तोकिएको छ। पहिले अति गरिब मुलुकबाट स्तरनोन्ति गरिने छ। दीर्घकालीन विकासका लक्ष्यहरू प्राप्त गर्ने र त्यसपछि नेपाललाई उन्नत स्थितिको देशमा लैजाने, त्यसका निम्ति योजनाबद्ध ढंगले काम गरिने भएको छ। यतिबेला अहिले यो कोरोनाले गर्दा यस काममा गम्भीर व्यवधान पैदा भएको छ। तर, यी व्यवधानहरू अस्थायी हुन्। कोरोनालाई हामी छिट्टै र सकेसम्म छिटो नियन्त्रण गर्छौं र अगाडि बढ्छौं।

म साथीहरूलाई आग्रह गर्छु, कुनै *कन्फ्युजन*मा नपर्नुहोस्। यो स्थायित्वको दायित्व लिएको सरकारले स्थायित्वका लागि काम  गर्छ। आगामी तीन वर्षका योजनाहरूका साथ, त्यसभन्दा पछिका योजनाका साथ यसले काम गरिरहेको छ। यो तीन वर्षको कार्यकालभित्र अति गरिब र अल्पविकसित राष्ट्रको स्तरबाट विकासशील राष्ट्रको रूपमा स्तरनोन्नति हुने, त्यो लक्ष्य अहिले प्राप्त गर्ने र त्यसपछि दीगो विकासका लक्ष्यहरू प्राप्त गर्ने गन्तव्य तय गरिएको छ। त्यसपछि एउटा विकसित राष्ट्रको हैसियत प्राप्त गर्नेगरी अघि बढ्न हामी स्पष्ट छौं। र, नीति तथा कार्यक्रम त्यसैअनुरूप आएको छ। माननीयजीहरूको छलफलमा यिनै कुराहरू प्रतिबिम्बित भएका छन्। त्यसमा म आश्वस्त पार्न चाहन्छु।

राष्ट्रियताको मामलामा वा लोकतन्त्रको मामलामा वा सामाजिक न्याय र समानताको मामलामा अथवा अरु विकासका विविध पक्षहरूको मामलामा माननीयजीहरू निश्चिन्त रहनुभए हुन्छ। यतिबेला हामी मिलेर र एकजुट भएर अगाडि बढ्नुपर्ने समय हो। र, हामीले मिचिएको सिमाना फिर्ता गर्नुछ। यो काम एकजुट भएर मात्रै गर्न सकिन्छ। कोरोनाका विरुद्ध लड्नुछ र कोरोनालाई पराजित गर्नुछ, सकेसम्म छिट्टै यो काम पूरा गर्नुछ। किनभने, यो महामारी जति लम्बिन्छ, त्यति संकट बढ्छ। जति छिटो नियन्त्रण हुन सक्दैन, त्यति बढ्छ। जति यो लम्बिन्छ, त्यति यसले अर्थतन्त्र र समाजलाई क्षतविक्षत बनाउने काम गर्छ। विकासका हाम्रा चाहनाहरू र प्रयासहरूलाई यसले व्यवधान गर्छ। त्यसकारण यसलाई हामीले छिट्टै नियन्त्रण गर्नुछ। हामी एकताबद्ध भएर मात्रै यसलाई नियन्त्रण गर्न सक्छौं। यस सन्दर्भमा नेपाली जनताले जुन सुझबुझ देखाएका छन्, जुन नियमहरूको पालना गरेका छन्, जुन सजगता देखाएका छन्, त्यसका लागि म धन्यवाद भन्न चाहन्छु। उहाँहरूको सजगता, उहाँहरूको साथ सहयोग र उहाँहरूले सरकारलाई गर्नुभएको समर्थनले रोग फैलिनबाट रोक्न मद्दत गरेको छ। यद्यपि हामीले कोरोनाबाट दुईजना गुमाएका छौं। तर दिवंगत भएको यो संख्या अत्यन्त न्यून हो। तपाईंले दुनियाँको स्थिति हेर्नुभयो भने मैले भनिहालें- अमेरिकाजस्ता देश, रुसजस्ता देश, भारतजस्ता देश अथवा इटालीजस्ता देश, स्पेनजस्ता देश, बेलायत र जर्मनीजस्ता देश, यी सबै भयानक रूपमा आक्रान्त छन्। ब्राजिल इपिसेन्टरका रूपमा विकास भइराखेको छ र त्यहाँको स्थिति भयावह छ। हाम्रो गरिब देश त त्यस स्थितिमा पुगेकै छैन। ३७७ जनामा संक्रमण फैलिएको निश्चित भएको छ। त्यसमध्ये ३६ जना त निको भएर घर फर्किसकेका छन्, अरु निको हुने क्रममा छन्। धेरै भयावह स्थिति छैन। अहिलेको बिरामी कहाँबाट आयो र उसले ककसलाई सार्‍यो वा सारेन ? त्यसको पनि ट्रेसिङ् गरेका छौं। मैले अघि नै भनें, ती दुईजना मरेको पनि कोभिडबाट मात्र होइन। तिनै दिवंगत आमाको दूध खाने नवजात शिशुमा कोरोना छैन। उनलाई प्रसुति गराउने नर्समा कोरोना छैन। उनको वरीपरी बसेका परिवारका मान्छेहरू, नजिकका आफन्तहरू कसैमा कोरोना छैन। उनमा पनि कोरोना निधन नै हुनुपर्ने गरी होइन, कहींकतैबाट कोरोना सरेको छ। त्यसको अध्ययन अनुसन्धान हुँदैछ। कोरोनाकै कारणले मर्दा त अरु धेरैमा संक्रमित



**म आग्रह गर्न चाहन्छु, कोरोना नियन्त्रणको लागि, क्वारेन्टिन निर्माणलगायतका कुराहरू हामीले गरिराखेका छौं। किट्सहरू र उपकरणहरू ल्याउने काम गरिराखेका छौं। त्यसकारण यो नियन्त्रण गर्न सकिन्छ।**

भइसकेको हुनुपर्दथ्यो, त्यसो भएको छैन। खाली कोरोनाले छोएकोसम्म हुनाले विश्व स्वास्थ्य संगठनको प्रोटोकलअनुसार मृतकका रूपमा संख्या गणना गरिएको छ।

माननीयजीहरूले मूल ढाँचा, मूल स्वरूप र मूल विषयमा यिनै जिज्ञासाहरू राख्नुभएको छ। मैले एउटाएउटा विषयमा प्रवेश गरेर जवाफ दिएको छु। यिनै विषयमा माननीयजीहरूले प्रश्नहरू उठान गर्नुभएको छ। मलाई लाग्छ, अब स्पष्ट हुनुभयो होला। म आग्रह गर्न चाहन्छु, कोरोना नियन्त्रणको लागि, क्वारेन्टिन निर्माणलगायतका कुराहरू हामीले गरिराखेका छौं। किट्सहरू र उपकरणहरू ल्याउने काम गरिराखेका छौं। त्यसकारण यो नियन्त्रण गर्न सकिन्छ। साथीहरू एकदम आश्वस्त हुन र यो नीति तथा कार्यक्रमलाई सबैले समर्थन गरी सर्वसम्मतिले पारित गर्न म सबै साथीहरूसमक्ष हार्दिक आग्रह गर्न चाहन्छु। र, आफ्नो भनाइ पनि यहीँ टुंग्याउँछु। सम्माननीय अध्यक्षज्यूलाई पनि समय दिनुभएकोमा धन्यवाद भन्न चाहन्छु।

धन्यवाद।

# सांसदहरूका जिज्ञासाहरूमा दिनुभएको जवाफ

**सम्माननीय अध्यक्ष महोदय,**

एउटा प्रश्न क्वारेन्टिनमा कोरोनाले मृत्यु भयो, किन ढाकछोप गर्नु पर्‍यो भन्ने आयो । मान्छे मरिसकेपछि ढाकछोप गरेर बाँच्ने होइन। ढाकछोप गर्नुपर्ने कारण पनि छैन। मैले भनेको कति मात्र हो भने कोरोना लागेपछि मृत्यु भएको मान्छेलाई अरु जेसुकै रोगले मरेपनि कोरोना लागेकोलाई कोरोनाबाटै मरेको भनिन्छ। उनको मृत्यु कोरोनाबाट भएको हो भनेर हामीले मान्नुपर्ने अवस्था छ। किनभने विश्व स्वास्थ्य संगठनले त्यसै गर्नु भन्छ। कोरोनाबाट मरेको भनेर हामीले फाइनल्ली मान्नैपर्छ, भन्नैपर्छ र मैले त्यही भनेँ। अब मान्छे मरेको होइन भनेर पनि भनेको होइन। यसमा ढाकछोप भएको कहाँ कताबाट थाहा पाउनु भयो ? त्यस्तो ढाकछोप त गरेकै छैन, मान्छे त मरेकै हो।

डिसेम्वर ३१ मा विश्वमा कोरोना देखापर्‍यो। हाम्रोमा २३ जनवरीमा देखापर्‍यो। देखा परेको नै चार महिना भयो। चार महिनाको बीचमा विश्वले पनि अनुमान गरेको थिएन, हामीले पनि अनुमान गरेका थिएनौं। त्यस स्थितिमा हाम्रो एकदम तयारी थियो, राम्रो तयारी थियो, कोरोना आउँदाखेरी हामी तयारीका साथ मुकाविला गर्न बसेका थियौं भन्ने होइन। तर, हामीले कति गरेका थियौं भने एक जनामा कोरोना बिमार देखिंदा हजारौं मान्छे, दशौं हजार राख्न मिल्नेगरी क्वारेन्टिन स्थापना गर्‍यौं। महामारीको सम्भावनालाई हेरेर नै यस्तो सजगता अपनाइएको हो।



**यो *कम्प्रिह्यान्सिभ डेमोक्रेसी*, जनताको *डेमोक्रेसी*, जनताको लागि *डेमोक्रेसी*, समाजवादउन्मुख *डेमोक्रेसी*, जनताद्वारा जनताका लागि र जनताको लोकतन्त्र हो भनेर हामीले भन्दा किन अचम्म लाग्ने ? यही कुरा अब्राहम लिंकनले भन्दा गुरु मन्त्र हुने !**

पहिलो बिरामी आउँदा हाम्रोमा २३ जनवरीमा एक जना विद्यार्थीमा देखिएको थियो। त्यो टेस्ट गर्न हामीले हङकङ पठाउनु परेको थियो, हामीसँग टेष्ट गर्ने अवस्था पनि थिएन। त्यस ठाउँबाट अघि बढेर हामीले आज अनेकौं हजार टेष्ट गर्न सक्छौं। हामीले पहिलो टेष्ट गर्दा चार महिना अगाडि हङकङ पठाउनु परेकोमा आज हामीले पीसीआर टेष्ट ३२ हजारको गरेका छौं र आरडीटी टेष्ट ६९ हजार ५ सय ६० जनाको गरेका छौं। यसरी १ लाख २ हजार ८३ जनाको हामीले टेष्ट गरेका छौं। त्यो समयमा हामीसँग किट्स पनि थिएन, टेष्ट गर्ने सामग्री नै थिएन। तर त्यस ठाउँबाट हामीले यहाँसम्म पुऱ्याएका छौं। अहिले हामीले साधारणतया जुन ५७ हजार ९ सय ४ जना व्यक्तिलाई राख्ने क्षमताको क्वारेन्टिन तयार गरेका छौं, तर मान्छे त्यति राख्न पर्ने नभएको हुनाले विश्व स्वास्थ्य संगठनको स्ट्याण्डर्डअनुसार भएको छैन भन्ने कुरा आयो। हाम्रो तयारीभन्दा संक्रमित मान्छेको संख्या छिटो बृद्धि भएको छ । हाम्रो तयारीको मात्राभन्दा त्यो बढी भएको छ। त्यसकारण यसमा एकदम स्ट्याण्डर्डमा नै भइसक्यो भन्ने होइन। हाम्रा प्रयासहरू जारी छन्। यो समस्या नै एकदम अप्रत्याशित कुरा हो।

एक जना माननीयजीलाई मैले सोध्नुपर्ने भयो, कुन किताब पढ्न सल्लाह दिनुभयो ?

संयुक्त राष्ट्र संघको बडापत्रका सुझावहरू, त्यसका प्रस्थापनाहरू काफी छन्जस्तो मलाई लाग्छ। त्यसलाई कार्यान्वयन गर्ने सम्बन्धमा लेखकले त्यो किताबमा सुझावहरू दिएका होलान्, अनुभवहरू बताएका होलान्। संयोगले माननीयजीले त्यो किताब पढ्नुभएको रहेछ, बहुत राम्रो भयो। मैले त्यो किताब पाएको छैन। पाएँ भने पढौंला।

सीमाका सम्बन्धमा प्रधानमन्त्रीहरूको बीचमा किन कुरा भएन भन्ने सम्बन्धमा स्पष्ट गर्न चाहन्छु। प्रधानमन्त्री-प्रधानमन्त्रीको तहमा दिनका दिन कुरा हुँदैन। दुई देशका प्रधानमन्त्रीको बीच अलिक अगाडि कोरोना सुरु भएपछि पनि मेरो कुरा भएको थियो। तर सधैं कुरा हुने होइन। कूटनीतिक च्यानलबाट सचिवस्तरमा कुरा हुने भन्ने हाम्रो बीचमा तय भएको थियो। तर त्यसरी तय भएको कुरा पर सरिराखेको छ। एकैचोटी हामीले प्रधानमन्त्री तहमा कुरा गर्ने भन्ने हुँदैन। यो *डिप्लोम्याटिक लेभल*मा कुरा गर्ने भनेको विभिन्न तहमा उनीहरूका कुरा सुन्दै, हाम्रा कुरा पनि बताउँदै जाने चलन हुन्छ। अन्तिममा गाँठो फुकाउनु पर्दा प्रधानमन्त्रीहरू बस्छन्। सुरु प्रधानमन्त्रीबाटै गर्दैनन्, सुरु अरु तहबाट गर्छन् र अन्तिममा प्रधानमन्त्रीको तहबाट बिट मार्छन्। हामीले त्यही विधि अपनाएका छौं।

अघि मैले परिपूर्ण लोकतन्त्रको बारेमा त्यति सबिस्तार व्याख्या गरेँ। कुन देशको तानाशाहसँग के मिल्छ? कुन देशको तानाशाहसँग के फरक पर्छ? के फरक पर्छ रे? अचम्म लाग्यो। यो *कम्प्रिहृयान्सिभ डेमोक्रेसी*, जनताको डेमोक्रेसी, जनताको लागि *डेमोक्रेसी*, समाजवादउन्मुख *डेमोक्रेसी*, जनताद्वारा, जनताका लागि र जनताको लोकतन्त्र हो भनेर हामीले भन्दा किन अचम्म लाग्ने? त्यही कुरा अब्राहम लिंकनले भन्दा गुरु मन्त्र हुने! अब्राहम लिंकनले त्यहीँ कुरा भनेका छन् : *बाइ द पिपुल, फर द पिपुल, अफ द पिपुल*। त्यो उनले उहिल्यै भनेका छन् : *डेमोक्रेसी* जनताको लागि हुनुपर्छ, जनताबाट हुनुपर्छ र जनताको हुनुपर्छ। जनताबाट हुनुपर्छ, जनताको हुनुपर्छ भनेर अब्राहम लिंकनले भनेका छन्। अब्राहम लिंकनको कुरा काट्ने त कोही जवान छैन होला। अनि त्यसै कुरालाई व्याख्या गरेर, बिस्तृत गरेर मैले अघि पनि भनेँ, आजसम्म मानव जातिले प्राप्त गरेका विभिन्न प्रणालीहरू, व्यवस्थाहरू, तिनको स्थापना, तिनको कार्यान्वयन,



**हामीले त्यसभन्दा उन्नत स्तरको *डेमोक्रेसी*को कुरा गरेको हो। त्यसकारण यसमा *कन्फ्यूजन* नराखौं। हाम्रो *डेमोक्रेसी कम्प्रिह्यान्सिभ डेमोक्रेसी* हो, त्यसैकारण मैले यो *कम्प्रिह्यान्सिभ* छ र *पिपुल्स डेमोक्रेसी* हो भनेको हुँ।**

त्यस क्रममा देखिएका राम्रानराम्रा पक्षहरूमध्ये राम्रा पक्षहरूलाई विकसित गरेर हामीले एउटा समाजवादउन्मुख अवधारणा विकास गरेका छौं, यो खाली *पोलिटिकल डेमोक्रेसी* मात्रै होइन। यो राजनीतिक स्वतन्त्रताको मात्रै कुरा होइन। यो जनताको जीवनका हरेक पक्षसँग सम्बन्धित भएको डेमोक्रेसी होभन्दा हामीलाई टाउको किन दुख्ने ? मान्छेका छोराछोरी खान नपाएर अभिभावकबिहीन भएर सडकमा मागेर हिंड्छन्, *डेमोक्रेसी*ले हेरेर बस्छ भने त्यस्तो *डेमोक्रेसी* त *डेमोक्रेसी* हुँदैन। राजनीतिक स्वतन्त्रता भनेर मात्रै हुँदैन। *डेमोक्रेसी*को सम्बन्धमा मैले त्यो बच्चालाई नदेख्नु, त्यसको बन्दोबस्त नगर्नु भनेको मानवीय सभ्यताको आजको समयअनुसार अनुकूल व्यवहार भएन भनेको हो। हामीले हाम्रो डेमोक्रेसीलाई सर्वोत्कृष्ट छ भनेका छौं, यो अरु जो कसैसँग मिल्दैन। नेहरूसँग पनि मिल्दैन, बीपीसँग पनि मिल्दैन, अरुसँग पनि मिल्दैन। यो अवधारणा विकास हुँदै आएको छ। बीपी कोइरालाले विकाससम्बन्धी एउटा अवधारणा अघि सार्नुभयो। उहाँले भन्नुभयो- एउटा सानो घर, एक हल गोरु, एउटा लैनो गाई, सानो बारी होस्! यो परिकल्पना गर्नुभयो कि दूधभात खान पाउने परिवार, एकहल गोरु भएको परिवार र त्यस स्थितिमा नेपाललाई पुऱ्याउने। त्यतिबेला नेपाललाई विकासको त्यो तहमा पुऱ्याउने परिकल्पना बीपी कोइरालाले गर्नुभएको पाइन्छ। महेन्द्रले अलिकति फरक परिकल्पना गरेर आधारभूत आवश्यकता जस्तोकि खान, लाउन, बस्न, शिक्षा र स्वास्थ्य पाउनेगरी जीवनस्तर हुनुपर्छ भनेको पाइन्छ। महेन्द्रले पाँच आधारभूत आवश्यकताको

अवधारणा ल्याएको देखिन्छ। यो नेपाली समाजमा रहेको विकाससम्बन्धी अवधारणाको एउटा अलिक *एड्भान्स* रूप हो। पहिले बीपीले आम जनताको बारेमा सोचेर एउटा अवधारणा ल्याए। पुष्पलालले त्यसभन्दा धेरै व्यापक तहमा जनताको जनवादको सम्बन्धमा अवधारणा ल्याएको पाइन्छ। ती सबै अवधारणाहरू आज पुरानाजस्तै भए। त्यसकारण हामीले जनताको जीवनका सबै पक्ष र पछाडि परेका मान्छेहरूलाई अगाडि बढ्ने *परक्यापिटा इन्कम* र *जीडीपी* नापेर मात्र देशको आर्थिक उन्नतिको हिसाब गर्ने होइन। *ह्यापिनेस इन्डेक्स,*अर्थात् जनताको खुशी, खुशीका मापदण्डहरूमा जोड दिने गरेका छौं। अहिले एसडीजीले तिनै खुशीका मापदण्डहरूको कुरा गरेको छ। माननीयजीहरू कुन पुराना *डेमोक्रेटिक* परिभाषा, नागरिक शास्त्रका परिभाषाहरूमा अलमलिनु भएको छ? आजको जमाना धेरै अगाडि बढिसक्यो। *एसडीजी गोल* हासिल गर्न स्पष्ट भएर अघि बढ्नुहोस्। हामीले भनेका मान्यताहरू के हुन् भन्दा *एसडीजी*ले जे भनेको छ, दीगो विकास लक्ष्यले जे भनेको छ, कमसेकम त्यही बाटो भएर अगाडि बढ्नुपर्छ भन्ने कुरा हो। शिक्षा, स्वास्थ्य, खानेपानी लगायत सबै क्षेत्रमा रोजगारीको व्यवस्था, श्रमको सम्मान आदि क्षेत्रमा आज *डेमोक्रेसी*लाई हेरिन्छ। वाक् स्वतन्त्रता र *मुभमेन्ट* आदिमा मात्रै डेमोक्रेसी नापिंदैन। तपाईंका हरेक चिज, जस्तोकि खानाको थालमा डेमोक्रेसी नापिन्छः स्वस्थकर खाना छ कि छैन? पौष्टिक खाना छ कि छैन? आवश्यक मात्राको *न्यूट्रेसन* छ कि छैन? त्यसमा हेरिन्छ। खाना मात्र भएर हुँदैन, उपयुक्त खाना हुनुपर्छ। लगाएको वस्त्रमा डेमोक्रेसी हेरिन्छ। फाटेको छ कि ठीकै छ? जाडो छेक्ने छ कि छैन? डेमोक्रेसी नापिंदा जाडो छेक्ने छ कि छैन? त्यो कपडामा पनि नापिन्छ। अब जाडोमा ज्याकेट लगाउन पाउनु पर्छ, जाडोको बेला सिरक ओडेर सुत्न पाउनुपर्छ भन्दा कसको डेमोक्रेसी हुन्छ? यो नेपालीको *डेमोक्रेसी* भनेको हो। अरुको *डेमोक्रेसी*को यहाँ काम छैन। हामीले त्यसभन्दा उन्नत स्तरको *डेमोक्रेसी*को कुरा गरेको हो। यसमा *कन्फ्यूजन* नराखौं। हाम्रो *डेमोक्रेसी कम्प्रिह्यान्सिभ डेमोक्रेसी* हो, त्यसैकारण मैले यो *कम्प्रिह्यान्सिभ* छ र *पिपुल्स डेमोक्रेसी* भनेको हो। जनताको जिविकासँग सम्पूर्ण पक्षमा यसले सरोकार राख्छ। सामाजिक न्याय र समानतासहित राष्ट्रिय उत्पादन वा उपलब्धि वा हाम्रो आम्दानीको समुचित हिस्सा जनताले प्रांप्त गर्नुपर्दछ। सामाजिक न्यायको हक अधिकारदेखि लिएर सुरक्षा र



**संविधान जारी हुँदा कसैले कालो दिवस भनेको थियो भने भूल हो, त्रुटि हो। त्यस्तो भन्नु हुँदै नथ्यो। तपाईं हामीले गरेको भए पनि त्यो गलत काम नै हो। यति लामो संघर्षपछि हामीले प्राप्त गरेको उपलब्धि र हामीले ल्याएको संविधानलाई कालो भन्नु गलत हो। त्यतिबेलाको नाकाबन्दी पो गलत हो।**

सम्मानको जिन्दगी यससँग जोडिएको छ। बोल्न पाए पुगिहाल्यो, अरु अधिकार किन चाहियो ? यो सबै अधिकार जनतालाई दिने चिज कसरी हुन्छ भनेर किन हामी बर्गेलिने ? किन हामी भड्किने ? भड्किनै पर्दैन। यो जनताको सरकार हो, त्यसकारण सडक बालबालिकालाई यसले आवासमा पुऱ्याउँछ, गासमा पुऱ्याउँछ, बासमा पुऱ्याउँछ र शिक्षालयमा पुऱ्याउँछ। यो *डेमोक्रेसी* त्यो हो। जनताको डेमोक्रेसी, जनताको सरकार भनेको त्यो हो, त्यो हेरिन्छ र त्यो गरिन्छ।

अरु कुनै देशको सेना बोल्यो भन्दैमा वादप्रतिवाद गर्ने नपाली सेनाको काम होइन। कुनै देशले सेना बोल्न लगाउँछ भने पनि त्यो उपयुक्त होइन। हामीले आफ्नो ठाउँबाट जवाफ दिन्छौं। हामीले सवालजवाफमा प्रतिस्पर्धी हुन जरुरी छैन। हामी हाम्रो काममा, हाम्रो उद्देश्यमा दृढ छौं र हामीलाई यदि कसैले अरुले उकासेकोजस्ता शब्दहरू प्रयोग गर्छ भने त्यो नेपालीलाई राष्ट्रियतामा अन्डरमाइन्ड गरिएको कुरा हो। अवमूल्यन गरिएको कुरा हो। हेपिएको कुरा हो। हामी त्यसलाई उचित ठान्दैनौं, त्यसलाई अस्वीकार गर्दछौं र त्यसलाई खारेज गर्दछौं। त्यो किमार्थ उपयुक्त होइन। नेपाल, यस्तो एउटा राष्ट्र हो, विश्वलाई थाहा छ, विश्वमा १९ वटा राष्ट्र मात्रै गुलाम भएनन्। गुलाम नभएका तिनै १९ राष्ट्रमध्ये एउटा राष्ट्र–नेपाल रहेको इतिहास छ। अरुको गुलामी नस्वीकार्ने, बरु ज्यानको बाजी राखेर लड्न तयार हुने, ब्रिटिसको प्रवेशलाई विशाल चीनले रोक्न सकेन।

विशाल भारतले रोक्न सकेन, तर सानो नेपालले रोक्यो। नेपालसँग तोप गोला, बम केही थिएनन्। खुकुरी नामको एउटा चक्कूको भरमा आफ्नो स्वाभिमान रक्षा गर्ने नेपालीको बहादुरीले रोक्यो। यस्तो देशलाई अर्काको उक्साहटमा, अर्काले भनेर गरेको भनी अपमान गर्नु भनेको इतिहास नबुझ्नु हो। अर्काको गौरवमाथि हमला बोल्नु हो। हाम्रो गौरव नचिन्नु हो। यस कुरालाई हामी सहंदैनौं।

संविधान जारी हुँदा कसैले कालो दिवस भनेको थियो भने भूल हो, त्रुटि हो। त्यस्तो भन्नु हुँदैनथ्यो। तपाईं हामीले गरेको भए पनि त्यो गलत काम नै हो। यति लामो संघर्षपछि हामीले प्राप्त गरेको उपलब्धि र हामीले ल्याएको संविधानलाई कालो भन्नु गलत हो। त्यतिबेलाको नाकाबन्दी पो गलत हो। संविधान जारी भएको दिनलाई त्यतिबेला कालो दिवस भन्नु गलत हो। अहिले पनि कालो दिवसआदि भन्नु गलत हो। यो संविधान लोकतान्त्रिक संविधान हो। ठूलो बलिदान र संघर्षबाट प्राप्त संविधान हो। त्यसकारण कसैले बेठीक बुझ्यो र अर्धेल्याईं गऱ्यो भनेर त्यसको पछाडि त मुलुक कुद्न सक्दैन। संविधानमा आवश्यकताअनुसार संशोधन हुन्छ, असंशोधनीय चिज यो होइन। तर औचित्य र आवश्यकताको आधारमा मात्रै हुन्छ। यत्तिकै संविधान संशोधन गर्ने भन्ने हुँदैन। यसपल्ट संविधान संशोधन गर्न परेको हाम्रो भूभाग, जो मिचिएको थियो, त्यसलाई समावेश गरेर जुन नक्सा पारित गरेका छौं, त्यो नक्सा हाम्रो लोगोमा हुनुपऱ्यो र हाम्रो निशान छापमा हुनुपऱ्यो। हाम्रो पुस्तकमा हुनुपऱ्यो, हामीले केटाकेटीलाई पढाउने पाठ्यपुस्तकमा हुनुपऱ्यो। त्यसका लागि संविधानले देशको नक्सा चिन्नुपऱ्यो र त्यसबाट निर्देशित हुनुपऱ्यो। त्यससँग आबद्ध हुनुपऱ्यो। तसर्थः संविधान संशोधन प्रस्ताव यस प्रयोजनका लागि ल्याउने हो। अरु कुराहरू यसमा मिसाइँदैन। अरु कतिपय जायज कुराहरू छन् भने, मर्का परेका कुरा छन् भने क्षेत्र, जाति समुदाय कसैलाई पनि मर्का परेको कुरा छ भने यो त सिंगै नेपालको संविधान हो र सिंगै नेपालीहरूको संविधान हो। नेपालीहरूको हकहितका लागि यदि नेपालीहरू कुनै प्रकारको हकबाट बञ्चित छन्, कुनै प्रकारको अवसरबाट बञ्चित छन्। अधिकारका कुनै पक्षमा बञ्चित छन् भने वा समानताको हक प्राप्त गर्नबाट बञ्चित छन् भने संविधान संशोधन गर्नुपर्छ र संविधान संशोधन हुन्छ, तर उपयुक्त समयमा



**मैले आफूसँग भएको मेरै सम्पत्तिसमेत राज्यलाई दान गरिसकेको छु। केही पनि सम्पत्ति अब मसँग छैन। प्रधानमन्त्री भएको हुनाले जे आउँछ, त्यति मात्रै हो। यो पद गएको दिन सकियो। एक वर्षपछि बृद्धभत्ता आउँछ। त्यतिचाहिँ समयमै बुद्धि पुऱ्याइएछ र ढुक्क छ। अरु जसको सम्पत्ति छैन, भएको सम्पत्ति दान गरेको छ, उसले के भ्रष्टाचार गर्छ? किन गर्छ? कसका लागि गर्छ?**

हामी छलफल गरेर यस ठाउँमा गर्नुपर्छ भनेर निश्चय गरेर गर्नुपर्छ। तर, एउटा कुरा म फेरि दोहोऱ्याउँछु, त्यसो भनेर संविधान जारी हुनु कालो कदम, संविधान जारी भएको दिन कालो दिवस, संविधान कालो दस्तावेज भन्नु गलत कुरा हो। यो एउटा जमानामा भनिएछ, एउटा सेन्टिमेन्ट वा जेसुकैमा भनिएछ भने पनि त्यसलाई अब छोड्नु पर्छ भन्ने माननीयजीहरूमा मेरो आग्रह छ। अब छोड्नु पर्छ, यति साह्रो बेठीक अभिव्यक्ति दिन मिल्दैन र सुहाउँदैन।

रामराजाप्रसाद सिंह मेडिकल कलेजको जुन कुरा उठेको छ, त्यो मैले नै क्याबिनेटबाट सुरु गराएको हुँ। अहिले नयाँ मेडिकल कलेज सुरु गर्नका लागि हामीलाई कति पैसा पुग्छ? किनभने, हामी कोभिड-१९ का विरुद्ध लडिराखेका छौं। तर म के आश्वस्त गर्न चाहन्छु भने रामराजाप्रसाद सिंह मेडिकल कलेज स्थापना गर्ने हो, बनाउने हो र हामी त्यसको छिट्टै शुभारम्भ गर्छौं। यसमा ढुक्क हुनुभए हुन्छ।

नीतिगत भ्रष्टाचार भएको छ, हुन्छ भन्ने होइन। सबै नेपाली जनतालाई थाहा छ भनेर भन्नु भयो। कुनकुन जनतालाई थाहा छ कुन्नि? त्यो मैले देखेको छैन। यो एउटा आग्रहपूर्ण अभिव्यक्ति हो। सत्तामा बस्ने सबैले खान्छन् भन्ने अभिव्यक्ति एउटा गलत आग्रह मात्रै हो।

मैले पटकपटक भनेको छु, म भ्रष्टाचार गर्दिनँ र गर्न दिन्नँ। यो नक्कली अभिव्यक्ति होइन। यो किताबका माछा नखाने, खोलाका मात्रै खाने भनेजस्तो कुरा होइन। यो दिउँसो टमाटर नखाने, राती लुकेर खाने भनेजस्तो पनि होइन। यो साँचो अभिव्यक्ति हो र यसलाई म कार्यान्वयन गरिरहेको छु र गर्छु। त्यसकारण अहिले नीतिगत भ्रष्टाचार हुँदैन। कहींकतै नीतिगत वा जुनसुकै प्रकारको भ्रष्टाचार गर्न पनि दिन्नँ।

मैले आफूसँग भएको मेरै सम्पत्तिसमेत राज्यलाई दान गरिसकेको छु। केही पनि सम्पत्ति अब मसँग छैन। प्रधानमन्त्री भएको हुनाले जे आउँछ, त्यति मात्रै हो। यो पद गएको दिन सकियो। एक वर्षपछि बृद्धभत्ता आउँछ। त्यतिचाहिँ समयमै बुद्धि पुऱ्याइएछ र ढुक्क छ। अरु जसको सम्पत्ति छैन, भएको सम्पत्ति दान गरेको छ, उसले के भ्रष्टाचार गर्छ ? किन गर्छ ? कसका लागि गर्छ ? भ्रष्टाचार नगर्ने कोही हुँदैन भन्ने प्रकारको जुन प्रचारबाजी छ, त्यसको भ्रम छाडिदिउँ। यो देशमा भ्रष्टाचार नगर्ने धेरै मान्छे छन्, थुप्रै मान्छे छन् र गर्दैनन्। मलाई विश्वास छ, यहाँ भएका कोही पनि भ्रंष्टाचार गर्नुपर्छ भन्ने मान्यता राख्नुहुन्न होला। राख्नुहुन्छ र कसैले ? कोही भ्रष्टाचार गर्न तयार छैन। कोही भ्रष्टाचार गर्न मान्दैन। यदि कसैले झूठ बोलेछ र छक्याएर गर्न खोज्यो भने कारबाहीमा परिहाल्छ। त्यसकारण जसले पनि भ्रष्टाचार नगरी छाड्दैन भन्ने जुन धारणा बनाउन खोजिएको छ, त्यो गलत हो। केही भ्रष्ट हुन्छन्। आम रूपमा नेपाली इमान्दार जनता हो, भ्रष्ट जनता होइन। आम रूपमा जनप्रतिनिधिहरू इमान्दार जनप्रतिनिधि हुन्, भ्रष्ट जनप्रतिनिधि होइनन्। सबै जनप्रतिनिधि भ्रष्ट, सबै प्रशासक भ्रष्ट भन्ने जुन धारणा बनाउने कोशिस छ, त्यो एकदमै गलत हो।

नेपाली सेनालाई पटकपटक विवादमा तान्न खोज्ने, बदनाम गर्न खोज्ने, व्यापारिक सेना भयो भन्नेजस्ता कुरा उठाउने गरिएको छ। सेनालाई आफ्ना बुट आफैँ उत्पादन गर्न लगाउनु पर्छ। म त्यो काम गर्न लगाउँदै छु। आफ्नो ड्रेस आफैँ उत्पादन गर्न लगाउनु पर्छ। हरेक ठाउँमा हामी आत्मनिर्भरताको बाटोतिर जानुपर्छ। अनि थपक्क बुट किन्न छोडेर आफै उत्पादन किन गर्ने ?, पौष्टिक बिस्कुट भनेर बीस, पच्चीस करोड उडाउने गरिएको थियो। मैले सेनालाई भनेँ के बिस्कुट किनिराखेको ? पाउरोटी,



**राष्ट्रका ताकतमध्ये सेना पनि एउटा ताकत हो। त्यसलाई बद्नाम गर्ने, त्यसलाई जनताबाट *डिट्याच* गर्ने, त्यसलाई विभिन्न ढंगको आरोप लगाउने, त्यसको *मोरल डाउन* गर्ने प्रकारका कुराहरू र उसले देश विदेशमा गएर जसरी उदाहरणीय काम गरेको छ, त्यसलाई *अन्डर माइन्ड* गर्ने खालका कुराहरू उचित होइनन्।**

केक आफैँ बनाउँ न ! पन्ध्र दिन तालीम लिँदा हुने कुरा हो। कमसेकम सेनाले आफैँ ओभनमा यसो सेकाएपछि फुक्क भइहाल्छ,। त्योभन्दा पौष्टिक के हुन्छ? कहिले बनाएको, कहाँबाट ल्याएको, कसले ओसारेको बेकारको त्यस्तो बिस्कुट के किनिराख्नु ? आफैँ बनाएर खानु राम्रो भनेपछि अब सेना अलिक बलियो पनि भएको छ र तागतिलो पनि भएको छ। सेनाले पौष्टिक बिस्कुट खान छाड्यो, आफैँले बनाएको केक खान्छ। अनि व्यापारमा लाग्यो भन्ने ? जबकि व्यापार बन्द गऱ्यो र बिस्कुट किन्न छाडेको छ! किन्न छोडेर आफैँ बनाउन थाल्यो। बुट आफैँ बनाउने, जुत्ता आफैँ बनाउने, कपडा आफैँ बनाउने? किनभने सेनाको सधैँ त काम हुँदैन। अहिले कोरोना छ र अलिक बढी काम भएको छ। ब्यारेकमा खाली बसेको हुन्छ भने त्यसबेला थुप्रै काम गर्न सक्छ। आफ्नो काम आफैँ गर्न किन नहुने ? आफ्ना लागि काम गर्न किन नहुने ? अरुले तलब जोड्छ, उसले तलब जोड्दैन र उत्पादन गर्छ। अनि, व्यापारमा लाग्यो, कसो गऱ्यो र कता लाग्यो भनिदिने ?, त्यो हिजोको कुरा हो। प्रक्युरमेन्ट खुब चल्थ्यो, अहिले सेनामा त्यस्तो छैन। मैले आफैँ पनि त्यसलाई राम्ररी हेरेको छु। त्यसकारण नेपाली सेना व्यापारमा लाग्यो, यो भयो, त्यो भयो भनेर जसरी पनि नेपाली सेनालाई बद्नाम गर्ने, जुन गरिएको छ, यो नेपाल राष्ट्रलाई कमजोर पार्नका लागि चलाइएको हल्ला हो। राष्ट्रका ताकतहरूमध्ये सेना पनि एउटा ताकत हो। त्यसलाई बद्नाम गर्ने, त्यसलाई जनताबाट *डिट्याच* गर्ने, त्यसलाई विभिन्न ढंगको आरोप लगाउने, त्यसको *मोरल डाउन* गर्ने

प्रकारका कुराहरू र उसले देश विदेशमा गएर जसरी उदाहरणीय काम गरेको छ, त्यसलाई *अन्डरमाइन्ड* गर्ने खालका कुराहरू उचित होइनन्।

हरेक ठाउँमा जहाँ प्राकृतिक विपत्ति पर्छ, बाढी आउँछ भने आफू बगेर सेनाले जनता बचाउँछ। आगलागी भयो भने, रामेछापमा ११ जना अरुलाई बचाउन जाँदा सैनिकहरू जलेर मरे। प्राकृतिक विपत्ति पर्‍यो भने सेना नै अग्रस्थानमा हुन्छ। अहिले कोरोना लागेको मान्छे लिन चीन जान अरु तयार भएनन्, सेना जानु पर्‍यो। ऊ हरदम तयार हुन्छ। हिजो धुलिखेलमा बितेको महिलालाई सद्गत गर्न, छुन कोही तयार भएन। नेपाली सेनाले मैले गर्छु भन्यो र दुईजना स्काउट र सेनाले हामी गर्छौं भने। हाम्रो कर्तव्य हो भने र गरे। अप्ठ्यारो र असहज अवस्थामा खोलामा हाम फाल्नु पर्‍यो भने अरुले हाम फाल्दैनन्, तालीमप्राप्त मान्छे र सेनाले हाम फाल्छ। सशस्त्र प्रहरीले हाम फाल्छ, नेपाल प्रहरीले हाम फाल्छ। आगो लागेको ठाउँमा निभाउन पहिले तिनीहरू पुग्छन्। मान्छे बगाइराखेको ठाउँमा गएर तिनीहरूले निकाल्छन्। *ट्रोनाडो* हुरी आउँदा तुरुन्त घर बनाएर ८ सय ६९ वटा जनालाई सेनाले नै सुम्पियो। अरुले भए यति छिटो सक्दैनथे। मैले हेरेको छु ३ हजार सिटको एउटा अस्थायी सभागृह यहाँ बनाउने भनेको दुईवर्ष भयो, जग हालेको छ कि छैन कुन्नि ? जगसम्म हालेको छ होला ? त्यो पनि थाहा छैन। दुईवर्ष भयो यो सरकारी काम, तर अत्तोपत्तो छैन। लुम्बिनीमा बुद्धको जन्म दिवसका दिन एक वर्ष म गएको थिएँ, हावाले त्रिपालको हल उडाइदियो। त्यसपछि दुई बर्षअघि म प्रधानमन्त्री हुने बितिक्कै तीन हजार क्षमताको एउटा अस्थायी हल बनाइहाल्ने भनेर मैले बनाउन लगाएँ। सेनाले ३७ दिनमा बनायो, जो दुईचार र दश वर्षसम्म सहजै चल्छ। अर्को पाँच हजार क्षमताको सभाहल तयार भइसक्यो, ध्यान केन्द्र तयार भइसक्यो। अब यस वर्षबाट हामी त्यसलाई तयार गर्छौं। हामीसँग पुरानो पनि छँदैछ। हामीले यहाँ पनि त्यस्तै अस्थायी हल बनाउन खोजेको हो। सेनालाई दिने हो भने त्यो ३७ दिनमा तयार हुन्थ्यो। सेनालाई दिन नमानेर बनाउन खोज्दा दुई वर्षमा केही पनि बनेको छैन। त्यो अस्थायी संरचना बनाउन खोजेको हो। स्थायी त हामी सानोठिमीमा पाँच हजार क्षमताको बनाउँदैछौं। त्यो त सुरु नै भएको छैन। जब दुई वर्षमा हुने काम दुई वर्षसम्म सुरु नै हुन सक्दैन, बढीमा डेढ महिनामा हुने काम दुई वर्षमा



**अतिक्रमित भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानी हाम्रो हो, हामी फिर्ता लिएर छाड्छौं। त्यस निम्ति हामीले प्रयास अगाडि बढाइराखेका छौं। म साथीहरूलाई आश्वस्त पार्न चाहन्छु।**

बल्ल जग हालिन्छ ! त्यसो भएर कतिपय छिटो गर्नैपर्ने काम सेनाले गरेको छ। पहरामा जहाँ बाँदर जान सक्दैन, त्यहाँ सेना गएर बाटो बनाएको छ। अहिले दार्चुलामा ८७ किलोमिटर बाटो हामीले सेनालाई बनाउन दिएका छौं। किनभने यस्तो चट्टानी पहरो छ, जहाँ अरु जानै सक्दैनन्। सेना कम्मरमा डोरी बाँधेर जान्छ। कतिपय डुबेर मर्छन्, कतिपय लडेर मर्छन्, कतिपय के भएर मर्छन्। ज्यान जोखिममा राखेर राष्ट्र निर्माणको काममा लाग्छन्। बेठीक काम गऱ्यो भने पो त्यसको आलोचना गर्नुपर्छ। राम्रो काम गरिरहँदा पनि आलोचना गर्ने ? अनेक प्रकारका स्वार्थहरूको सम्बाहक भएका कतिपय सञ्चार माध्यमहरूले यस्ता कुराहरूलाई उछालेका छन्। कतिपय व्यापारिक घरानाहरूका स्वार्थ पूरा हुँदैनन्। उनीहरूको सामान सेनाले किन्दैन, आफैँ बनाएर आफैँ आफ्नो जीविका चलाइदिन्छ। त्यसो भएपछि सेनाका विरुद्ध हाम्रो सामान नकिनेर किन आफैँ बनाउन थालिस् भन्दै निहुँ खोज्न थाल्छन्। विभिन्न व्यापारिक गुटहरूका, स्वार्थहरूका पछाडि हामी कुद्नु हुँदैन, मेरो साथीहरूलाई आग्रह छ।

अतिक्रमित भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानी हाम्रो हो, हामी फिर्ता लिएर छाड्छौं। त्यस निम्ति हामीले प्रयास अगाडि बढाइराखेका छौं। म साथीहरूलाई आश्वस्त पार्न चाहन्छु। नक्सा पनि हामीले निकालेका छौं। कतिपय साथीहरूमा अलिक सजिलो छैन भन्ने परेको छ। यो सजिलो काम होइन। सजिलो अवश्य छैन। सजिलो भए त अघिल्ला अघिल्ला

सरकारहरूले पनि गरिहाल्थे। यो गाह्रो काम हो। तर यो गाह्रो काम भए पनि हुन्छ, गरिन्छ। र, यो सरकारको तीनवर्ष अवधि बाँकी छ, यसै तीनवर्षभित्र आफ्नो भूमि फिर्ता ल्याइसकिन्छ भन्ने मलाई लाग्छ। म सबै माननीयजीहरूलाई धन्यवाद भन्न चाहन्छु। यो नीति कार्यक्रम बहुत राम्रो छ, यसको स्पिरिट राम्रो छ। प्रतिपक्षको धर्म पनि अधिपछि निभाउँदा हुन्छ। यसमा सहमति त जनाउँदा फरक पर्दैन। त्यसकारण म सबैलाई सहयोग र समर्थनका लागि आग्रह गर्न चाहन्छु।

धन्यवाद !


नेपालको नक्सा
(राजनीतिक तथा प्रशासनिक)
सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
गण्डकी प्रदेश
बागमती प्रदेश
प्रदेश नं १
प्रदेश नं २
प्रदेश नं ५